दर्ता नं.: १/२०५६/५७ पान नं. ५००२२०६५०

"मर्यादित सहकारीः समुन्नत समाज"

आबद्धता NEFSCUN

"आर्थिक समृद्धिका लागि बाराही सहकारी"

# श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि.

# Shree Barahi Saving & Credit Co-operative Society Ltd.

ACCESS BRONZE

Certified By ASSOCIATION OF ASIAN CONFEDERATION OF CREDIT UNIONS

भ.न.पा.-४, भुलाँचा, भक्तपुर । फोनः ०१-६६११३६४

## २६औं वार्षिक साधारण सभा

## वार्षिक प्रगति प्रतिवेदन २०८१/०८२

२०८२ भाद्र २८ गते, शनिबार




## 26th ANNUAL General Meeting -2025

## Progress Report 2024/025

13th sept. 2025, Saturday

www. barahisaccos.com.np

नोटिस बोर्ड सर्भिस : १६१८-०१-६६११३६४

Email: sbarahisaccos@gmail.com

## आठौं कार्यकालका संचालक समितिका पदाधिकारीहरु



**राधेश्याम सुवाल**
अध्यक्ष



**बलराम प्रजापति**
उपाध्यक्ष



**विष्णु प्रसाद सुवाल**
सचिव



**रत्न केशरी सुखुपायो**
कोषाध्यक्ष



**विश्वराम त्वायना**
संचालक सदस्य



**पुनेन्द्र प्रसाद कुसी**
संचालक सदस्य



**कृष्ण प्रजापति**
संचालक सदस्य



**सर्मिला मानन्धर**
संचालक सदस्य



**चञ्चल कर्माचार्य**
संचालक सदस्य



**पुर्ण प्रसाद दुवाल**
संचालक सदस्य



**सृजन ग्वाछा**
संचालक सदस्य

## आठौं कार्यकालका लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरु



**बाल कृष्ण नागा**
संयोजक



**शिव राम मानन्धर**
सदस्य



**लक्ष्मी जाकिवन्जार**
सदस्य

### कार्यकारीणी उप-समिति

राधेश्याम सुवाल - अध्यक्ष
बलराम प्रजापति - उपाध्यक्ष
विष्णु प्रसाद सुवाल - सचिव
रत्न केशरी सुखुपायो - कोषाध्यक्ष
विश्वराम त्वायना - संचालक

### वित्तीय उप-समिति

रत्न केशरी सुखुपायो - संयोजक
विष्णु प्रसाद सुवाल - सदस्य
विश्वराम त्वायना - सदस्य

### पदपूर्ति उप-समिति

विष्णु प्रसाद सुवाल - संयोजक
चञ्चल कर्माचार्य - सदस्य
शिवजी हाकुदुवाल - सदस्य

"आर्थिक समृद्धिका लागि बाराही सहकारी"

# श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि.

## Shree Barahi Saving & Credit Co-operative Society Ltd.

ACCESS BRONZE

भुलाँचा-४,भक्तपुर, ६६११३६४

पत्र सं. : २१/२०८२/०८३ मिति : २०८२/०४/२३ गते

## २६ औं वार्षिक साधारण सभामा उपस्थित हुने सम्बन्धी सूचना ।

उपर्युक्त सम्बन्धमा यस संस्थाको संचालक समितिको मिति २०८२ श्रावण २२ गतेको निर्णय अनुसार देहायका प्रस्तावित विषयहरु माथि छलफल गरी निर्णय गर्न निम्न मिति, समय र स्थानमा संस्थाको **२६ औं वार्षिक साधारण सभा** हुने भएकोले सम्पुर्ण सदस्य महानुभावहरु अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ ।

**छलफलका विषयहरु**

१. आ.व. २०८१/०८२ को वार्षिक प्रगति प्रतिवेदन पारित सम्बन्धमा ।
२. आ.व. २०८१/०८२ को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन पारित सम्बन्धमा ।
३. आ.व. २०८१/०८२ को लेखापरीक्षण एस भण्डारी एण्ड एसोसिएट्सबाट गराउने सञ्चालक समितिको निर्णय अनुमोदन सम्बन्धमा ।
४ आ.व. २०८१/०८२ को आर्थिक कारोबार, नाफा नोक्सान तथा वासलात हिसाब पारित सम्बन्धमा ।
५. आ.व. २०८१/०८२ को शेयर लाभांश र संरक्षित पूँजी फिर्ता कोष वितरण सम्बन्धमा ।
६. चालु आ.व. २०८२/०८३ को लागि बाह्य लेखापरीक्षक नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण सम्बन्धमा ।
७. चालु आ.व. २०८२/०८३ को अनुमानित श्रोत तथा उपयोग र आय-व्यय बजेट कार्यक्रम पारित सम्बन्धमा ।
८. आ.व. २०८१/०८२ को सामाजिक परीक्षणको प्रतिवेदन पारित सम्बन्धमा
९. आ.व. २०८१/०८२ मा संचालक समिति र उपसमितिहरुबाट भए गरेका निर्णयहरु अनुमोदन सम्बन्धमा ।
१०. आठौं, चार वर्षे (आ.व. २०८२/०८३ देखि आ.व. २०८५/०८६) को व्यवसायिक योजना पारित सम्बन्धमा ।
११. विनियम संशोधन सम्बन्धमा ।
१२. संस्थाको विनियम-२०५६ पुनर्लेखन सम्बन्धमा ।
१३. संस्थाको विभिन्न आन्तरिक नीति नियमहरु संशोधन तथा परिमार्जन प्रस्ताव पारित तथा अनुमोदन सम्बन्धमा ।
१४. संस्था एकिकरण सम्बन्धमा ।
१५. साधारण सभाको निर्णय पुस्तिका प्रमाणिकरणका लागि सदस्य प्रतिनिधिहरु चयन गर्ने सम्बन्धमा ।
१६. विविध ।

**कार्यक्रम**

| | |
|---|---|
| मिति | : २०८२ भदौ २८ गते, शनिवार |
| स्थान | : शुभकामना पार्टी प्यालेस, भक्तपुर |
| उपस्थिति समय | : बिहान १०:३०-३:०० बजेसम्म |
| मुख्य सेसन समय | : बिहान १०:३०-१:०० बजेसम्म |
| उद्घाटन समय | : दिउँसो १:००-३:०० बजेसम्म |

**पुनश्च :**

१. साधारण सभामा सदस्यहरुबाट कुनै सुझाव पेश गर्नुपर्ने भएमा २०८२ भाद्र २० गते भित्र प्रस्ताव पेश गर्नुहुन अनुरोध गर्दछ ।
२. नियमित बचत अनिवार्य हुनुपर्नेछ । नियमित बचत नभएका सदस्यहरुले साधारण सभा अगावै नियमित बचत गरिदिनु हुन अनुरोध गर्दछ ।
३. ऋणको सांवा ब्याज असारसम्म अनिवार्य चुक्ता हुनुपर्नेछ । चुक्ता गर्न बांकी ऋणी सदस्यहरुले साधारण सभा अगावै ऋणको सांवा ब्याज चुक्ता गरिदिनु हुन अनुरोध गर्दछ ।
४. साधारण सभामा अनिवार्य रुपमा परिचय पत्र वा पासबुकको साथ स्वयम् अनिर्वाय उपस्थित हुनुपर्ने ।
५. परिचय पत्र नभएमा मिति २०८२/०५/२० गते भित्र संस्थामा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।
६. २०८१ सालको एस. ई. ई. दिएका सदस्य तथा सदस्यका छोराछोरीहरुलाई सम्मान तथा पुरस्कार दिईने हुनाले आवश्यक कागजपत्रहरु २०८२ भाद्र १५ गते भित्र संस्थामा बुझाउनु हुन अनुरोध गरिन्छ ।
७. संस्थाको वार्षिक प्रतिवेदन आधिकारीक वेवसाईट www.barahisaccos.com.np र फेसबुक पेज Barahi Saccos बाट २०८२ भाद्र १५ गते देखि डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।
८. उल्लेखित नियमित बचत र ऋणको ब्याज भुक्तानी नगर्ने सदस्यहरुको हकमा संस्थाबाट साधारण सभामा दिइने सुविधा प्रदान गरिने छैन ।

विष्णु प्रसाद सुवाल
सचिव

सुरक्षित साकोस र समुन्नत समाजका लागी सहकार्य

स.वि.द.नं. : ३२९-०५०/५१
स्थायी लेखा नं. : ३०३४०३०५४

नेफस्कून
नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.

आवद्धता

श्री अध्यक्षज्यू
श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि.
भ.न.पा-४ भुलाँचा, भक्तपुर



# शुभकामना

यस संघमा आबद्ध **श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि.**को **२६औं** वार्षिक साधारणसभाको अवसरमा प्रकाशित **"वार्षिक प्रतिवेदन"** मा संघको तर्फबाट शुभकामना व्यक्त गर्दै संस्था सहकारी सञ्चालनका सार्वभौम मूल्य, मान्यता र सिद्धान्तलाई आत्मसात गरी नीति, विधि र प्रविधिको प्रधानता भित्र सदस्य केन्द्रित भई सुसञ्चालनमा रहेको छ भन्ने पूर्ण विश्वासका साथ हार्दिक बधाई ज्ञापन गर्दछु ।

संस्थाको **२६औं** वार्षिक साधारणसभाबाट सदस्य र समुदायमा उद्यमशिलता विकास तथा व्यवसाय पुनरुत्थान मार्फत सदस्यको आर्थिक जीवनमा सहजीकरण गर्न उपयुक्त मार्गदर्शन प्राप्तहोस्, संघको तर्फबाट साधारणसभा पूर्ण सफलताको शुभकामना सहित सम्पूर्ण सञ्चालक तथा शेयर सदस्यहरुलाई हार्दिक शुभकामना ।

सदस्यहरूबीच वित्तीय कारोबार गर्ने यस बचत तथा ऋण सहकारी संस्थाले वित्त परिचालनमा निहित जोखिमको संवेदनशीलतालाई आत्मबोध गर्दै वित्तीय सुशासन र गुणस्तरीय सेवा सहित दिगो साकोस निर्माण मार्फत सदस्यको जीवनस्तर सुधारमा प्रतिवद्धताका साथ अगाडि बढ्न संघको तर्फबाट शुभेच्छा व्यक्त गर्दछु ।

हामी साकोस अभियानको चरणबद्ध विकासका कार्यमा योजनाबद्ध रुपमा लागिपरेका छौं । विद्युतीय वित्त प्रणाली, स्तरीकरण र स्थिरीकरण कोषको प्रभावकारी सञ्चालनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रणनीतिक साझेदारी सहित अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार र सफल अभ्यासहरुलाई नेपालको साकोस अभियानमा अवलम्बन गर्न प्रयत्नशील छौं । "स्वस्थ र सुरक्षित साकोसहरुको जवाफदेही एकीकृत सञ्जाल" भन्ने नेफस्कूनको परिकल्पना पूरा गर्न सद्भावपूर्ण सहकार्यको अपेक्षा गर्दै स्थानीयस्तरबाट समेत सुशासित साकोस अभियान निर्माणमा पहलकदमीको लागि अनुरोध सहित साकोसको उत्तरोत्तर प्रगतिका लागि पुनः हार्दिक शुभकामना व्यक्त गर्दछु ।

मितिः २०८२/०५/०३

चन्द्र प्रसाद ढकाल
अध्यक्ष

नयाँ बानेश्वर, काठमाडौं, नेपाल
पो.ब.नं. : ९१६९, फोन नं. : +९७७-१-४७९१९६३, ४७९०२०१, ४७९३०७१, ४७९४५६९, इमेल : nefscun@nefscun.org.np
www.nefscun.org.np

दर्ता नं. बागमती ०००२
पान नं. ६१४९९०३७७

"सक्षम र पूर्ण सेवाका लागि समर्पित उत्कृष्ट वित्तीय सहकारी सञ्जाल"

आवद्धता

बागमती प्रोस्कून
बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि.
Bagmati Province Federation of Saving and Credit Co-operative Union Ltd.
केन्द्रीय कार्यालयः बनेपा नगरपालिका-७, काभ्रेपलाञ्चोक

मिति : २०८२/०५/०४
प.सं. : २०८२/०८३
च.नं. : ५७

श्रीमान अध्यक्षज्यू,
श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि.
भक्तपुर न.पा-४, भक्तपुर

हार्दिक शुभकामना

यस बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि.को सदस्य संस्था **श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि** को आफ्नो गौरवमय २६ औं वार्षिक साधारण सभाको अवसरमा शुभकामना व्यक्त गर्न पाउँदा हामी अत्यन्त हर्षित भएका छौं ।

**श्री बाराही बचत तथा ऋण सहकारी संस्था** भक्तपुर जिल्लाको पर्यटकीय नगरी भक्तपुरमा स्थापित भई सक्रिय सदस्य केन्द्रीत सहकारी संस्था हो । भक्तपुर जिल्लाको भक्तपुर नगरपालिकालाई मुख्य आधार बनाई सक्रिय सञ्चालनमा रहेको यस संस्थाले आफ्नो कार्यक्षेत्र भित्रका अधिकतम सदस्यहरुलाई सहकारीमा आवद्ध गराई वित्तीय पहुँच अभिवृद्धिमा संस्थाले खेलेको भूमिका प्रति यस बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. कृतज्ञता व्यक्त गर्दछ । आफ्नो समुदायलाई विश्वासमा लिई सामूहिक भावनाले आफुलाई सुशासित ढंगबाट सञ्चालन गरेको यस संस्थाले बचत तथा ऋण सहकारी अभियानमा खेलेको भूमिका सह्रानिय रहेको छ ।

आगामी दिनमा संस्थाले सदस्यहरुको बचतको सुरक्षाको लागि थप रणनीतिहरुको विकास गर्दै, वित्तीय सुरक्षा, संचालन प्रकृयाको प्रभाकारितामा वृद्धि, सञ्जालहरुको सहाकार्यमा विशेष जोड दिँदै सदस्य सेवाको स्तरलाई अझै सुध्रिढ बनाउँदै अभियानको अनुसरण योग्य संस्थाको वर्तमान छविलाई अझै विकास गर्दै जानका लागि यस वार्षिकोत्सवले थप हौसला प्रदान गरोस भन्ने कामना गर्दछौं ।

अन्तमा, संस्थालाई वर्तमान अवस्थासम्म ल्याउनका लागि अथक मेहनत गर्ने सहकारी अभियान्तहरुमा संघको तर्फबाट हार्दिक आभार व्यक्त गदै वर्तमान संचालक समिति तथा लेखा सुपरीवेक्षण समितिको पूर्ण सफल कार्यकालका लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

मिति : २०८२ भाद्र ०४ गते बुधवार

उद्धव सापकोटा
अध्यक्ष

द.नं.: ९०/०६१/६२
स्थायी लेखा नं. : ३०१८९२६२३

'दिगो सहकारी विकासका लागि संघ'

आबद्धता
NEFSCUN

# भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.
Bhaktapur District Saving & Credit Co-operative Union Ltd.

प.च.नं. : १०६/२०८२/०८३

मिति : २०८२/०५/०३



## सन्देश

सहकारीलाई नेपालको संविधान, २०७२ ले तीन खम्बे अर्थनीतिको एउटा महत्वपूर्ण खम्बाको रुपमा स्विकारिएको छ । सहकारी संघ/संस्थाहरुले स्वायत्तता र स्वतन्त्रताको सिद्धान्त बमोजिम आफ्नो कार्यक्षेत्र भित्र रही समाजमा उल्लेखनीय कार्यहरु गरेका छन् । सहकारी क्षेत्र सदस्यहरुको आर्थिक, सामाजिक तथा साँस्कृतिक उन्नयन गर्ने समुदायमा आधारित सामूहिक व्यवसाय हो । 'एकका लागि सबै, सबैका लागि एक' सहकारीको नारा अनुसार न्यून आयश्रोत भएका व्यक्तिहरु एकआपसमा मिली वृहत काम गर्न सकिन्छ । पुँजीको आधारमा नभई व्यक्तिका आधारमा अधिकार पाउने सहकारी क्षेत्र नै हो ।

सामाजिक तथा आर्थिक विकासमा टेवा पुऱ्याइरहेको सहकारी क्षेत्रमा केही गलत प्रवृत्तिका व्यक्तिहरुले प्रवेश पाएको छ । सहकारी भनेको सदस्य र समाजका लागि हुनुपर्नेमा सञ्चालकहरुले बचत रकम दुरुपयोग गर्नाले त्यस्ता सहकारी संस्थाहरु समस्यामा छन् र बचतकर्ताहरुको रकम जोखिममा पारेका छन् । राज्यले समयमा ध्यान पुऱ्याउन नसकेता पनि सहकारी क्षेत्रमा देखापरेका समस्या समाधान गर्न पटक पटक आयोग, कार्यदलहरु गठन गरेको छ ।

हाल सहकारी ऐन संशोधन भइ राष्ट्रिय सहकारी नियमन प्राधिकरण गठन भैसकेको छ । नेपाल राष्ट्र बैंक समेतको निर्देशनमा वित्तीय सहकारी संस्था सञ्चालन हुने व्यवस्था गरिएको छ । यस्तो नयाँ व्यवस्थाले बदमासी गर्नेलाई कार्वाही गरी बचत फिर्ता गराउने व्यवस्था हुनुपर्नेमा समुदायमा आधारित रही सञ्चालित सहकारी संघ/संस्थालाई संकुचन ल्याउन खोजिएको छ । यसमा हाम्रो आपत्ति छ ।

जुनसुकै अवस्थामा पनि समुदायमा आधारित सहकारी संघ/संस्थाहरु सदस्य र समाजको हितमा कार्य गर्दै जानुपर्दछ । यसै सन्दर्भमा **श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि.**को २६औं साधारणसभा हुन गइरहेकोमा त्यस सभाको सफलता सहित संस्थाको प्रगतिको शुभकामना व्यक्त गर्दछु साथै सदस्यहरुसँगको जिवन्त सम्वन्धलाई प्रगाढ बनाइ समुदायमा आधारित सहकारी अभियानलाई बलियो बनाउन थप टेवा पुऱ्याउन सकोस् भनी शुभकामना व्यक्त गर्दछु ।

(कृष्णगोविन्द लाखाजू)
अध्यक्ष

Head Office : Suryabinayak-8, Bhaktapur
Tel : 01-6614305, 6614605 E-mail:bktsaccu@gmail.com
Service Centre : Thimi-6, Bhaktapur
Tel : 01-6630868, E-mail:bktsaccuthimi@gmail.com
www.bhaktapurdcu.coop.np

सहकारी संघ संस्थाहरूको प्रवर्द्धन विकास एवं बैंकिङ्ग कारोबारको लागि सहकारी क्षेत्रको एक मात्र बैंक

**National राष्ट्रिय सहकारी बैंक लिमिटेड**
**Co-operative Bank Limited (NCBL)**

(नेपाल राष्ट्र बैंकबाट सीमित बैंकिङ्ग कारोबार गर्न स्वीकृति प्राप्त संस्था)



# शुभकामना

सहकारी संस्था मार्फत सदस्यहरुको आर्थिक,सामाजिक तथा सांस्कृतिक अवस्था सुधारमा सक्रिय भुलाँचा, भक्तपुर, स्थित **श्री बाराही बचत तथा ऋण सहकारी संस्था लिमिटेडले** आफ्नो **"२६औं वार्षिक साधारण सभाको"** अवसरमा **"वार्षिक प्रगति प्रतिवेदन"** प्रकाशन गरी सदस्य एवं सरोकारवाला माझ जानकारीका लागि पुऱ्याउन लागेको थाहा पाउँदा मलाई अत्यन्त खुशी लागेको छ । यस वार्षिक साधारण सभाको अवसरमा म संस्थाका शेयर सदस्य, विभिन्न समिति/उपसमितिहरुका संयोजक तथा सदस्यहरु, सञ्चालक एवम् संस्था परिवारलाई बधाई दिन चाहान्छु ।

सहकारी संस्था खासगरी स्थानीय समुदायको सहभागितामा स्थापना भई बचत परिचालन गर्दै आर्थिक एवम् सामाजिक कार्यका लागि आवश्यक पर्ने वित्तीय खाँचो पूरा गर्न स्थापित भएका हुन्छन । यसको क्रमिक विकासको परिणामस्वरुप स्थानीय श्रम तथा सीपको उपयोग गरी उत्पादन अभिवृद्धि गर्नका लागि पूँजी निर्माणको कार्य पनि यसको कार्यक्षेत्र भित्र पर्दछ । सहकारीका विश्वव्यापी सिद्धान्त, मुल्य र मान्यताहरुलाई स्थानीयकरण गर्दै उपलब्ध रहेको श्रम, सीप, प्रविधि र पूँजीलाई एकत्रित गरी उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धिबाट राष्ट्रिय अर्थतन्त्रमा उल्यख्य मात्रमा योगदान गरिरहेको छ। सहकारी क्षेत्र बहुआयामिक क्षेत्र भएको हुँदा राज्यको आर्थिक तथा सामाजिक विकासका लक्ष्य प्राप्तीका साथै स्थानीय स्तरका आर्थिक सामाजिक समस्याहरुको न्यायोचित समाधान गर्नका लागि सहकारीका मुल्य, मान्यता, निर्देशित सिद्धान्त र प्रयोगहरु सक्षम रहेका छन् । मुलुकले आर्थिक समृद्धि, सामाजिक न्याय तथा गरीवी न्यूनीकरणका लागि तीन खम्बे अर्थनीतिलाई प्राथामिकतामा राखेकाले सहकारी क्षेत्रको महत्व उजागार भएको व्यहोरा सर्व विदितै छ। वर्तमान सरकारको **'समृद्ध नेपाल, सुखी नेपाली'** को दीर्घकालीन सोचलाई पुरा गर्नको लागि सहकारी क्षेत्रको भूमिका पनि महत्वपूर्ण रहेको छ ।

यस सहकारी संस्थाले त्यस क्षेत्रका सदस्यहरुलाई आर्थिक रुपमा सक्षम बनाउन पुऱ्याएको योगदानको प्रशंसा गर्दै नेपालको आर्थिक वृद्धि तथा विकास, बेरोजगारी न्युनिकरण, गरिबी तथा असमानता न्युनिकरण,आयातमा निर्भर अर्थतन्त्रलाई सुधार गर्नको लागि संस्थाले गरेको प्रयास र सहकारी पद्धति मार्फत समुदायलाई संगठित गराई देशको आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपान्तरणमा पुऱ्याएको योगदानको कदर गर्दछु। अन्तमा संस्थाले आर्थिक तथा समाजिक क्षेत्रमा पछि परेका आफ्ना सदस्यहरुलाई गरीबि न्यूनिकरण, लैंगिक समानता ,सामाजिक सद्भाव र विकास कायम गरी देशको समग्र आर्थिक विकास गर्न, रोजगारी सिर्जना गर्न, छरिएर रहेका स-साना पूँजिहरुलाई एकिकृत गरि सदस्यहरुकै संयुक्त सहभागितामा परिचालन गरी सहकारीको राष्ट्रिय तथा अन्र्तराष्ट्रिय सिद्धान्त अनुरुपको गतिविधि सञ्चालन गरी सहकारी अभियानमा अग्रणी स्थान हाँसिल गर्न सफल र सक्षम रहोस् भन्दै **"२६औं वार्षिक साधारण सभा"** पुर्ण सफलताको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

मिति : २०८२/०५/०३

जय सहकारी !!!

महेन्द्र कुमार गिरी
अध्यक्ष

'हाम्रो लक्ष्य: सम्पूर्ण सहकारीको दिगो भविष्य'

केन्द्रीय कार्यालय पुल्चोक, ललितपुर ०१-५१८०१८२ WWW.NCBL.COOP ncbl@ncbl.coop

# २६ औं वार्षिक साधारण सभा – २०८२

## मिति : २०८२ भाद्र २८ गते, शनिबार

**१. मुख्य सेसन (१०:३० बजे देखि १:०० बजे सम्म)**

आसन ग्रहण – संचालक र लेखा सुपरिवेक्षण समिति

क. सभापतिआसन ग्रहण – अध्यक्ष श्री राधेश्याम सुवाल

ख. प्रस्तुतीकरण

वार्षिक प्रगति प्रतिवेदन तथा विनियम एवं
आन्तरिक नीति नियम संशोधन प्रस्ताव – सचिव श्री विष्णु प्रसाद सुवाल

आर्थिक प्रतिवेदन, नाफा नोक्सान तथा वासलात र चालु
आ.व. को अनुमानित आय व्यय तथा स्रोत तथा उपयोग – कोषध्यक्ष श्री रत्नकेशरी सुखुपायो

लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन – संयोजक श्री बालकृष्ण नागा

ग. प्रस्ताव तथा प्रतिवेदन माथि छलफल तथा टिप्पणी

घ. प्रस्ताव पारित तथा अनुमोदन

ङ. साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्न सदस्य प्रतिनिधिहरु छनौट गर्ने ।

च. मुख्य सेसनको समापन – अध्यक्ष राधेश्याम सुवाल

**२. उद्घाटन कार्यक्रम (१:०० बजे देखि ३:०० बजे सम्म)**

आसन ग्रहण

स्वागत मन्तव्य

सभापतित्व चयन – अध्यक्ष श्री राधेश्याम सुवाल

प्रमुख अतिथिज्यू र विशेष अतिथिज्यूबाट पानसमा दिप प्रज्वलन गरी उद्घाटन

अध्यक्षज्यूको मन्तव्य

**शुभकामना मन्तव्यहरु**

अतिथि : प्रारम्भिक सहकारी संस्थाका प्रतिनिधि

अतिथि : राष्ट्रिय सहकारी बैंकका प्रतिनिधि

अतिथि : भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघका प्रतिनिधि

अतिथि : बागमती प्रदेश बचत तथा ऋण सहकारी संघका प्रतिनिधि

**सम्मान तथा पुरस्कार वितरण कार्यक्रम**

अतिथि : भ.न.पा. वडा नं. ४ का वडा अध्यक्ष श्री उपेन्द्र सुवाल

विशेष अतिथि : नेफ्स्कुनका प्रतिनिधि

**सम्मान तथा पुरस्कार वितरण कार्यक्रम**

विशेष अतिथि : भक्तपुर नगरपालिका प्रमुख श्री सुनिल प्रजापति

प्रमुख अतिथि : संस्थाका बयोबृद्ध सदस्य श्री नारां कृष्ण त्यात (सदस्य नं. ९३५)

**सम्मान तथा पुरस्कार वितरण कार्यक्रम**

धन्यवाद ज्ञापन : साधारण सभा मुल तयारी समितिको तर्फबाट

सभा बिसर्जन : सभापतिज्यूबाट

**३. खाजा :- ३ : ०० बजे देखि ३ : १५ बजे सम्म**

**४. डोर प्राईज :- सभामा अन्तिम समयसम्म उपस्थित हुने सदस्यहरू मध्ये २६ जनालाई**

# संस्था व्यवस्थापनका कर्मचारीहरू



**शिवजी हाकुदुवाल**
व्यवस्थापक



**श्रीकृष्ण ख्याजु**
लेखा अधिकृत



**राजमती सुवाल**
वरिष्ठ ऋण सहायक



**कल्पना दुवाल**
वरिष्ठ प्रशासन सहायक



**रामलक्ष्मी प्रजापती**
ऋण सहायक



**कृष्णसुन्दर त्वायना**
कार्यालय सहायक



**अनिता दुवाल**
प्रशासन सहायक



**रेस्मी मुलगुठी**
बचत सहायक



**रस्मी कुसी**
बचत सहायक



**मिनु थुयाजु**
बचत सहायक



**अतुल सुजखु**
बचत सहायक



**अञ्जना बासी**
बचत सहायक



**पुतली मैया तमखु**
व. कार्यालय सहयोगी



**सुरज तमखु**
कार्यालय सहयोगी



**धनमान कार्की**
सेक्यूरिटी गार्ड



**टेक बहादुर सूर्य**
सेक्यूरिटी गार्ड

# श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि.

भुलाँचा-४, भक्तपुर

## २६ औं वार्षिक साधारण सभा - २०८२

# विषय सूची


| क्र.सं. | विषय | पाना नं |
|---|---|---|
| १. | अध्यक्षको मन्तव्य | ९ |
| २. | सञ्चालक समितिको तर्फबाट सचिवको वार्षिक प्रतिवेदन/बजेट | १० |
| ३. | सञ्चालक समितिको तर्फबाट कोषाध्यक्षको आर्थिक प्रतिवेदन | १८ |
| ४. | अनुमानित श्रोत तथा उपयोग विवरण | २२ |
| ५ | अनुमानित आम्दानी, खर्च विवरण | २३ |
| ६. | लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन | २५ |
| ७. | बाह्य लेखापरीक्षण प्रतिवेदन | २९ |
| ८. | वासलात | ५० |
| ९. | नाफा नोक्सान हिसाब | ५१ |
| १०. | नगद प्रवाह विवरण | ५३ |
| ११. | अनुसुचीहरु | ५७ |
| १२. | पर्ल्स | ७८ |
| १३. | सामाजिक परीक्षण प्रतिवेदन | ८१ |
| १४. | संस्थाको २६ वर्षसम्मको वित्तीय विवरण | ८८ |
| १५. | विनियम संशोधन प्रस्ताव | ९३ |
| १६. | ऋण व्यवस्थापन नीति संशोधन प्रस्ताव | ९४ |
| १७. | आठौं व्यवसायिक रणनीतिक योजना | ९५ |
| १८. | संस्थाको विविध गतिविधिहरुको झलक | १०५ |

# अध्यक्षको मन्तव्य



- राधेश्याम सुवाल
अध्यक्ष

संस्थाको २६ औं वार्षिक साधारण सभामा उपस्थित हुनु भएका सम्पुर्ण संस्थाका प्रमुख अतिथि, विशेष अतिथि र अतिथिहरु तथा सदस्यहरुलाई संचालक समिति र व्यक्तिगत तर्फबाट सहकारी नमन व्यक्त गर्दै न्यानो अभिवादन गर्दछु ।

सहकारी ऐन २०४८ लागु भएपछि सहकारी संस्था खोल्ने क्रम बढेको हो । त्यो भन्दा अगाडी नगन्ने संस्थामात्र सहकारीहरु दर्ता भएका थिए । २०४७ सालको प्रजातान्त्रिक व्यवस्थासंगै आर्थिक क्षेत्रमा व्यापकता आएको हो । सहकारी क्षेत्रलाई संविधानको ३ खम्बे अर्थ नीतिसंग जोडिएर हेर्ने गरेको पनि धेरै भयो । देशको ग्राहस्थ उत्पादनमा सहकारीले धेरै योगदान पुऱ्याउन नसके पनि वित्तीय क्षेत्रमा झण्डै १८ प्रतिशत योगदान गरेको सरकारी तथ्याङ्कले देखाएको छ ।

सहकारी संस्था स्वनियममा चल्ने भनेर सैद्धान्तिक मान्यता रही कानुनी व्यवस्था भएपनि, सरकारको नियमकारी निकायहरुले पनि सही अर्थमा ध्यान पुऱ्याउन सकेको थिएन । सहकारी दर्ता गर्ने सम्बन्धीत निकायले संस्था जन्माउने मात्र काम गरियो, तर संस्था कसरी संचालन गरेको छ भनेर हेर्ने खोज्ने काम गरेन, गरेको भए पनि आर्थिक लाभबाट प्रभावित भै नजर अन्दाज गरेको देखिन्छ । त्यस्ता सहकारी संस्थाहरु धेरै अप्ठ्यारोमा परेको देखिन्छ जसले सदस्यहरुको बचत रकम समयमा भुक्तानी गर्न सकेको थिएन । संस्थामा सदस्यहरुको दायित्वको रुपमा बचत संकलन भएको रकमलाई बदनियत ढंगबाट संचालक भनाउदाहरुले उपभोगमा दुरुपयोग गर्यो । व्यक्तिगत रुपमा प्रयोग गरेको त्यस्तो रकम समयमा संस्थामा फर्काउन नसक्दा सदस्यहरुको बचत भुक्तानी गर्न नसकेको हो । कतिपय सहकारी समस्याहरुले व्यक्तिगत वा पारिवारीक ढंगबाट निजी व्यवसाय गरि सहकारीलाई चलायो । नियत बस संस्था डुबायो, व्यक्ति पोस्ने काम गरेकै कारणले त्यस्ता सहकारी संस्थाहरु अप्ठ्यारोमा परेको हो । सहकारी संस्थाबाट बचत कर्ताको बचत फिर्ता नगर्दा सहकारीको बदनाम भयो । एकआध सहकारी बदनाम हुँदा नेपालमा रहेका हजारौं सहकारीलाई नकारात्मक तवरबाट हेर्न थालियो । संचालन भएका सहकारी संस्थाहरुलाई पनि झन विगार्ने काम भयो । बदमास सहकारी संस्थाहरुलाई नियन्त्रण गर्ने नाममा राम्रो सहकारी संस्थाहरुलाई नराम्रो नजरबाट हेरि बुझि सहकारी सिद्धान्त मुल्य मान्यता विपरित नियन्त्रण गर्न विभिन्न समयमा निर्देशन मापदण्ड जारी भएका छन, जुन आफैमा न्यायसंगत देखिदैन ।

सहकारी नियमनकारी निकायहरुले विभिन्न समयमा जारी भएका मापदण्द र निर्देशनहरुबारे सम्बन्धीत निकाय सरोकार वालाहरुले विभिन ढंगबाट आ–आफ्नो स्वार्थका आधारमा चर्चा परिचर्चा विश्लेषण गर्ने गरिएको छ । सहकारी कर्मी विशेष गरि समुदायमा आधारित भै समुदायहरुको हकहितका लागि आर्थिक, सामाजिक, साँस्कृतिक उत्थान गर्न सहकारी सिद्धान्त र मुल्य मान्यतालाई आत्मसात गरि निरन्तर संचालन र व्यवस्थापन गरि आएका सहकारी संस्थाहरुले अहिलेको परिवेशमा जारी भएका सहकारी मापदण्ड निर्देशनले सहकारीलाई सही बाटोमा हिडाउनु भन्दा गलत ठाउँमा पुऱ्याइ सहकारीक्षेत्र निस्तेज पार्ने त्रासले आक्रान्त देखिएको छ । किन भने हाल जारी भएका नीति निर्देशनले अन्तराष्ट्रिय सहकारी सिद्धान्त व्यवहार र मुल्य मान्यतालाई वस्तुनिष्ट ढंगबाट व्यवहारिक रुपमा प्रयोग अनुसरण गरेको छैन । सहकारी संस्थाहरुलाई नियन्त्रित गरि साँघुरो घेरा भित्र सिमित पारि सहकारी क्षेत्रलाई संकुचनमा राखी बैंक वित्तीय संस्थाहरुलाई बढावा दिन खोजिएको देखिन्छ ।

सहकारी क्षेत्रमा अहिलेको आवश्यकता भनेको सहकारी क्षेत्रलाई वर्गिकरण गरि सहकारी मुल्यमान्यता अनुसार संचालन व्यवस्थापन गर्न सरकारको तर्फबाट जोड दिनुपर्ने हो । त्यसको लागि सहकारीक्षेत्रका सरोकारवाला अभियन्ताहरुबाट राय सुझाब सहयोग लिई सहकारी सिद्धान्त, मुल्य, मान्यता अनुरुप संस्था चलाउन नीतिगत व्यवस्था गरिनु पर्ने हो । त्यस्तो गर्न सकि रहेको देखिँदैन । वास्तवमा बिग्रिएका र बिगारिएको भनेका सहकारी संस्थाको संचालकहरु तथा व्यवस्थापनका व्यक्तिहरुबाट सदस्यहरुको बचत रकम कसरी फिर्ता गराउने तर्फ विशेष ध्यान पुऱ्याउनु पर्ने देखिन्छ भने अहिले नियमित संचालन भएका सहकारी संस्थाहरुलाई सुक्ष्म निगरानीमा राखि व्यवस्थापनमा भएका कमी कमजोरीहरुलाई विस्तारै सुधार्दै अगाडी बढाउन र सहकारी मुल्य मान्यताको आधारमा सदस्यको आर्थिक विकास गराउने तर्फ नियमनकारी निकायले विशेष भुमिका खेल्नु पर्ने देखिन्छ ।

॥ जय सहकारी ॥

# संस्थाको वार्षिक प्रगति प्रतिवेदन तथा चालु आ.व. को योजना तथा कार्यक्रम



- बिष्णु प्रसाद सुवाल
सचिव

नमस्कार ।

श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि. को २६ औं वार्षिक साधारण सभाका सभाध्यक्षज्यू, प्रमुख अतिथि संस्थाका सदस्य नं. ९३५ का बयोबृद्ध सदस्य श्री नारां कृष्ण त्यातज्यू, विशेष अतिथिज्यू, आमन्त्रित अतिथिज्यूहरु, उपस्थित सबै सदस्यहरुमा न्यानो सहकारी अभिवादन व्यक्त गर्दछु ।

"एकका लागि सबै, सबैका लागि एक" भन्ने मुल नाराबाट अभिप्रेरित भएर आजका सभाध्यक्ष श्री राधेश्याम सुवाल ज्यूको अगुवाईमा २६ जना गपली टोलका भद्र साथीभाई मिलि शुरुमा बाराही बचत कोषको रुपमा श्री बाराही साकोसको थालनी भएको थियो । तत्कालिन डिभिजन सहकारी कार्यालय भक्तपुरमा सहकारी ऐन २०४८ बमोजिम मिति २०५६/०४/०४ मा दर्ता नं. १/२०५६/०५७ बाट श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि. विधिवत रुपमा दर्ता भई निरन्तर रुपमा समुदायमा आधारित भई कारोबार गरी आज २६ औं वार्षिक साधारण सभा गर्न पाउँदा साह्रै नै हर्षित छु ।

आजको २६ औं वार्षिक साधारण सभासम्म आईपुग्दा संस्थाले धेरै सदस्यहरुलाई ऋण प्रदान गरी सदस्यहरुको आर्थिक अवस्था सुधार भएका छन् । त्यस्तै यस संस्थाबाट विभिन्न किसिमका कार्यक्रमहरु अगाडी बढाउने र सदस्यहरुको आर्थिक, सामाजिक र साँस्कृतिक विकासमा सहभागी गराई सदस्यहरुले समुदायमा योगदान पुऱ्याएको जानकारी गराउन चाहन्छु । २६ औं वार्षिक साधारण सभा सम्म आईपुग्दा संस्थाको कुल सम्पति रु.१,०१,५६,८९,९५२।४७ बनाउन सफल भएको छ । यस वर्ष पनि बिगतका वर्षमा झैं सदस्यहरुको व्यापार व्यवसाय कारोबारमा भएको कमीले संस्थाले त्यती राम्रो ऋण लगानी बढाउन सकिएन । तथापि संस्थाबाट ऋण लिई कारोबार गरेका ऋणी सदस्यहरुले संस्थाको ऋणमा व्याज नियमित भुक्तानी गरेका छन्, पुरानो उठाउनु पर्ने व्याजमा केही असुली भएको छ । बाह्य लेखापरीक्षण नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) को आधारमा रु.१,३८,०६,१६२।५४ को कुल बचत रहेको छ । यसका लागि सम्पूर्ण ऋणी सदस्यहरुलाई धन्यवाद व्यक्त गर्दछु । साथै ऋण असुली गर्न आ-आफ्नो ठाउँबाट सहयोग गर्नुहुने सम्पूर्णलाई पनि धन्यवाद व्यक्त गर्दछु ।

यस श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि. सहकारी ऐन २०४८ बमोजिम दर्ता भएको थियो । कानुनले निर्देशित गरे बमोजिम नै संचालन भई विध्यमान सहकारी ऐन २०७४ र सहकारी नियमावली २०७५ बमोजिम नै संचालन गरी आएको जानकारी गराउन चाहन्छु । हाल सहकारी नियमन प्राधिकरणको गठन गर्ने गरि सहकारी ऐन संशोधन भए पश्चात मिति २०८२/०२/०९ गते सहकारी मापदण्ड जारी भएको थियो । त्यस्तै सहकारी विभागबाट मिति २०८२/०३/३२ गते १०२ बुदे एकिकृत निर्देशन २०८२ जारी गरिएको छ । सहकारी नियामक निकायले जारी गरेको मापदण्ड निर्देशिका सम्बन्धी जानकारी संचालक तथा विभिन्न उपसमितिको पदाधिकारीहरुलाई सुसुचित गराउने गरेको छ । साथै जारी भए बमोजिमका मापदण्ड निर्देशन बमोजिम संस्थाले के कति नीतिगत सुधार गर्नुपर्ने हो ? सो सम्बन्धमा व्यवस्थापन पक्षलाई कार्यान्वयन गर्न गराउन विभिन्न समय समयमा बैठक राखी मापदण्ड तथा निर्देशन कार्यान्वयन गर्ने तर्फ संस्था अगाडी बढेको छ ।

संस्था समुदायमा आधारित भै सदस्यहरु प्रतिको जिम्मेवारीलाई पुर्ण रुपमा आत्मसाथ गरि आएको छ । सहकारी प्रतिको नकारात्मक धारणा बढि रहेको अवस्थामा पनि यस संस्थाका सदस्यहरुलाई विश्वास दिलाई सदस्यहरुको आर्थिक भरोसाको केन्द्र बनाउन सकिएको छ । संस्थामा रहेको तरलतालाई व्यवस्था गर्न संस्थाले ऋण लगानी बढाउन संचालक समितिले हरेक किसिमले प्रयास गरि आएको सदस्यहरु माझ अवगत गराउन चाहन्छु ।

संस्थाको आ.व. २०८१/०८२ को आर्थिक प्रगति एवं संस्थाको वार्षिक व्यवसायिक योजनाको आधारमा संस्थाले भए गरेका वित्तीय तथा कार्य प्रगति प्रतिवेदन देहाय बमोजिम प्रस्तुत गर्न अनुमति चाहन्छु । साथै संस्थाको चालु आ.व. २०८२/०८३ को वार्षिक कार्यक्रम तथा बजेट संचालक समितिले निर्णय गरे अनुसार यस सभाबाट अनुमोदन तथा पारितका लागि समेत सादर अनुरोध गर्दछु ।

**१. २५ औं वार्षिक साधारण सभाको समिक्षाः**

संस्थाको २५ औं वार्षिक साधारण सभा मिति २०८१ असोज १२ गते शनिबारको दिन संस्थाका बयोबृद्ध सदस्यहरु मध्ये सदस्य नं. १४४० का श्री आस बहादुर सुवालज्यूको प्रमुख आतिथ्यतामा स्थानीय शुभकामना पार्टी प्यालेस कालाँचामा उद्घाटन गरी साधारण सभा सम्पन्न भएको थियो । संस्थाको कुल सदस्यको ७४।४० प्रतिशत उपस्थित भएको उक्त साधारण सभामा प्रमुख अतिथि श्री आस बहादुर सुवालज्यूलाई दोसला ओदाइ सम्मान गरिएको, २०८० सालमा SEE दिएका निजी विद्यालयका १ र सार्वजनिक विद्यालयका १ गरी २ जना उत्कृष्ट अंक प्राप्त गर्ने विद्यार्थीलाई जनही नगद रु.५०००।- (पाँच हजार रुपैया मात्र) पुरस्कार सहित ५३ जना सदस्य तथा सदस्यका छोराछोरीहरु SEE पास गरेका विद्यार्थीहरुलाई सम्मान तथा प्रशंसा पत्र वितरण गरियो । साधारण सभामा असल बचतकर्ता, असल ऋणी, शेयर पूँजी वृद्धि सम्मान, सदस्यता बृद्धि गर्ने संचालक, उपसमिति, कर्मचारी र सदस्यहरु मध्ये १,१ जनालाई प्रशंसा-पत्र प्रदान गरिएको थियो ।

**२. सदस्यताः**

आ.व. २०८०/०८१ सम्ममा कुल सदस्य संख्या ५७५३ रहेकोमा आ.व २०८१/०८२ असार मसान्तसम्ममा १०१ जना, बृद्धि भै पुरुष २९४९ जना, महिला २८९९ जना, संघ संस्था ६ वटा गरी जम्मा ५८५४ सदस्यहरु रहेका छन् साथै वर्ष भरि स्वेच्छिक रुपमा ५७ जना सदस्यहरुको सदस्यता खारेजी भएका छन् । हाल संस्थामा बाल बचतकर्ता ८२८ जना रहेका छन् ।

**३. संस्थाको यर्थाथ वित्तीय प्रगति प्रतिवेदन सम्बन्धमाः**

संस्थाको आ.व. २०८१/०८२ को यर्थाथ वित्तीय प्रगति प्रतिवेदन यसै वार्षिक प्रगति प्रतिवेदमा संलग्न रहेको छ । वाह्य लेखापरीक्षण प्रतिवेदन (NFRS) अनुसार कोषाध्यक्ष श्री रत्न केशरी सुखुपायोले तयार गरिएको वित्तीय प्रतिवेदनबाट संस्थाको वित्तीय अवस्था बारे सदस्यहरुले जानकारी प्राप्त गर्नु हुनेछ । (पाना नं. ५०)

**४. सिपमुलक तथा दक्षता अभिबृद्धि तालिमः**

संस्थाका सदस्यहरुलाई सिप सिकाई आय आर्जन गरि क्षमता बढाउन यस वर्षमा बासुरी बाजा प्रशिक्षण, डल्लो साबुन बनाउने, दहि बनाउने तालिम र स्वास्थ्य सम्बन्धी जनचेतना मूलक तालिमका साथै विभिन्न कार्यक्रम गरिएको छ । यसको विवरण यसै प्रतिवेदनमा संलग्न रहेको छ । (पाना नं. १६)

**५. कार्यालय संचालन तथा व्यवस्थापनः**

**५.१. संस्थाले माइक्रो बैंकर सफ्टवेयरको प्रयोग गर्दै आएको :**

संस्थाले आर्थिक वर्ष २०७५/०७६ देखि निरन्तर रुपमा माइको बैंकर सफ्टवेयर प्रयोगमा ल्याएको जानकारी गराउन चाहन्छु । संस्थाको दैनिक कारोबार प्रमाणित गर्ने गरी सदस्यहरुको वित्तीय कारोबारलाई चुस्त दुरुस्त राखेको छ ।

**५.२. बचत तथा ऋण सेवा बाहेक संस्थाले सदस्यको लागि देहाय बमोजिमको अन्य सेवा सुविधा रहेका छन् ।**

१. एस.एम.एस सेवा ।
२. बाराही एप्सबाट मोबाइल बैकिङ्ग सेवा दिइएको छ ।
३. रेमिटेन्स सेवा ।
४. QR Stand वित्तीय कारोबार सेवा ।
५. ब्लु बुक नविकरण सेवा ।
६. Connect IPS मार्फत अन्य बैंक वित्तीय संस्थासंग वित्तीय कारोबार सेवा ।

**५.३. संस्थाको दैनिक कारोबार :**

सदस्यहरुलाई सहज ढंगबाट वित्तीय सेवा प्रदान गर्ने नीति अनुरुप संस्थाबाट प्रकाशित गरिएको वार्षिक क्यालेण्डर बमोजिम संस्थाको कार्यालय समय बिहान १०:०० वजे देखि दिउँसो ५:०० बजेसम्म र जाडो समयमा संस्थाको कार्यालय समय (कार्तिक १६ गते देखि माघ १५ गतेसम्म) बिहान १०:०० बजे देखि ४:०० बजेसम्म संस्थाले सेवा दिने गरेको छ। क्यालेण्डरमा हरियो गोलो लगाएको दिन संस्थामा बिदा हुने भएकोले बिहान ७:०० बजे देखि १०:०० बजेसम्म संस्थाले सदस्यहरुलाई सेवा पुऱ्याई कारोबार गर्ने गरेको छ।

## ६. संघ संस्थामा संस्थागत सहभागिता:

यस वर्ष राष्ट्रिय तथा क्षेत्रिय रुपमा गरिने सहकारी सम्बन्धी विभिन्न सहकारी संघ संस्थाहरुको कार्यक्रमहरुमा संस्थाका पदाधिकारीहरुको सहभागिता हुने गरेको थियो। यसै सन्दर्भमा, राष्ट्रिय सहकारी महासंघ, नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि, राष्ट्रिय सहकारी बैंक, प्रदेश स्तरीय सहकारी संघ, भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ तथा नियमनकारी निकायहरुको आयोजनामा हुने सहकारी सम्बन्धी विभिन्न कार्यक्रमहरुमा संस्थागत सहभागिता भएको थियो। साथै संस्थालाई निमन्त्रणा पाएको प्रारम्भिक सहकारी संस्थाहरुमा संस्थाका पदाधिकारी एवं कर्मचारीहरु सहभागिता जनाउने गरेको। (संस्थागत सहभागिताको विवरण यसै प्रतिवेदनको पाना नं. ८५ मा संलग्न गरिएको छ।)

## ७. सूचना तथा प्रकाशन:

संस्थाको प्रत्येक वर्ष सदस्यहरुसंग बचत तथा ऋण कारोबार गरेको वित्तीय प्रतिवेदन र संस्थागत कार्यक्रम लगायत सामुदायिक क्रियाकलाप समेटिएको वार्षिक प्रतिवेदन र बाराही बुलेटिन बाट जानकारी गराउने गरेको छ। सामाजिक संञ्जाल, भित्तेपात्रो, संस्थाको वेभसाइत र नोटिस बोर्ड प्रविधिबाट सूचना प्रवाह गरिदै आएको छ। संस्थालाई व्यवस्थित रुपमा संचालन गर्न आवश्यक आन्तरिक नीतिहरु समय सापेक्ष संशोधन परिमार्जन गरी स्वीकृती तथा अनुमोदनका लागि साधारण सभाको वार्षिक प्रगति प्रतिवेदन मार्फत सदस्यहरुलाई जानकारी गराएको छ। संस्थाले हालसम्म निम्नानुसार प्रकाशन प्रकाशित गरेका छन्।

७.१ **वार्षिक प्रगति प्रतिवेदन:** संस्थाको स्थापनाकाल देखि वार्षिक प्रगति प्रतिवेदन प्रकाशित गरी सदस्यहरुलाई वितरण गर्दै आएको छ।

७.२ **क्यालेण्डर:** संस्थाले संस्थागत बिदा लगायत विभिन्न सेवा सुविधाहरु उल्लेख गरी वार्षिक क्यालेण्डर प्रकाशित गरी सदस्यहरुलाई निःशुल्क वितरण गर्दै आएको छ।

७.३ **सामाजिक संञ्जाल/पत्रपत्रिका:** संस्थाका वेभसाइत, फेसबुक र नोटिसवोड सेवा, सुचनापाटी, पत्रपत्रिका, सामाजिक संजाल, एफ एम, रेडियो, टि भी आदि मार्फत संस्थाको सूचनाहरु संप्रेशन गरी संस्थाको उत्पादन तथा सेवाबारे जानकारी गराएको छ। संस्थाबाट संचालन गरिने महत्वपूर्ण कार्यक्रम तथा अन्य सूचनाहरु सदस्यलाई जानकारी गराउन चिठी पत्र, मजदुर दैनिक र संस्थाको नोटिस बोर्ड सेवा १६१८०१६६११३६४, संस्थाको वेभ साइत www.barahisaccos.com.np, फेसबुक (Barahi Saccos) लगायत अन्य सामाजिक संजालहरु मार्फत सुचना सम्प्रेशन गर्दै आएको छ। साथै SMS मार्फत जानकारीमुलक सुचना समेत प्रदान गरिदै आएको छ।

## ८. संस्थागत कार्यक्रमहरू:

आ.व.२०८१/०८२ मा पारित वार्षिक कार्यक्रमहरु विभिन्न समयमा सम्पन्न गरेका छन्। वार्षिक रुपमा सम्पन्न गरेका संस्थागत कार्यक्रमहरुको विवरण यसै प्रतिवेदनमा संलग्न गरिएका छन्। (विवरण नं. ३)

## ९. बैठक संख्या:

आ.व २०८१/०८२ असार मसान्त सम्ममा संस्था विकासका निमित्त एवं सदस्यहरुको दैनिक कार्य सम्पादनमा सहज एवं सरल छिटो छरिटो कार्यान्वयन गर्न गराउनको लागि नियमित तथा आवश्यकता अनुसार बैठक संचालन गरिएका छन्। संचालक समिति, लेखा सुपरिवेक्षण समिति, विभिन्न उपसमितिहरुको बैठक एवं संस्थापकहरु सहितको संयुक्त बैठक देहाय बमोजिम रहेको छ।

| क्र.सं. | समिति, उपसमितिको नाम | बैठक संख्या | क्र.सं. | नाम | बैठक संख्या |
|---|---|---|---|---|---|
| १ | संचालक समिति | १७ पटक | ८ | प्रकाशन उपसमिति | ६ पटक |
| २ | लेखा सुपरिवेक्षण समिति | ७ पटक | ९ | महिला उपसमिति | ७ पटक |
| ३ | ऋण उपसमिति | २० पटक | १० | शिक्षा उपसमिति | २ पटक |
| ४ | पदपुर्ती उपसमिति | ३ पटक | ११ | व्यवसाय प्रवर्द्धन उपसमति | ६ पटक |
| ५ | वित्तीय प्रवर्द्धन उपसमिति | ६ पटक | १२ | युवा तथा स्वास्थ्य उपसमिति | ३ पटक |
| ६ | कार्यकारीणी उपसमिति | ३ पटक | १३ | संयुक्त बैठक | २ पटक |
| ७ | साँस्कृतिक तथा खेलकुद उपसमिति | ४ पटक | १४ | एक्सेस कार्यदल | २ पटक |

**१०. कर्मचारी व्यवस्थापनः**

संस्थामा कार्यरत नियमित कर्मचारीहरु १३ जना, परीक्षणकालमा १ जना कर्मचारी रहेका छन् र संस्थाको २४ घण्टा नै सुरक्षा व्यवस्थापनका लागि २ जना सुरक्षा गार्डको पनि व्यवस्था गरेका छन् ।

**११. विनियम-२०५६ (दशौं संशोधन-२०८१):**

संस्थाको विनियम २०५६ को उफा ७ ले दिएको अधिकार प्रयोग गरि सहकारी ऐन २०७४ र नियमावली २०७५ बमोजिम विनियम संशोधन गर्न वाच्छनिय भएकोले विनियम २०५६ को दफा ६ उद्देश्यहरु, र दफा ७ मा संशोधन थप गर्ने गरि संचालक समितिले विमियम संशोधन-२०८२ प्रस्ताव पेश गरेको छ । यस सभाबाट पास गरि दिनुहुन अनुरोध गर्दछ ।

क) श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि. विनियम -२०५६ (संशोधित-२०८२) परिच्छेद २ दफा ६ उद्देश्यको देहाय छ पछि (ज) थप गर्ने.... (ज) अन्य संघ/संस्थाहरुको एजेन्ट/सवएजेन्ट भै सदस्यहरुलाई रेमिटेन्सको सुविधा दिदै आएकोमा थप बीमा सेवा लगायत संस्थासंग सम्बन्धित विभिन्न अन्य सेवा सुविधा उपलब्ध गराउने संचालक समितिको निर्णय भएकोले विनियम संशोधन सभाबाट पारित तथा अनुमोदनको लागि अनुरोध गर्दछु ।

ख) संस्थाको विनियम-२०५६ को परिच्छेद २ दफा ७ कार्य को उपदफा १ देखि ४ पछि उपदफा ५... थप गर्ने सदस्यहरुलाई बचत तथा ऋण लगायत संस्थाको नियमानुसार अन्य संघ संस्थाको एजेन्ट/सवएजेन्ट भई थप सेवा उपलब्ध गराउने उपदफा साविक उपदफा ५ लाई संशोधन गरी ६ कायम गर्ने ।

ग) संस्थाको विनियम २०५६ को परिच्छेद १२ विविध दफा ६५ को निर्वाचन सम्बन्धी साविक व्यवस्थालाई संशोधन गरी हाल कायम भएको व्यवस्था संस्थाको विनियमको दफा ६५ को अधिनमा रही संचालक समिति र लेखा सुपरिवेक्षण समितिको निर्वाचन कार्यका लागि एक निर्वाचन समिति गठन गर्नेछ । जसमा संचालक समितिले तोकिएको कानुन व्यवसायी संयोजक-१, साधारण सदस्यहरु मध्ये सदस्य-१ र भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. को प्रतिनिधि सदस्य-१ गरि जम्मा तीन जनाको निर्वाचन मण्डल गठन हुनेछ । जसले संस्थाको नियमानुसार निर्वाचन प्रक्रिया अपनाई निर्वाचन कार्य सम्पन्न गर्नेछ ।

**१२. संस्थाका नीति नियमहरू संशोधन तथा परिमार्जन**

**क. ऋणमा पाकेको व्याज छुट व्यवस्था खारेजः**

संस्थाको संचालक समितिको मिति २०८१/१०/०६ गतेको निर्णय अनुसार संस्थाको ऋण व्यवस्थापन नीति-२०८१ को परिच्छेद ५ उपदफा ४१ मा ऋणमा पाकेको व्याज नियमित बुझाउनेलाई व्याज छुटको व्यवस्था खारेज गरिएको छ ।

**ख. ऋण अनुगमन तथा असुली कार्यविधि-२०८२:**

संचालक समितिको मिति २०८२/०४/०६ गते बसेको संचालक समितिको निर्णय अनुसार संस्थाबाट सदस्यहरुलाई ऋण लगानी गरिएको सदुपयोग भए नभएको निरीक्षण अनुगमन तथा ऋण असुली कार्यलाई प्रभावकारी बनाउन व्यवस्थापनबाट तयार गरेको ऋण अनुगमन तथा असुली कार्यविधि-२०८२ स्विकृती गरेको छ ।

## १३. नगद लाभांश स्विकृती पारित तथा अनुमोदनः

संस्थाको आ.व.२०८१/०८२ को बाह्य लेखा परीक्षण प्रतिवेदनबाट लाभांश कोषमा छुत्याएको रकम रु.४७,६४,११५।९१ र गतवर्ष बांकी रहेको रु.२,१५,४६५।६ समेत जम्मा रु.४९,७९,५८१।५२ लाभांश रकम संस्थाको विनियम-२०५६ संशोधित-२०७७ को दफा ७९ बमोजिम रकम चुक्ता शेयर पूँजीको आधारमा दिनगन्तीमा ६ प्रतिशत नगद लाभांश वितरण गर्ने मिति २०८२/०५/०६ गते संचालक समितिको बैठकबाट निर्णय भएकोले यस सभाबाट पारित तथा अनुमोदनका लागि पेश गरेको छु।

## १४. संरक्षित पूँजी फिर्ता कोष स्विकृती पारित तथा अनुमोदनः

संस्थाको आ.व.२०८१/०८२ को बाह्य लेखा परीक्षण प्रतिवेदनबाट संरक्षित पूँजी फिर्ता कोषमा छुत्याएको रकम रु.२४,५९,५३३।३७ संस्थाको विनियम-२०५६ (संशोधित-२०७७) दफा ५६ र संरक्षित पूँजी फिर्ता कोष वितरण निर्देशिका -२०७९ बमोजिम सदस्यले सबै बचत खाताबाट प्राप्त व्याज र ऋणमा भुक्तानी गरेको व्याजको आधारमा अनुपातिक रुपमा संरक्षित पूँजी फिर्ता कोष वितरण गर्ने संचालक समितिले मिति २०८२/०५/०६ गते निर्णय गरेकोले यस सभाबाट पारित तथा अनुमोदनका लागि पेश गरेको छु।

## १५. ऋणमा पाकेको व्याज छुट हिसाब अनुमोदनः

संस्थाको ऋण व्यवस्थापन नीति-२०८१ परिच्छेद ६ उपदफा ४१ मा व्याज छुटको व्यवस्था भए बमोजिम संचालक समितिको निर्णय अनुसार यस आ.व.मा रु.१५,०२,६१५।- ऋणमा पाकेको व्याज छुट दिएको संचालक समितिबाट गरेको निर्णयलाई सभाबाट अनुमोदनको लागि पेश गरेको छ।

## १६. साधारण सभाको निर्णय कार्यान्वयनः

२५ औं वार्षिक साधारण सभाबाट पारित तथा अनमोदन गरेका निर्णय तथा कार्यक्रमहरु कार्यान्वयन गरेको साथै चालु आ.व. २०८२/०८३ को योजना तथा कार्यक्रमहरु यसै प्रतिवेदन साथ संलग्न गरेको छु।

## १७. नीति, योजना तथा कार्यक्रमः

**१७.१ आठौं व्यवसायिक रणनीतिक योजना(२०८२/०८३ देखी २०८५/०८६ सम्म):**

संस्थाको आ.व. २०८१/०८२ को यर्थाथ वित्तीय प्रगतिको आधारमा तयार गरिएको आठौं, ४ वर्षे व्यवसायिक रणनीतिक योजनामा स्रोत तथा उपयोग तर्फ र आयव्यय तर्फ देहाय बमोजिम रहेको छ।

| विवरण | २०८१/०८२ यर्थाथ प्रगति | अनुमानित लक्ष्य | | | |
|---|---|---|---|---|---|
| | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
| श्रोत तथा उपयोग तर्फ | १,०१५,६८९,९५२.४७ | १,१४७,०५८,०००.०० | १,२६१,७६४,०००.०० | १,३८७,९४०,०००.०० | १,५२६,७३४,०००.०० |
| आय तर्फ | ८६,३८७,७५१.०५ | १००,६३२,९००.०० | ११०,६९१,५००.०० | १२१,७६२,६००.०० | १३३,९३४,८००.०० |
| व्यय तर्फ | ७०,४८२,७७९.८६ | ७६,३४८,२८२.६९ | ८०,९२८,७९०.९६ | ८५,७९६,४४०.०६ | ९०,९४३,६०४.०६ |
| अवितरित बचत | १५,९०४,९७१.१९ | २४,२८४,६१७.३१ | २९,७६२,७०९.०४ | ३५,९६६,१५९.९४ | ४२,९९१,१९५.९४ |

उल्लेखित व्यवसायिक रणनीति अनुसार चालु आ.व.२०८२/०८३ को श्रोत उपयोग र आम्दानी खर्चको अनुमानित वित्तीय विवरण यसै प्रतिवेदनमा संलग्न गरिएको छ।

**१७.२ संस्थागत विकास तथा सामुदायिक कार्यक्रमका लागि आ.व.२०८१/०८२ को वार्षिक कार्यक्रम पेश गरेको छु। जसको विस्तृत विवरण यसै प्रतिवेदनको पाना नं. १७ मा संलग्न गरिएको छ।**

**१७.३ सदस्य राहत कार्यक्रम :**

संस्थाका सदस्यहरुको राहत बीमा कार्यक्रम अर्न्तगत आ.व. २०८१/०८२ मा सदस्यहरु मध्ये २१ जना सदस्यहरुको निधन भएको थियो। सदस्य बिमा राहत नीति अनुसार २१ जना मृतक परिवारहरुले बिमाबाट जनही रू. ५०,०००/- र संस्थाबाट

प्रदान गरिने मृत्यु संस्कारका लागि रु.५,०००।- गरि जम्मा रु.५५,०००।- का दरले २१ जना मृतक सदस्यका परिवारलाई रु.११,५५,०००।- को क्रिया खर्च र राहत बीमा सुविधा उपलब्ध गराएको छ ।

**१८. ऋणी सदस्यको दायित्व र सदस्य सेवा सुविधा सम्बन्धमाः**

क) संस्थामा आवद्ध सदस्यहरुले रु.२५,०००।- माथि शेयर खरिद गर्ने सदस्यहरु, संचित बचत गर्ने सदस्यहरु र बीमा शुल्क भुक्तानी गर्ने सदस्यहरुलाई यस वर्ष पनि बिमा सुविधा दिने गरी सगरमाथा इन्सोरेन्स कम्पनीसंग सम्झौता भएको छ, उक्त सम्झौता बमोजिम तोकिएको रकमको राहत सुविधा दिने जानकारी गराउदै आगामी आ.व. २०८३/०८४ देखि शेयर खरिद वापतको नि:शुल्क बीमा सुविधा खारेज गरेको निर्णय जनाकारी गराउन चाहन्छु ।

ख). सदस्य राहत सुविधा कार्यक्रमलाई आ.व. २०८२/०८३ मा पनि राहत सुविधा कार्यक्रमलाई निरन्तरता दिने संचालक समितिको निर्णय साधारण सभामा पेश गर्दछु ।

ग). संस्थाको संचालक समितिको निर्णय अनुसार २०७९ असार देखि ऋणी सदस्यहरुलाई ऋण बीमा गराउदै गरेको छ ।

**१९. संस्था एकिकरण सम्बन्धमाः**

**१.१. अन्य समानान्तर सहकारी संस्थाहरुसंग एकिकरणः**

संस्थाको विनियम २०५६ दफा ७१ बमोजिम सदस्यहरुलाई क्षेत्रगत सेवा सुविधा दिने उद्देश्यले कार्यक्षेत्र भित्रका अन्य इच्छुक समानान्तर सहकारी संस्थासंग आवश्यकता र औंचित्यताको आधारमा एकिकरण प्रक्रिया अगाडी बढाउन नियामक निकायबाट संचालक समितिले एकिकरण सहमति लिन संचालक समितिको निर्णय प्रस्ताव पारित तथा अनुमोदनको लागि पेश गरेको छ ।

**२०. पारित तथा अनुमोदनका लागि पेश गरिएका प्रस्तावहरूः**

संचालक समितिबाट निर्णय गरी यस साधारण सभाबाट पारित तथा अनुमोदनका लागि पेश भएका देहाय बमोजिमको प्रस्तावहरु माथि छलफल गरी पारित गरिदिनु हुन यस गरिमामय सभामा सादर अनुरोध गर्दछु ।

१. आ.व. २०८१/०८२ को वार्षिक प्रगति प्रतिवेदन पारित सम्बन्धमा ।
२. आ.व. २०८१/०८२ को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन पारित सम्बन्धमा ।
३. आ.व. २०८१/०८२ को लेखापरीक्षण एस भण्डारी एण्ड एसोसिएट्सबाट गराउने सञ्चालक समितिको निर्णय अनुमोदन सम्बन्धमा ।
४. आ.व. २०८१/०८२ को आर्थिक कारोबार, नाफा नोक्सान तथा वासलात हिसाब पारित सम्बन्धमा ।
५. आ.व. २०८१/०८२ को शेयर लाभांश र संरक्षित पूँजी फिर्ता कोष वितरण सम्बन्धमा ।
६. चालु आ.व. २०८२/०८३ को लागि बाह्य लेखापरीक्षक नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण सम्बन्धमा ।
७. चालु आ.व. २०८२/०८३ को अनुमानित श्रोत तथा उपयोग र आय-व्यय बजेट कार्यक्रम पारित सम्बन्धमा ।
८. आ.व. २०८१/०८२ को सामाजिक परीक्षणको प्रतिवेदन पारित सम्बन्धमा
९. आ.व. २०८१/०८२ मा संचालक समिति र उपसमितिहरुबाट भए गरेका निर्णयहरु अनुमोदन सम्बन्धमा ।
१०. आठौं, चार वर्षे (आ.व.२०८२/०८३ देखि आ.व. २०८५/०८६) को व्यवसायिक रणनीतिक योजना पारित सम्बन्धमा ।
११. विनियम संशोधन सम्बन्धमा ।
१२. संस्थाको विनियम-२०५६ पुनर्लेखन सम्बन्धमा ।
१३. संस्थाको विभिन्न आन्तरिक नीति नियमहरु संशोधन तथा परिमार्जन प्रस्ताव पारित तथा अनुमोदन सम्बन्धमा ।
१४. संस्था एकिकरण सम्बन्धमा ।
१५. निर्णय प्रमाणिकरणका लागि सदस्य प्रतिनिधिहरु चयन गर्ने सम्बन्धमा ।
१६. विविध ।

अन्तमा नजिकिदै गरेको विजया दशमी-२०८२, शुभ दिपावली-२०८२ र छठ पर्व-२०८२ को पावन अवसरमा सम्पुर्ण सदस्यहरुको सु-स्वास्थ्य दिर्घायु र उत्तोरत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु ।

धन्यावाद । जय सहकारी । जय बाराही ।

# श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि.

भुलाँचा-४, भक्तपुर

## आ.व. २०८१/०८२ मा सम्पन्न कार्यक्रमहरू

| क्र.सं. | विवरण | सम्पन्न मिति | सहभागि संख्या | स्थान |
|---|---|---|---|---|
| १ | २६ औं स्थापना दिवस तथा रजत वर्षको समापन कार्यक्रम | २०८१-०४-०४ | १५३ | भक्तपुर पार्टी भेन्यू |
| २ | वार्षिक समिक्षा गोष्ठी | २०८१-०४-२३ | ४२ | सिटी गाउँ रेष्टुरेन्ट |
| ३ | दन्त सम्बन्धी अभिमुखिकण कार्यक्रम | २०८१-०५-२२ | ४७ | संस्थाको तालिम हल |
| ४ | ऋण सम्बन्धी अन्तरक्रिया कार्यक्रम | २०८१-०५-२५ | १२१ | संस्थाको तालिम हल |
| ५ | २५ औं वार्षिक साधारण सभा | २०८१-०६-१२ | ४२९६ | शुभकामना पार्टी प्यालेस |
| ६ | प्रथम त्रैमासिक समिक्षा गोष्ठि | २०८१-०७-२३ | ४७ | संस्थाको तालिम हल |
| ७ | डल्लो साबुन बनाउने | २०८१-०८-२२ | ३१ | संस्थाको तालिम हल |
| ८ | मुटु तथा मधुमेह सम्बन्धी जानकारी मुलक अभिमुखिकरण कार्यक्रम | २०८१-०८-२९ | ४७ | संस्थाको तालिम हल |
| ९ | ऋण सम्बन्धी अन्तरक्रिया कार्यक्रम | २०८१/०९/१३ | १२१ | संस्थाको तालिम हल |
| १० | दही बनाउने तालिम | २०८१-०९-२० | ३३ | संस्थाको तालिम हल |
| ११ | अर्ध वार्षिक समिक्षा गोष्ठि | २०८१-१०-१९ | ५१ | सिटी गाउँ रेष्टुरेन्ट |
| १२ | रक्तदान कार्यक्रम | २०८१-११-२४ | ४० | सुर्यविनायक चोक |
| १३ | शिक्षा शिविर | २०८१-१२-०९ | ४२ | संस्थाको तालिम हल |
| १४ | प्राथमिक उपचार सम्बन्धी अभिमुखिकरण तथा मार्गनिर्देशन कार्यक्रम | २०८१-१२-३० | ५७ | भक्तपुर पार्टी भेन्यू |
| १५ | ४ महिने बासुरी बाजा प्रशिक्षण | २०८२/०१/२१ देखि शुरु | ३४ | संस्थाको तालिम हल |
| १६ | तेश्रो त्रैमासिक समिक्षा गोष्ठी | २०८२-०१-२६ | ४४ | संस्थाको तालिम हल |
| १७ | एक हप्ते सार्वजनिक सम्बोधन तालिम | २०८२/०३/०१ देखि ०८ सम्म | ३६ | संस्थाको तालिम हल |
| १८ | चार दिने समाचार लेखन तालिम | २०८२-०३-१० | ३७ | संस्थाको तालिम हल |

# आ.व २०८२/०८३ को लागि तयार गरेको संस्थाको वार्षिक बजेट तथा कायक्रमहरू

| क्र.सं. | विवरण | कार्यक्रम संख्या | जिम्मेवारी | सहभागिता संख्या | सहभागिता | अनुमानित बजेट |
|---|---|---|---|---|---|---|
| १ | वार्षिक साधारण सभा | १ | संचालक | | संस्थागत कार्यक्रम | ३,७६३,000.00 |
| २ | तालिम तथा कार्यक्रम खर्च | | | | | २,२७३,000.00 |
| ३ | संस्थागत कार्यक्रमहरु | | संचालक | | | |
| क | स्थापना दिवस | १ | संचालक | १६० जना | संस्थागत कार्यक्रम | २00,000.00 |
| ख | त्रैमासिक/वार्षिक समिक्षा गोष्ठी | ४ | संचालक/व्यवस्थापन | २०० जना | संस्थागत कार्यक्रम | ३00,000.00 |
| ग | वार्षिक बजेट तथा योजना तर्जुमा | १ | संचालक/व्यवस्थापन | ५५ जना | संस्थागत कार्यक्रम | ५0,000.00 |
| घ | सहकारी दिवस | १ | संचालक/व्यवस्थापन | ४५ जना | संस्थागत कार्यक्रम | १0,000.00 |
| ङ | शुभकामना आदान प्रदान कार्यक्रम | १ | संचालक/व्यवस्थापन | १४५ जना | संस्थागत कार्यक्रम | १५,000.00 |
| च | मजदुर दिवस कार्यक्रम | १ | संचालक/व्यवस्थापन | ३० जना | संस्थागत कार्यक्रम | १0,000.00 |
| छ | रक्तदान कार्यक्रम | ३ | संचालक/व्यवस्थापन | ६० जना | संस्थागत कार्यक्रम | ८0,000.00 |
| ज | सदस्यता बृद्धि कार्यक्रम | ४ | संचालक/व्यवस्थापन | १२० जना | सदस्यहरु | ५0,000.00 |
| झ | क्षमता अभिबृद्धि कार्यक्रम | | संचालक/अन्य निकाय | | | २९२,000.00 |
| | कर्मचारीहरुको क्षमता विकास | ४ | व्यवस्थापक | १४ जना | कर्मचारीहरु | १३0,000.00 |
| | संचालक र अन्य पदाधिकारी | ४ | संचालक | ३५ जना | पदाधिकारीहरु | १३0,000.00 |
| | ऋण व्यवस्थापन तालिम/लिलामी सम्बन्धी कानुनी प्रावधन सम्बन्धी अभिमुखिकरण | १ | ऋण उपसमिति | | समिति उपसमिति कर्मचारी | ३२,000.00 |
| ञ | सदस्य शिक्षा कार्यक्रम | | संचालक/व्यवस्थापक | | | ३९१,000.00 |
| | शिक्षा शिविर कार्यक्रम | ४ | शिक्षा उपसमिति | ३०० जना | सदस्यहरु | ७0,000.00 |
| | वित्तीय साक्षरता कार्यक्रम | २ | शिक्षा उपसमिति | २०० जना | सदस्यहरु | ५0,000.00 |
| | साधारण सभा सम्वन्धि जानकारी तथा सुझाव संकलन | १ | संचालक/व्यवस्थापक | १०० जना | | १५,000.00 |
| | ऋणी सदस्यसंग अन्तरक्रिया कार्यक्रम | १ | ऋण उपसमिति | ५० जना | ऋणी सदस्यहरु | ६३,000.00 |
| | ऋणी सदस्य भेटघाट कार्यक्रम | १ | ऋण उपसमिति | ५० जना | ऋणी सदस्यहरु | ६३,000.00 |
| | निशल्क आयकर सम्बन्धी अभिमुखिकरण कार्यक्रम (Pan / आयकर) | १ | ऋण उपसमिति | ५० जना | ऋणी सदस्यहरु | ३0,000.00 |
| | मोवाईल बैकिंग प्रयोगकर्ता अन्तरक्रिया कार्यक्रम | १ | ऋण उपसमिति | ८० जना | ऋणी सदस्यहरु | ५0,000.00 |
| | युवा उद्यमशिलता अभिमुखिकरण कार्यक्रम | १ | युवा तथा स्वास्थ्य उपसमिति | ५० जना | सदस्यहरु | ५0,000.00 |
| ट | सदस्यहरुको क्षमता तथा शिप विकास कार्यक्रम | | | | | ८४५,000.00 |
| | हस्तलेखन तालिम (बाल बचतकर्ता) | १ | महिला उपसमिति | २५ जना | सदस्यहरु | ६0,000.00 |
| | एक हप्ते स्व:श्रृङ्गगार तालिम | १ | महिला उपसमिति | २५ जना | सदस्यहरु | ३0,000.00 |
| | सदस्य बनभोज कार्यक्रम | १ | महिला उपसमिति | ५० जना | सदस्यहरु | १00,000.00 |
| | महिला उद्यमशिलता/शसक्तिकरण तालिम | १ | महिला उपसमिति | ३० जना | सदस्यहरु | ५0,000.00 |
| | कफी वारिस्ता तालिम | १ | व्यापार प्रवद्धन उपसमिति | ३०जना | सदस्यहरु | ३0,000.00 |
| | शेयर लगानी बजार विश्लेषण सम्बन्धी अभिमुखिकरण कार्यक्रम | १ | व्यापार प्रवद्धन उपसमिति | ३० जना | सदस्यहरु | ४0,000.00 |
| | व्यापारीक क्षेत्रको अध्ययन भ्रमण | १ | व्यापार प्रवद्धन उपसमिति | ४० जना | सदस्यहरु | ५0,000.00 |
| | मिठाई बनाउने तालिम | १ | सदस्य तथा बचत उपसमिति | ३० जना | सदस्यहरु | ३0,000.00 |
| | बाल बचतकर्ता वनभोज कार्यक्रम | १ | सदस्य तथा बचत उपसमिति | १०० जना | सदस्यहरु | ७0,000.00 |
| | दुबोको माला र फुलबाट सजावत गर्ने कला | १ | सदस्य तथा बचत उपसमिति | ३० जना | सदस्यहरु | ३0,000.00 |
| | बाल बचतकर्ताको प्रतिभा प्रस्फुतन कार्यक्रम | १ | सदस्य तथा बचत उपसमिति | ३० जना | सदस्यहरु | २५,000.00 |
| | बेना(Voilin) प्रशिक्षण तालिम | १ | सांस्कृतिक तथा खेलकुद उपसमिति | ३० जना | सदस्यहरु | १00,000.00 |
| | जेष्ठ सदस्य भ्रमण कार्यक्रम/कविलास तिर्थ यात्रा | १ | सांस्कृतिक तथा खेलकुद उपसमिति | २०० जना | सदस्यहरु | १00,000.00 |
| | खेलकेद/कसिपाय प्रतियोगीता | १ | सांस्कृतिक तथा खेलकुद उपसमिति | ५० जना | सदस्यहरु | ५0,000.00 |
| | Diving course | १ | सांस्कृतिक तथा खेलकुद उपसमिति | ३० जना | सदस्यहरु | ५0,000.00 |
| | फुरन्दाना (आलु चिप्स) बनाउने तालिम | १ | युवा तथा स्वास्थ्य उपसमिति | ३० जना | सदस्यहरु | ३0,000.00 |
| ठ | स्वास्थ्य/जानकारी मुलक कार्यक्रम | | | | | ३0,000.00 |
| | मानसिक स्वास्थ्य सम्बन्धि जनचेतनामुलक कार्यक्रम | १ | युवा तथा स्वास्थ्य उपसमिति | ५० जना | सदस्यहरु | १0,000.00 |
| | क्यान्सर/अर्वुद रोग(बालबालिका) सम्बन्धि जनचेतना मुलक कार्यक्रम | १ | युवा तथा स्वास्थ्य उपसमिति | १०० जना | सदस्य तथा अन्य | २0,000.00 |
| ४ | छपाई | | | | | १,३६0,000.00 |
| | वार्षिक प्रतिवेदन | १ | व्यवस्थापन/प्रकासन उपसमिति | ४५०० प्रति | | ३१५,000.00 |
| | बुलेटिन | ३ | व्यवस्थापन/प्रकासन उपसमिति | १२०० प्रति | | १२0,000.00 |
| | क्यालेन्दर | १ | व्यवस्थापन/प्रकासन उपसमिति | ५००० प्रति | | २२0,000.00 |
| | झोला बनाउने | १ | व्यवस्थापन/प्रकासन उपसमिति | ४५०० प्रति | | ३00,000.00 |
| | प्रचार प्रसार सामाग्री | आवश्यकता अनुसार | व्यवस्थापन/प्रकासन उपसमिति | आवश्यकता अनुसार | | ६0,000.00 |
| | ब्रोसर | | व्यवस्थापन/प्रकासन उपसमिति | | | ७0,000.00 |
| | स्टेस्नेरी छपाई | | व्यवस्थापक/प्रकासन उपसमिति | | | २७५,000.00 |
| ५ | मसलन्द | | | | | २00,000.00 |

# संचालक समितिको तर्फबाट प्रस्तुत वित्तीय प्रगति प्रतिवेदन तथा चालु आ.व.को अनुमानित बजेट योजना ।



- रत्न केशरी सुखुपायो
कोषाध्यक्ष

आदरणीय सभाअध्यक्ष ज्यू,

यस श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि. को २६ औं वार्षिक साधारण सभाका सभाध्यक्ष श्री राधेश्याम सुवालज्यू, प्रमुख अतिथि संस्थाका बयोवृद्ध सदस्य नं. ९३५ का श्री नारां कृष्ण त्यातज्यू, विशेष अतिथिज्यू, विभिन्न संस्थाका अतिथिज्यूहरु, पत्रकारज्यूहरु, संस्थापकज्यूहरु, संचालक समिति, लेखा सुपरिवेक्षण समिति, उपसमिति, शेयर सदस्यहरु, व्यवस्थापनका कर्मचारीहरु, अन्य सम्पूर्ण महानुभावहरुमा यस संस्था र मेरो व्यक्तिगत तर्फबाट हार्दिक सहकारी अभिवादन व्यक्त गर्दछु ।

यस श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि. को स्थापना कालमा सुर्यविनायक ग:पलि टोलका अग्रज व्यवसायी साथीहरुले रु.३,००,०००।– (अक्षरेपी तीन लाख रुपैयाँ मात्र ।) पूँजीबाट संचालित यस संस्था आजको दिनमा आईपुग्दा कुल सम्पत्ति रु.१,०१,५६,८९,९५२।४७ भएको जानकारी दिन पाउँदा हर्षित भएकी छु ।

समुदायमा आधारित संस्था भएकोले आफ्नो सदस्यहरुको हितलाई ध्यानमा राखी आर्थिक, सामाजिक र साँस्कृतिक कार्यहरु गर्न सधैं तत्पर रहेको छ । हाल देशको परिस्थितिलाई ख्याल गर्दै सहकारी संस्थाको ऐन, नीति, नियम र सिद्धान्तलाई पालना गरी संस्थालाई अगाडी बढाई सदस्यहरुको विश्वास जित्न सफल भएको छ । विभिन्न सहकारी संस्थाहरुमा देखिएको संकट हाम्रो संस्थाले व्यहोर्नु परेको छैन । सदस्यहरुको आवश्यकता अनुसार नीति नियमको पालना गरी सदस्यहरुको बचत तथा ऋणमा हालको परिस्थिति अनुरुप सुलभ सेवा प्रदान गर्दै आएको छ ।

संस्थाले विगत वर्ष देखि नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) अनुसार संस्थाको बाह्य लेखा परीक्षण गरि आएको तपाई सदस्यहरुमा जानकारी नै रहेको छ । NFRS अनुसार लेखा परीक्षण तयार गर्दा संस्थागत रुपमा देखिने वित्तीय जोखिमलाई मुल्यांकन गरि बाहृय लेखापरीक्षण तयार गरेको छ । लेखापरीक्षणबाट तयार गरेको नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) अनुसार आ.व. २०८१/०८२ को आर्थिक प्रगति एवं चालु आ.व. को अनुमानित बजेट प्रस्तुत गर्न चाहन्छु ।

## १. वार्षिक वित्तीय कारोबार:

### क. कारोबारबाट प्राप्त नाफा नोक्सान (बचत/नोक्सान):

गत वर्ष रु.१,७८,४८,२७२।३५ कारोबारबाट खुद बचत भएको थियो । यस वर्ष व्याज आम्दानी रू. ७,७४,७६,९५५।३४।–, शुल्क तथा कमिशन आम्दानी रु.५४,५३,३०१।५४, अन्य संचालन आम्दानी रु.१२,६३,३९०।५२ गैर संचालन आम्दानी रु.९५,२९५। र स्थगन कर आम्दानी रु.२,०९,८८,०८।६५ जम्मा आम्दानी रु.८६,३८,७७५१।०५ रहेकोमा व्याज खर्च रु.५,३५,२३,९३२।–, संचालन खर्च रु.१,४०,३५,७३५।५६, ऋणको क्षति प्रभार तथा हानी खर्च रु.२९,२३,११२।३० भई जम्मा रु.७,०४,८२,७७९।८६ खर्च भएको थियो । संस्थाको कुल बचत रु.१,५९,०४,९७१।१९ मा आय कर रु.१९,५१,२८४।८६ व्यवस्था गरि संस्थाको खुद बचत रु.१,३९,५३,६८६।३३ रहेको छ ।

## २. सम्पत्ति तथा जायजेथा:

गत आ.व. २०८०/०८१ मा रु.९९,०७,२२,९४५।२४ सम्पत्ति तथा जायजेथा रहेको थियो । यस वर्ष वार्षिक कारोबारबाट रु.२,४९,६७,००७।८३ वृद्धि भई वर्षान्तसम्ममा जम्मा रु.१,०१,५६,८९,९५३।०७ रहेको छ । यो वर्ष २.५२ प्रतिशतले सम्पत्ति वृद्धि भएको छ । जसको विस्तृत विवरण देहाय अनुसार रहेको छ ।

**क) नगद हिसाब (अनुसूची ४.१):**

गत वर्ष रु.३४,१७,९५७।- नगद मौज्दात रहेको थियो । यस आ.व. २०८१/०८२ मा रु.२५,४१,१५३।- रहेको छ । गत वर्षमा भन्दा यस वर्ष न्यून नगद मौज्दात रहेको छ ।

**ख) बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात:**

गत वर्ष रु.३८,९५,३२,८९९।०३ बैंक तथा वित्तीय संस्थामा मौज्दात रहेको थियो । यस आ.व. २०८१/०८२ वर्षान्तसम्ममा रु.४९,०८,३०,०३६।९४ रहेको छ । यस वर्ष अत्यधिक तरलता बढेकोले बैंक वित्तीय संस्थामा जम्मा गरि तरलता व्यवस्थापन गरिएको छ ।

**ग) ऋण लगानी हिसाब (अनुसूची ४.३):**

गत वर्ष ऋण लगानी रू.५४,११,०८,६१४।०७ भएको थियो । आ.व.२०८१/०८२ मा रु.९७,६५,२६,०००।- ऋण लगानी बृद्धि हुने अपेक्षा गरेकोमा बर्षान्त सम्ममा रु.४५,७५,२४,२७६।७७ सक्रिय ऋण लगानीमा रहेको छ । जुन गत वर्षको तुलनामा १५।४५% ले ऋण लगानीमा कमी रहेको देखिन्छ । चालु वर्षमा ऋण लगानी बढाउनु पर्ने अझ दायित्व थपिएको छ ।

**घ) चालु कर सम्पत्ति दायित्व हिसाब (अनुसूची ४.४):**

गत वर्ष कर सम्पत्ति दायित्व रु.१,०६,१७,५२६।०५।- रहेको थियो । यस आ.व २०८१/०८२ मा रु.१,१४,८६,६७७।७१ चालु कर सम्पत्ति दायित्व रहेको छ । जुन गत वर्षको तुलनामा ८।१९ प्रतिशतले वृद्धि भएको छ ।

**ङ) वित्तीय लगानी सम्पत्तिहरु (अनुसूची ४.५):**

गत वर्ष रु.६८,९४,२८७।- वित्तीय सम्पत्ति लगानी रहेको थियो । यस वर्षसम्ममा संस्थाले माथिल्लो निकाय संघ संस्थाहरुमा लगानी भएको शेयर रकम रु.५३,३१,३००।- र सूचीकृत नेपाल लाइफ इन्स्योरेन्स कम्पनीमा लगानी भएको रु.१९,१४,६४८।६९ समेत जम्मा रु.७२,४५,९४६।६९ वित्तीय लगानी सम्पत्तिको रुपमा रहेको छ ।

**च) सम्पत्ति तथा उपकरण (अनुसूची ४.७):**

गत वर्ष स्थिर सम्पत्ति रु.३,८३,८४,८८९।८१ रहेको थियो । यस आ.व.२०८१/०८२ उक्त स्थिर सम्पत्तिमा ह्रासकट्टी पछि जम्मा रु.३,८२,९९,८७०।५५ सम्पत्ति तथा उपकरण रहेको छ ।

**छ) अन्य सम्पत्ति (अनुसूची ४.१०):**

गत वर्ष पाउनु पर्ने हिसाब रु.५,२६,५८२।८९ रहेको थियो । यस वर्ष अग्रिम भुक्तानी रु.५,८३,८३६।४२ र संस्थाले सदस्यहरुलाई ऋण लगानी गरेको मध्य कमशल र संकास्पद ऋण लगानीमा प्राप्त गर्न बांकी व्याज रकम रु.७०,०२,१७१।- भई वर्षान्तसम्ममा रु.७५,८६,००७।४२ अन्य सम्पत्ति रहेको छ ।

## ३. पूँजी तथा दायित्व:

गत आ.व. २०८०/०८१ मा रु.९९,०७,२२,९४५।२४ पूँजी तथा दायित्व रहेको थियो । यस वर्ष वार्षिक कारोबारबाट रु.२,४९,६७,००७।८३ वृद्धि भई वर्षान्तसम्ममा जम्मा रु.१,०१,५६,८९,९५३।०७ रहेको छ । जसको विस्तृत विवरण देहाय अनुसार रहेको छ ।

**क) सदस्यबाट प्राप्त बचत तथा निक्षेप दायित्व (अनुसूची ४.१२):**

आ.व. २०८०/०८१ मा सदस्यहरुबाट बचत र निक्षेप दायित्व रु.७७,९९,१८,८१४।५४ रहेको थियो । यस वर्ष सदस्यहरुबाट बचत संकलन रु.३८,३३,१९,०७८।३८ र मुद्दती बचत रु.४३,९४,०७,०४४। समेत गरि जम्मा रु.८२,२७,२६,१२२।६८ सदस्यहरुको बचत तथा निक्षेप दायित्व रहेको छ ।

**ख) अन्य दायित्व (अनुसूची ४.१५):**

गत वर्ष रु.२४,६८,५०,३२२।८१ अन्य दायित्व रहेको थियो । यस आ.व.२०८१/०८२ मा लेखा परीक्षण शुल्क रु.२,२३,०००।-, भुक्तानी दिनुपर्ने अन्य दायित्व रु.४७,१७५।-, पाउनुपर्ने व्याज रु.१,९७,५७,८२१।-, मुल्तवी व्याज रु.१,१२,३६०।६८ र स्रोतमा करकट्टी रु.४,४९,१३१।९८ समेत जम्मा रु.२,०५,८९,४८८।६६ अन्य दायित्व रहेको छ ।

**ग) शेयर पूँजी (अनुसूची ४.१६):**

गत वर्ष कुल शेयर पूँजी रु.७,७९,७९,९००।- रहेको थियो । यस आ.व. २०८१/०८२ मा संशोधित अनुमान रु.१,६१,०८,१००।- बृद्धि गरी जम्मा रु.९,४०,८८,०००।- पुऱ्याउने लक्ष्य राखेकोमा नयाँ सदस्यता र शेयर थप व्यवस्थाबाट रु.३,२१,९००।- शेयर पूँजी बृद्धि भै कुल शेयर पूँजी रु.७,८३,०१,८००।-मात्र रहेको छ । जुन संशोधित अनुमानित लक्ष्यको ८३.२२% मात्र प्रगति हो ।

**घ) साधारण जगेडा कोष(अनुसूची ४.१७):**

गत वर्ष यथार्थ साधारण जगेडा कोष रु.७,२१,१३,१८७।०५ रहेको थियो। यस वर्ष अन्य कोषबाट मिलान रु.१२,९५,०९०।२२ र आ.व. २०८१/०८२ को नाफा बाँडफाँडबाट रु.३२,७८,३७७।८२ थप भई आ.ब.२०८१/०८२ को बर्षान्त सम्ममा साधारण जगेडा कोषमा रु.७,६६,८७,६५४।९२ रहेको छ। जुन गत वर्षको तुलनामा ४।५५ प्रतिशतले वृद्धि भएको छ।

**ङ) अन्य कोष (अनुसूची ४.१७):**

अ) शेयर लाभांश कोषः

गत वर्ष शेयर लाभांश कोषमा रु.६५,४९,४०१।६५ रहेकोमा सदस्यहरुको शेयर पूँजी अनुपातमा नगद लाभांश वितरण गर्दा रु.६३,३३,९३६।- खर्च भई बांकी रु.२,१५,४६५।६१ मौज्दात रहेको थियो। यस आ.व. २०८१/०८२ मा कोष बाँडफाँड भई लाभांश कोषमा रहेको रु.४७,६४,११६।१३ समेत जम्मा रु.४९,७९,५८१।७४ लाभांश कोषमा रहेको छ। जुन संचालक समितिको निर्णय अनुसार नगद लाभांश वितरण गरिने छ।

आ) संरक्षित पूँजी फिर्ता कोषः

गत वर्ष रु.३३,३१,२१६।७८ संरक्षित पूँजी फिर्ता कोषमा रहेकोमा सहकारी ऐन तथा संस्थाको निर्देशिका बमोजिम वितरण गरेको थियो। यस आ.व. २०८१/०८२ को नाफाबाट कोष बाँडफाँड भई रु.रु.२४,५९,५३३।२५ संरक्षित पूँजी फिर्ता कोषमा रहेको छ।

इ) संस्था विकास कोषः

गत वर्ष रु.४,९६,३५१।३० संस्था विकास कोष रहेकोमा आ.व. २०८१/०८२ मा रु.४,४०,६५४।- खर्च भएको थियो। बांकी रु.५५,६९७।३० जगेडा कोषमा पठाएको थियो। यस आ.व.मा नाफा बाँडफाँड भई संस्था विकास कोषमा रु.३,६६,४७०।४७ रहेको छ।

ई) सहकारी शिक्षा कोषः

गत वर्ष रु.४,९६,३५१।३० सहकारी शिक्षा कोषमा रहेको रकम मध्ये आ.व. २०८१/०८२ मा रु.२,५१,६२१।७९।- खर्च भएको थियो। बांकी रु.२,४४,७२९।५१ जगेडा कोषमा पठाएको थियो। यस आ.व.मा नाफा बाँडफाँड भई संस्थाको सहकारी शिक्षा कोषमा रु.३,६६,४७०।४७ रहेको छ।

उ) डुबन्त ऋण कोषः

गत वर्ष रु.४,९६,३५१।३० कोषमा रहेकोमा उक्त रकम जगेडा कोषमा रकमान्तर गरेको थियो। यस आ.व. २०८१/०८२ मा नाफाबाट कोष बाँडफाँड भई संस्थाको डुबन्त ऋण कोषमा रु.३,६६,४७०।४७ रहेको छ।

ऊ) घाटा पुर्ति कोषः

गत वर्ष घाटा पुर्ति कोषमा रु.४,९६,३५१।३० रहेको थियो। यस आ.व. २०८१/०८२ मा नाफाबाट कोष बाँडफाँड भई संस्थाको घाटा पुर्ति कोष रु.३,६६,४७०।४७ रहेको रकम समेत जम्मा रु.८,६२,८२१।७७ घाटा पुर्ति कोषमा रहेको छ।

ऋ) कर्मचारी बोनस कोषः

गत वर्ष रु.४,९६,३५१।३० कोषमा रहेकोमा रु.३,८१,६३५ खर्च भएको थियो। बांकी रु.१,१४,७१६।३० र यस आ.व. २०८१/०८२ मा नाफाबाट कोष बाँडफाँड भई रु.३,६६,४७०।४७ समेत गरि जम्मा रकम रु.४,८१,१८६।१७ कर्मचारी बोनस कोषमा रहेको छ।

ए) सामुदायिक विकास कोषः

गत वर्ष सम्ममा रु.६,३६,३५१।३० सामुदायिक विकास कोषमा रहेको थियो। यस वर्ष आ.व. २०८१/०८२ मा सामुदायिक विकास कार्यक्रममा रु.२,८९,०१५। खर्च भएको थियो। गत वर्षको बांकी रु.३,४७,३३६।३० र यस वर्ष नाफाको कोष बाँडफाँडबाट रु.३,६६,४७०।४७ गरी जम्मा रु.७,१३,८०६।७७ कोषमा रहेको छ।

ऐ) स्थीरिकरण कोषः

गत वर्ष रु.४,९६,३५१।३० कोषमा रहेको रकम वर्षान्तमा जगेडा कोषमा मिलान गरेको थियो। यस आ.व २०८१/०८२ नाफाको कोष बाँडफाँडबाट रु.३,६६,४७०।४७ स्थीरिकरण कोषमा रहेको छ।

ओ) सहकारी प्रवर्द्धन कोषः

गत वर्षको नाफाबाट सहकारी प्रवर्द्धन कोषमा छुट्याएको रकम रु.६६,६२४।६४ सम्बन्धीत निकाय भुमि व्यवस्था सहकारी तथा गरीबी निवारण मन्त्रालयको खातामा दाखिला गरिएको थियो । यस आ.व. २०८१/०८२ मा नाफाबाट रु.४९,२९०।६७ रकम सहकारी प्रवर्द्धन कोषमा छुट्याएको छ ।

च) ऐच्छिक कोष (अनुसूची ४.१७):

अ) विपत व्यवस्थापन कोषः

गत वर्ष रु.४,२३,०७०।- विपत्त व्यवस्थापन कोषमा रहेको थियो । यस चालु आ.व.मा सदस्यहरुबाट रु.३०,१५०।- संकलन भई जम्मा रु.४,५३,२२०।- कोषमा रहेको छ ।

आ) सदस्य राहत कोषः

गत वर्ष सम्ममा रु.५,४६,६०६।- सदस्य राहत कोषमा रहेको थियो । यस वर्षमा सदस्यहरुबाट रु.७१,०४४।- संकलन सहयोग प्राप्त भई जम्मा रु.६,१७,६४६।- कोषमा रहेको छ ।

## ४. आठौं व्यवसायिक रणनीतिक योजनाः

संस्थाको सातौं व्यवसायिक रणनीतिक योजना आ.व.२०८१/०८२ मा पुरा भएको थियो । चालु आ.व.मा योजना तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा संस्थाको आठौं व्यवसायिक रणनीतिक योजना (२०८२/०८३ देखी २०८५/०८६ सम्म) तर्जुमा गरि संचालक समितिले स्विकृति समेत गरेको हुंदा आजको साधारण सभाबाट अनुमोदन तथा पारितका लागि प्रस्तावित गरेको छ । आठौं व्यवसायिक रणनीतिक योजनाको संक्षिप्त विवरण यसै प्रतिवेदनमा संलग्न गरेको छु ।

## ५. चालु वर्षको अनुमानित बजेट तथा कार्यक्रमः

गत आ.व. २०८१/०८२ को यर्थाथ वित्तीय कारोबारको आधारमा (बाह्य लेखा परीक्षण अगाडी) चार वर्षे व्यवसायिक योजना तर्जुमा गरे अनुसार चालु आ.व. २०८२/०८३ मा स्रोत तथा उपयोग तर्फ रु.१,१४,७०,५८,०००।- र आय व्यय तर्फ रु.१०,०६,३२,९००।- अनुमाति बजेट पेश गरेकी छु । जसको बिस्तृत विवरण श्रोत तथा उपयोग र आम्दानी खर्चको अनुमानित विवरण यसै प्रतिवेदनमा संलग्न छ ।

## ६. वित्तीय प्रतिवेदन पारित प्रस्ताव

संस्थाले सातौं त्रिवर्षिय व्यवसायिक योजना अनुसार आ.व. २०८१/०८२ मा संशोधित लक्ष्य निर्धारण गरेको थियो । विश्वव्यापी रुपमा फैलिएको आर्थिक मन्दीका साथै व्यापार व्यवसायमा उच्चत्तम गिरावत आई सदस्यहरुको आय क्षमतामा कमी भएको हुँदा संस्थाले अनुमानित गरेको बजेट अपेक्षाकृत पुरा भएन जसले गर्दा आयव्यय तर्फ प्रभाव पर्यो । संस्थाको आ.व. २०८१/०८२ को यर्थाथ वित्तीय कारोबारको आधारमा बाह्य लेखा परिक्षक एस भण्डारी एण्ड एसोसिएटस् चार्टड एकाउन्टेन्टसले तयार गरेको नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) तथा सोको आधारमा संचालक समितिको तर्फबाट म कोषाध्यक्षले पेश गरेको आर्थिक प्रतिवेदन, वासलात, आय व्यय हिसाब र चार वर्षिय आठौं व्यवसायिक रणनीतिक योजना-२०८२ सहित चालु वर्षको अनुमानित बजेट यस सभाबाट पारित गरिदिनु हुन हार्दिक अनुरोध गर्दछु । आशा एवं विश्वास छ आजको २६ औं साधारण सभा पुर्ण रुपमा सफल बनाउन सबैले सहयोग गर्नुहुने विश्वास लिएको छु । अन्तमा नजिकिंदै गरेको नेपालीहरुको महान पर्व बिजया दशमी, शुभ दिपावली (तिहार) र छठ पर्व २०८२ को हार्दिक मंगलमय शुभकामना सहित सम्पुर्ण संस्थाका सदस्यहरुको उत्तरोत्तर प्रगतिको कामना व्यक्त गर्दछु ।

धन्यवाद ।

जय सहकारी, जय बाराही ।

# श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि.

**भुलाँचा-४, भक्तपुर**

## २०८२ साल असार मसान्तको आधारमा (आ.व २०८२।८३ देखि २०८५।०८६ सम्म) चार वर्षको लागि तयार गरिएको आठौं व्यवसायिक रणनीतिक योजना

| श्रोत | | | आ.व. २०८२/०८३ देखि २०८५/०८६ सम्म अनुमानित श्रोत र उपयोग | | | |
|---|---|---|---|---|---|---|
| क्र.सं. | शिर्षक | २०८१/०८२ को लेखा परीक्षण अघि असार महिना सम्मको | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
| १ | सदस्यबाट बचत तथा निक्षेप दायित्व | ८२२,७२६,१२२.६८ | ९१७,६४६,०००.०० | १,००९,४११,०००.०० | १,११०,३५२,०००.०० | १,२२१,३८७,०००.०० |
| २ | दायित्व तथा अन्य | २,१९३,१९२.९९ | २,०००,०००.०० | २,२००,०००.०० | २,२००,०००.०० | २,२००,०००.०० |
| ३ | अन्य दायित्व (ब्याज मुल्तवी) | १३,५८७,३१७.६६ | ११,२३६,०००.०० | १०,४९७,०००.०० | १२,४६७,०००.०० | १६,३३३,०००.०० |
| ४ | ऋण नोक्सानी व्यवस्था कोष | २९,५२४,६७६.३९ | ३०,०००,०००.०० | ३०,०००,०००.०० | ३५,०००,०००.०० | ३७,०००,०००.०० |
| ५ | शेयर पूँजी | ७८,३०१,८००.०० | ८०,२९४,०००.०० | ८८,३२३,०००.०० | ९७,१५५,०००.०० | १०६,८७१,०००.०० |
| ६ | जगेडा | ७३,४०८,२७७.२७ | ८०,२९४,०००.०० | ८८,३२३,०००.०० | ९७,१५५,०००.०० | १०६,८७१,०००.०० |
| ७ | अन्यकोषहरु र एनएफआर एस | १९,२१२,३८६.५२ | २४,०८८,०००.०० | ३१,५१०,०००.०० | ३२,१११,०००.०० | ३४,५७२,०००.०० |
| ८ | ऐच्छिक कोष | १,०७०,८६६.०० | १,५००,०००.०० | १,५००,०००.०० | १,५००,०००.०० | १,५००,०००.०० |
| ९ | अवितरित बचत | १५,०६८,७९५.४५ | | | | |
| | जम्मा | १,०५५,०९३,४३४.९६ | १,१४७,०५८,०००.०० | १,२६१,७६४,०००.०० | १,३८७,९४०,०००.०० | १,५२६,७३४,०००.०० |

**उपयोग**

| क्र.सं. | शिर्षक | २०८१/०८२ को लेखा परीक्षण अघि असार महिना सम्मको | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|
| १ | नगद तथा बैंक मौज्दात | १३८,३७१,१८९.९४ | १७२,०५९,०००.०० | १८९,२६५,०००.०० | २०८,१९१,०००.०० | २२९,०१०,०००.०० |
| २ | सदस्य ऋण लगानी | ४८३,६०१,७८२.०७ | ६९९,७०५,५००.०० | ७६९,६७६,०००.०० | ८४६,६४३,०००.०० | ९३१,३०७,०००.०० |
| ३ | चालु सम्पति/पाउनु पर्ने हिसाब | ३२,१६६,४८५.५७ | १९,७३०,०००.०० | २१,७०२,०००.०० | २३,८७३,०००.०० | २६,२६१,०००.०० |
| ४ | शेयर लगानी हिसाब | ६,८९४,२८७.०० | ६,३५२,०००.०० | ७,५७१,०००.०० | ८,३२७,५००.०० | ९,१६०,०००.०० |
| ५ | बैंकमा मुद्दती/आवधिक बचत | ३५५,०००,०००.०० | २०७,०००,०००.०० | २२७,११७,०००.०० | २४९,८३०,०००.०० | २७४,८१२,०००.०० |
| ६ | नियमित बचत लगानी हिसाब | | २,०६४,५००.०० | २,२७१,०००.०० | २,४९८,०००.०० | २,७४८,०००.०० |
| ७ | स्थीर सम्पति तथा उपकरण | ३९,०५९,६९०.३८ | ४०,१४७,०००.०० | ४४,१६२,०००.०० | ४८,५७७,५००.०० | ५३,४३६,०००.०० |
| | जम्मा | १,०५५,०९३,४३४.९६ | १,१४७,०५८,०००.०० | १,२६१,७६४,०००.०० | १,३८७,९४०,०००.०० | १,५२६,७३४,०००.०० |

शिवजी हाकुदुवाल
व्यवस्थापक

रत्नकेशरी सुखुपायो
कोषाध्यक्ष

राधेश्याम सुवाल
अध्यक्ष

# श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि.

**भुलाँचा-४, भक्तपुर**

## २०८२ साल असार महिनाको आधारमा (आ.व २०८२।८३ देखि २०८५।०८६ सम्म) चार वर्षको लागि तयार गरिएको आठौं व्यवसायिक रणनीतिक योजना

| आय व्यय | | | आ.व. २०८२/०८३ देखि २०८५/०८६ सम्म अनुमानित आय र व्यय विवरण | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | शिर्षक | अनुसुची | २०८१/०८२ को लेखा परीक्षण अघि असार महिना सम्मको | २०८२/०८३ को अनुमानित लक्ष्य | २०८३/०८४ को अनुमानित लक्ष्य | २०८४/०८५ को अनुमानित लक्ष्य | २०८५/०८६ को अनुमानित लक्ष्य |
| १ | ऋणबाट व्याज आम्दानी | १५ | ६१,४५०,५०६.०० | ७०,७८५,०००.०० | ७५,०००,०००.०० | ८०,०००,०००.०० | ८५,५००,०००.०० |
| २ | ऋण र अन्यमा विलम्व शुल्क | | ३,२८२,८६०.०० | ३,५००,०००.०० | ३,९८०,०००.०० | ४,०००,०००.०० | ४,९००,०००.०० |
| ३ | बैंक तथा अन्यवाट व्याज | १६ | १८,७९१,६९७.३४ | १५,६७६,०००.०० | २०,०००,०००.०० | २५,०००,०००.०० | ३०,०००,०००.०० |
| ४ | निवेदन शुल्क | | ५५,३५०.०० | ५०,०००.०० | ६०,०००.०० | ७०,०००.०० | ८०,०००.०० |
| ५ | संरक्षित पूँजी फिर्ताकोषबाट आय | | ४६,९७५.९८ | ५०,०००.०० | ५०,०००.०० | ५०,०००.०० | ६०,०००.०० |
| ६ | तालिम तथा कार्यक्रमबाट आम्दानी | | ३२,१५०.०० | १८,०००.०० | २०,०००.०० | २३,०००.०० | २५,०००.०० |
| ७ | कमिशन प्राप्त | | १३,७२८.९४ | १२,०००.०० | १३,०००.०० | १५,०००.०० | १६,०००.०० |
| ८ | ऋण अपलेखन तथा असुली आम्दानी | | ४१,८५३.०० | ६,५००,०००.०० | ७,०००,०००.०० | ७,३४०,०००.०० | ७,५००,०००.०० |
| ९ | लगानीबाट लाभांश प्राप्त | १७ | ३३४,९१५.०९ | ४६५,०००.०० | ५०५,०००.०० | ५९६,०००.०० | ६५४,०००.०० |
| १० | मनि टान्सफरवाट कमिशन प्राप्त | | ४,७३७.४८ | ५,०००.०० | ७,०००.०० | ७,०००.०० | ८,०००.०० |
| ११ | मोवाइल रिचार्ज कमिशन | | ४,२७२.५२ | १,२००.०० | १,५००.०० | १,६००.०० | १,८००.०० |
| १२ | बीमा शुल्क (मृतक राहत) | | ७५०,०००.०० | ८००,०००.०० | ९००,०००.०० | १,०००,०००.०० | १,०००,०००.०० |
| १३ | मोवाइल एप्स सेवा कमिशन | | ७३,६००.०० | ७०,०००.०० | ८०,०००.०० | ८०,०००.०० | ९०,०००.०० |
| १४ | अन्य आम्दानी (विक्रि र भाडावाट आम्दानी) | | १५४,३९४.०५ | ६०,०००.०० | ७५,०००.०० | ८०,०००.०० | १००,०००.०० |
| १५ | ऋण व्यवस्थापन/मुल्यांकन शुल्क | | २,०१७,१५०.०० | २,६४०,७००.०० | ३,०००,०००.०० | ३,५००,०००.०० | ४,०००,०००.०० |
| | **जम्मा** | | **८७,०५४,१९०.४०** | **१००,६३२,९००.००** | **११०,६९१,५००.००** | **१२१,७६२,६००.००** | **१३३,९३४,८००.००** |

**खर्च हिसाब** (Expenditure)

| क्र.सं. | शिर्षक | अनुसुची | २०८१/०८२ को लेखा परीक्षण अघि असार महिना सम्मको | २०८२/०८३ को अनुमानित लक्ष्य | २०८३/०८४ को अनुमानित लक्ष्य | २०८४/०८५ को अनुमानित लक्ष्य | २०८५/०८६ को अनुमानित लक्ष्य |
|---|---|---|---|---|---|---|---|
| क | लगानी खर्च हिसाब | | ५३,९३०,३२७.२६ | ५१,३५०,०००.०० | ५३,३५०,०००.०० | ५५,४००,०००.०० | ६०,२५०,०००.०० |
| १ | व्याज खर्च | १८ | ५३,५२३,९३२.०० | ५१,०००,०००.०० | ५३,०००,०००.०० | ५५,०००,०००.०० | ५९,८००,०००.०० |
| २ | ऱ्हासकट्टी | | ४०६,३९५.२६ | ३५०,०००.०० | ३५०,०००.०० | ४००,०००.०० | ४५०,०००.०० |
| ख | कर्माचारी खर्च | १९ | ६,३६३,४२४.२० | ८,२४३,६९९.६९ | ९,०६३,८१९.६६ | ९,९७३,२०१.६३ | १०,९७२,५२१.७९ |
| १ | कर्मचारी वार्षिक तलब खर्च | | ४,४६३,२६७.०० | ५,८७४,७१२.८० | ६,४६२,१८४.०८ | ७,१०८,४०२.४९ | ७,८१९,२४२.७४ |
| २ | कर्मचारी भत्ता / अन्य | | ४९,३७५.०० | ६०,०००.०० | ६६,०००.०० | ७२,६००.०० | ७९,८६०.०० |
| ३ | पोशाक खर्च | | ९०,२०२.०० | १५०,०००.०० | १६५,०००.०० | १८१,५००.०० | १९९,६५०.०० |
| ४ | दशै खर्च | | ४२३,४४५.०० | ४८९,५५९.४० | ५३८,५१५.३४ | ५९२,३६६.८७ | ६५१,६०३.५६ |
| ५ | अतिरिक्त कार्य खर्च | | ४०८,३०१.०० | ४३७,३६३.३३ | ४८१,०९९.६६ | ५२९,२०९.६३ | ५८२,१३०.५९ |
| ६ | बजार प्रतिनिधी र यातायातको इन्धन खर्च | | ४४,०००.०० | १००,०००.०० | ११०,०००.०० | १२१,०००.०० | १३३,१००.०० |
| ७ | सामाजिक सुरक्षा कोष व्यवस्था | | ८८४,८३४.२० | १,०६४,५६४.१६ | १,१७१,०२०.५८ | १,२८८,१२२.६३ | १,४१६,९३४.९० |
| ८ | कर्मचारी बीमा खर्च | | ०.०० | ६७,५००.०० | ७०,०००.०० | ८०,०००.०० | ९०,०००.०० |
| ग | कार्यालय सचालन खर्च | | ११,६९१,६४३.४९ | १६,७५४,५८३.०० | १८,५१४,९७१.३० | २०,४२३,२३८.४३ | १९,७२१,०८२.२७ |
| १ | नखप्ने सामान | | ३९,२६०.०० | ४०,०००.०० | ५०,०००.०० | ६०,०००.०० | ७०,०००.०० |
| २ | मसलन्द तथा छपाई खर्च | २१ | ४९८,२७८.०० | ८५०,५००.०० | ९००,०००.०० | १,०००,०००.०० | १,०००,०००.०० |
| ३ | मर्मत सम्भार खर्च | | ९६,८२०.०० | १००,०००.०० | १५०,०००.०० | २००,०००.०० | २२०,०००.०० |
| ४ | सफ्ट्वेयर (ए एम सी) सम्भार शुल्क | | १०३,०५६.०० | २५०,०००.०० | २५०,०००.०० | ३००,०००.०० | ३००,०००.०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | विविध खर्च | | ८,४००.०४ | १५,०००.०० | १५,०००.०० | १५,०००.०० | १५,०००.०० |
| ६ | सर सफाई खर्च | | ३२,५५७.०० | ३५,०००.०० | ३५,०००.०० | ३५,०००.०० | ३५,०००.०० |
| ७ | धितो मुल्याङ्कन भत्ता शुल्क | | १०२,२५०.०० | ८०,०००.०० | ८०,०००.०० | ८०,०००.०० | ८०,०००.०० |
| ८ | खाने पानी खरिद खर्च | | ३३,१६४.०० | ३५,०००.०० | ३५,०००.०० | ४०,०००.०० | ४०,०००.०० |
| ९ | वेभ साईत (ए एम सी) सम्भार शुल्क | | २८,२००.०० | १५,०००.०० | १५,०००.०० | २०,०००.०० | २०,०००.०० |
| १० | अतिथी सत्कार | | ७,७७५.०० | १०,०००.०० | १०,०००.०० | १०,०००.०० | १०,०००.०० |
| ११ | चाँड पर्व खर्च | | ४९,१३५.०० | ६०,०००.०० | ७५,०००.०० | ७५,०००.०० | ७५,०००.०० |
| १२ | विधुत पानी महशूल खर्च | | ९१,९५२.०० | १२५,०००.०० | १५०,०००.०० | १५०,०००.०० | १५०,०००.०० |
| १३ | न पा कर तिरो तिरेको | | ३२,२०५.०० | ३३,०००.०० | ३५,०००.०० | ३५,०००.०० | ४०,०००.०० |
| १४ | बैंक सेवा / शुल्क चार्ज | | १२,१३२.९८ | १५,०००.०० | २०,०००.०० | २५,०००.०० | २५,०००.०० |
| १५ | तार टेलिफोन टिकट र (पदाधिकारीलाई सहित) | २० | २५१,४००.०० | २५४,०००.०० | २५४,०००.०० | ३००,०००.०० | ३००,०००.०० |
| १६ | संचार तथा पत्र पत्रिका | | १३,७००.०० | १५,०००.०० | १५,०००.०० | ३२,०००.०० | ३२,०००.०० |
| १७ | सहकारी प्रवर्दन खर्च / विज्ञापन खर्च | | २५४,९१४.०० | २५०,०००.०० | २६०,०००.०० | २७०,०००.०० | २८०,०००.०० |
| १८ | सदस्यता आवद्धता तथा नविकरण शुल्क | | ८६,५०६.०० | १००,०००.०० | १००,०००.०० | १००,०००.०० | १००,०००.०० |
| १९ | बीमा खर्च | | २२०,४०५.३३ | २२५,०००.०० | २४०,०००.०० | २५०,०००.०० | २७५,०००.०० |
| २० | सदस्य राहत खर्च | | ७५०,०००.०० | ७००,०००.०० | ८००,०००.०० | ८००,०००.०० | ८००,०००.०० |
| २१ | अन्य बैठक तथा पारिश्रमिक भत्ता | | १२,०००.०० | १५,०००.०० | १८,०००.०० | २५,०००.०० | ३५,०००.०० |
| २२ | तालिम तथा कार्यकम खर्च | २१ | ४२९,७५६.०० | २,२७३,०००.०० | २,४००,०००.०० | २,६००,०००.०० | ३,०००,०००.०० |
| २३ | कार्यालय चिया खर्च | | ६४,३८६.०० | ७०,०००.०० | ८०,०००.०० | ९०,०००.०० | १००,०००.०० |
| २४ | सहकारी अध्ययण अवलोकन भ्रमण खर्च | | ०.०० | २००,०००.०० | २००,०००.०० | २००,०००.०० | २००,०००.०० |
| २५ | कर्मचारी खाजा खर्च | | २२७,६९२.०० | ३००,०००.०० | ३००,०००.०० | ३५०,०००.०० | ३८०,०००.०० |
| २६ | इनधन खर्च | | ५१,२२३.५० | ५०,०००.०० | ५०,०००.०० | ५०,०००.०० | ५०,०००.०० |
| २७ | बैठक खर्च तथा पदाधिकारी पारिश्रमिक | २२ | ४८४,८३०.०० | ९७३,८००.०० | ९७३,८००.०० | ९७३,८००.०० | १,०००,०००.०० |
| २८ | साधारण सभा खर्च | २३ | २,२८५,१४४.०० | ३,७६३,०००.०० | ४,०००,०००.०० | ४,२००,०००.०० | ४,५००,०००.०० |
| २९ | व्याज छुट हिसाब | | १,५०२,६१५.०० | १,०००,०००.०० | २,०००,०००.०० | २,५००,०००.०० | २,०००,०००.०० |
| ३० | ले.प. शुल्क | | २२६,०००.०० | २२३,०००.०० | २२३,०००.०० | २५०,०००.०० | २५०,०००.०० |
| ३१ | सदस्य मृतक रहत/सामाजिक सेवा | | १२०,४६०.०० | १२५,०००.०० | १२५,०००.०० | १५०,०००.०० | १५०,०००.०० |
| ३२ | स्मार्ट बैकिङ्क खर्च एस एम एस | | १३०,५९४.२५ | १००,०००.०० | १२५,०००.०० | १५०,०००.०० | २००,०००.०० |
| ३३ | अन्य यातायात खर्च र जग्गामा माटो पुर्न | | २०,०००.०० | २५,०००.०० | ०.०० | ०.०० | ०.०० |
| ३४ | पदाधिकारी पोशाक खर्च | २४ | ०.०० | २८०,०००.०० | ०.०० | ०.०० | ०.०० |
| ३५ | आन्तरिक लेखा परीक्षण शुल्क | | ०.०० | १५०,०००.०० | १५०,०००.०० | २००,०००.०० | २४०,०००.०० |
| ३६ | अन्य परीक्षण खर्च | | ०.०० | १२०,०००.०० | १२०,०००.०० | २००,०००.०० | २००,०००.०० |
| ३७ | स्तरीकरण कार्यक्रम खर्च | | ०.०० | १५०,०००.०० | १५०,०००.०० | २००,०००.०० | २००,०००.०० |
| ३८ | साँस्कृतिक बाजा गाजा प्रवर्द्धन खर्च | | ०.०० | १००,०००.०० | १००,०००.०० | १००,०००.०० | १००,०००.०० |
| ३९ | कर्जा सूचना केन्द्र आवद्धता शुल्क | | ०.०० | ३००,०००.०० | ५०,०००.०० | ५०,०००.०० | ५०,०००.०० |
| ४० | धितो लिलामी तथा प्राविधिक कार्य शुल्क | | ०.०० | १२०,०००.०० | १५०,०००.०० | २००,०००.०० | २००,०००.०० |
| ४१ | सुरक्षा गार्ड खर्च | | ५०१,७२०.०० | ५९७,८८३.०० | ६५७,६७१.३० | ७२३,४३८.४३ | ७९५,७८२.२७ |
| ४२ | ऋण नोक्सानी व्यवस्था कोष | | २,९२३,११२.३९ | २,६११,४००.०० | ३,१५३,५००.०० | ३,४१४,०००.०० | २,२०३,३००.०० |
| | जम्मा खर्च (क+ख+ग+घ) | | ७१,९८५,३९४.९५ | ७६,३४८,२८२.६९ | ८०,९२८,७९०.९६ | ८५,७९६,४४०.०६ | ९०,९४३,६०४.०६ |
| | अवितरित बचत | | १५,०६८,७९५.४५ | २४,२८४,६१७.३१ | २९,७६२,७०९.०४ | ३५,९६६,१५९.९४ | ४२,९९१,१९५.९४ |
| | **जम्मा** | | **८७,०५४,१९०.४०** | **१००,६३२,९००.००** | **११०,६९१,५००.००** | **१२१,७६२,६००.००** | **१३३,९३४,८००.००** |

शिवजी हाकुदुवाल
**व्यवस्थापक**

रत्नकेशरी सुखुपायो
**कोषाध्यक्ष**

राधेश्याम सुवाल
**अध्यक्ष**

# लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन २०८१/०८२



- बाल कृष्ण नागा
संयोजकः लेखा सुपरिवेक्षण समिति

यस श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि. को २६ औं वार्षिक साधारण सभाका सभाध्यक्षज्यू, प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यू, विभिन्न संघ संस्थाहरुबाट पाल्नु भएका अतिथिज्यू, पत्रकार, संचारकर्मी, संचालक समिति, उपसमितिका सदस्य, कर्मचारी र सभामा सहभागी हुने सम्पुर्ण सदस्य मित्रहरुमा यस लेखा सुपरिवेक्षण समितिको तर्फबाट म संयोजक बालकृष्ण नागाको हार्दिक स्वागत एवं सहकारी अभिवादन ।

२५ औं वार्षिक साधारण सभाबाट नवौ कार्यकालका लागि लेखा सुपरिवेक्षण समितिमा हामीलाई निर्बिरोध निर्वाचित गर्न सहयोग गर्नुभएकोमा यस संस्थाका सम्पुर्ण सदस्य महानुभावहरुमा यस समितिको तर्फबाट हार्दिक धन्यवाद । संस्थाको जिम्मेवारी लिएदेखि सहकारी ऐन २०७४ को दफा ४९(१) मा उल्लेखित लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार क्षेत्र भित्र रही दायित्व निभाएका छौ । आ.व. २०८१/०८२ को लागि संस्थाले निर्धारण गरेको वार्षिक लक्ष्य तथा कार्यक्रमलाई आधार मानी यस संस्थाबाट भए गरेका नीतिगत निर्णय प्रक्रिया तथा व्यवस्थापनबाट गरिएका काम कारवाही सम्बन्धमा समय समयमा बैठक बसि अनुगमन तथा निरीक्षण गरेका छौ । वार्षिक रुपमा न्युनतम ४ पटक बैठक बस्नु पर्ने भए पनि ७ पटक बैठक बसि संस्थाको दैनिक काम कारवाहीलाई सुक्ष्म रुपमा हेर्ने प्रयास गरेका छौ । व्यवस्थापकिय काम कारवाही सम्बन्धमा लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरुबीच कामको बाँडफाँड गरि जिम्मेवारी लिई कार्य गरेका छौं । कर्मचारीहरु कार्यालयमा हाजिर हुने समय र नगद मौज्दात विषयमा निगरानी राख्ने गरेका छौं । संस्थाको बितीय लक्ष्य अनुरुप पुरा नभए पनि अहिले वर्तमान अवस्थामा व्यापार व्यवसायमा देखिएको संकुचनले कारोबारमा कमि आएको भएता पनि सन्तोष जनक नै मान्न सकिन्छ । यद्यपी ऋण लगानी नहुँदा संस्थाको नाफामा कमी आएको छ भने तरलता अत्यधिक भै संस्थाको व्याज जोखिम देखिएकोले समय समयमा ऋण लगानी बढाउन सुझाव पनि दिने गरेका छौं ।

आदरणीय सदस्य महानुभावहरु,

यस समितिले समय समयमा संस्थाको दैनिक काम कारवाही, हाजिरी, कर्मचारीले जिम्मेवारी बोध गरेको छ की छैन भनी निरीक्षण जाँच गर्ने गरेका छौ । संस्थाको मुख्य उद्देश्य बचत तथा ऋण कारोबार भएकोले आ.व. २०८१/०८२ को लागि लक्षित नीति तथा कार्यक्रम अनुसार सम्पन्न भएका वित्तीय कारोबारको आधारमा तयार पारेको लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन यस सभामा प्रस्तुत गर्दछु ।

**१) वित्तीय विवरण :**

| श्रोत | | | | | |
|---|---|---|---|---|---|
| **क्र.सं.** | **शिर्षक** | **२०८१/०८२ को लक्ष्य** | **फरक** | **२०८१/०८२ को उपलब्धी** | **उपलब्धी प्रतिशतमा** |
| १ | शेयर पूँजी | ९,४०,८८,०००.०० | -१,५७,८६,२००.०० | ७,८३,०१,८००.०० | ८३.२२ |
| २ | साधारण जगेडा कोष | ७,६७,७८,७००.०० | -९१,०४५.०८ | ७,६६,८७,६५४.९२ | ९९.८८ |
| ३ | अन्य कोष | ५,९९,५००.०० | १,६७,२६,१६७.८९ | १,७३,२५,६६७.८९ | २८९०.०२ |
| ४ | बचत तथा निक्षेप | १,००,५२,४९,०००.०० | -१८,२५,२२,८७७.३२ | ८२,२७,२६,१२२.६८ | ८१.८४ |
| ५ | दायित्व हिसाब | ७,९४,४८,८००.०० | -५,८८,००,०९३.०२ | २,०६,४८,७०६.९८ | २५.९९ |
| | जम्मा | १,२५,६१,६४,०००.०० | -२४,०४,७४,०४७.५३ | १,०१,५६,८९,९५२.४७ | ८०.८६ |

| श्रोत | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | शिर्षक | २०८१/०८२ को लक्ष्य | फरक | २०८१/०८२ को उपलब्धी | उपलब्धी प्रतिशतमा |
| १ | नगद तथा बैक हिसाब | २०,१८,४३,०००.०० | २९,१५,२८,१८९.९४ | ४९,३३,७१,१८९.९४ | २४४.४३ |
| २ | शेयर लगानी हिसाब | ८८,१६,०००.०० | -१५,७०,०५३.३१ | ७२,४५,९४६.६९ | ८२.१९ |
| ३ | सदस्य ऋण लगानी | ९७,६५,२६,०००.०० | -५१,९०,०१,७२३.२३ | ४५,७५,२४,२७६.७७ | ४६.८५ |
| ४ | चालु सम्पति/पाउनु पर्ने हिसाब | २,४२,९४,७००.०० | -५२,२२,०१४.८९ | १,९०,७२,६८५.११ | ७८.५१ |
| ५ | स्थीर सम्पति | ४,४६,८४,३००.०० | -६२,०८,४४६.०४ | ३,८४,७५,८५३.९६ | ८६.११ |
| | जम्मा | १,२५,६१,६४,०००.०० | -२४,०४,७४,०४७.५३ | १,०१,५६,८९,९५२.४७ | ८०.८६ |

| क्र.सं. | शिर्षक | २०८१/०८२ को लक्ष्य | फरक | २०८१/०८२ को उपलब्धी | उपलब्धी प्रतिशतमा |
|---|---|---|---|---|---|
| १ | जम्मा आम्दानी | १५,७४,१४,८००.०० | -७,३१,२५,८५७.६० | ८,४२,८८,९४२.४० | ५३.५५ |
| २ | जम्मा खर्च | ११,६९,६७,०००.०० | -४,६४,८४,२२०.१४ | ७,०४,८२,७७९.८६ | ६०.२६ |
| | आयकर अघिको नाफा/नोक्सान हिसाब | ४,०४,४७,८००.०० | -२,६६,४१,६३७.४६ | १,३८,०६,१६२.५४ | ३४.१३ |

**२) २५ औं साधारण सभाको निर्णय कार्यान्वयन:**

क. संस्थाको २५ औं वार्षिक साधारण सभाबाट स्वीकृत भएका विभिन्न प्रतिवेदन र प्रस्तावित कार्यक्रम अनुसार नै कार्य भएको पाईयो ।

ख. गत आ.व. को साधारण सभाको निर्णयको छाँया कपी सहितको प्रतिवेदन भुमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, सहकारी महाशाखा, हेटौडामा पेश गरिएको पाईयो ।

ग. संरक्षित पूँजी फिर्ता कोषको रकम सहकारी ऐन अनुसार सदस्यको बचत तथा ऋण कारोबारको आधारमा ४०/६० प्रतिशत अनुपातले हुन आउने रकम बचतकर्ता तथा ऋणी सदस्यहरुलाई वितरण गरिएको पाईएकोछ ।

घ. सहकारी ऐन २०७४ को दफा ३७ मा सहकारी संस्थाको सामाजिक परीक्षण गर्नु पर्ने व्यवस्था अनुसार संस्थाको सामाजिक परीक्षण संचालन निर्देशिका २०८१ को दफा ७ अनुसार आ.व.२०८१/०८२ मा संस्थाले समाजिक परीक्षण गरेको पाईयो ।

ङ. साधारण सभाबाट स्वीकृत भएको संशोधित सातौ त्रिवर्षिय ब्यवसायिक योजनाको लक्ष्य बमोजिम तयार गरेको आ.व. २०८१/०८२ को श्रोत तथा उपयोग र आय व्ययको अनुमानित लक्ष्य हासिल नभए पनि वित्तीय संकुचनको वातावरण भएकोले वित्तीय कारोबार सन्तोषजनक रहेको पाईयो ।

च. साधारण सभाबाट नियुक्त लेखा परीक्षक एस भण्डारी एण्ड एसोसिएट्स चार्टर्ड एकाउन्टेन्ट्सबाट आ.व. २०८१/०८२ को बाह्य लेखा परीक्षण नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) बाट सम्पन्न गरेको पाईयो ।

**३) बचत निक्षेप सम्बन्धमा :**

क) संस्थाले सदस्यहरुसंग मात्र बचत संकलन गरेको छ ।

ख) कुल निक्षेप संकलन :- राष्ट्रिय सहकारी नियमन प्राधिकरणले मिति २०८२/०२/०९ गते जारी भएको मापदण्डको परिच्छेद २ को दफा १ उपदफा २ बमोजिम संस्थाले प्राथमिक पूँजी कोषको १५ गुणा सम्म मात्र बचत संकलन गर्न पाउने सिमा भित्र रही संस्थाले बचत संकलन गरेको छ ।

ग) प्रतिव्यक्ति निक्षेप संकलन :- राष्ट्रिय सहकारी नियमन प्राधिकरणले मिति २०८२/०२/०९ गते जारी भएको परिच्छेद २ को दफा २ उपदफा १ मा संस्थाका प्रति सदस्यले बचत सकलन गर्न पाउने प्राथमिक पूँजी कोषको १० प्रतिशत सम्म हुने व्यवस्था मिलान गर्न तोकिएको मापदण्ड भन्दा बढी भएका सदस्यहरुलाई नियमित गर्न प्रक्रिया अगाडी बढाएको देखिन्छ ।

घ) नियमित बचत :- संस्थामा सदस्यहरुको नियमित बचत सोही मापदण्डको दफा ३ मा व्यवस्था भएको २५ प्रतिशत नियमित

बचत संकलन हुनु पर्नेमा संस्थामा ७.९७ प्रतिशत मात्र रहेको छ । नियमित बचत बढाउन आवश्यक व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

ङ) सिमा कारोबार सम्बन्धमा :- संस्थामा १० लाख भन्दा बढी बचत निक्षेप जम्मा गर्न आउने सदस्यहरुसंग श्रोत खुलाएको देखिन्छ साथै सिमा कारोबार(TTR)को रिपोट नियमित रुपमा नेपाल राष्ट्र बैकको वित्तीय जानकारी एकाईमा पठाएको देखिन्छ ।

**४) ऋण लगानी सम्बन्धी व्यवस्थाः**

क) राष्ट्रिय सहकारी नियमन प्राधिकरणले मिति २०८२/०२/०९ गते जारी भएको मापदण्डको परिच्छेद -३ दफा १ उपदफा २ अनुसार संस्थाको प्राथमिक पूँजी कोषको १५ प्रतिशत भन्दा नबढ्ने गरी ऋण लगानी गरेको पाईयो ।

ख) सोही मापदण्डको दफा १ उपदफा ३ अनुसार ३ लाख भन्दा बढि बिना धितोमा ऋण लगानी गर्न नहुने र दुई जना सदस्यहरुको जमानी हुनु पर्ने व्यवस्था अनुरुपनै संस्थाले बिना धितो ऋण लगानी गरेको पाईयो ।

ग) सुरक्षण सम्बन्धी व्यवस्था :-

अ) मापदण्डको परिच्छेद ३ को दफा २ उपदफा १ मा सदस्यको बचत सुरक्षणको बढीमा ९० प्रतिशत सम्म ऋण प्रवाह गर्न सक्ने व्यवस्थालाई संस्थाले नीतिगत व्यवस्था गरि लागु गरेको छ ।

आ) सोहि मापदण्डको दफा २ को उपदफा २ अनुसार संस्थाले अचल सम्पति धितो सुरक्षणमा ७० प्रतिशत भन्दा बढी ऋण लगानी गर्न नहुने व्यवस्थालाई यस संस्थाले नीतिगत व्यवस्था गरि संस्थागत प्राबिधिक मार्फत मुल्याङ्कनको आधार मा ७० प्रतिशत भन्दा बढी नहुने गरी एक जना सदस्यलाई बढीमा १ करोड सम्म मात्र ऋण लगानी गरेको पाईयो ।

इ) मापदण्डको परिच्छेद ३ को दफा २ उपदफा ३ मा ऋणी सदस्य स्वयंम वा निजको एकाघरको धितोमा मात्र ऋण लगानी गर्नु पर्ने व्यवस्थालाई परि पालना गरेको पाईयो ।

ई) मापदण्डको परिच्छेद ३ को दफा २ उपदफा ५ मा संस्थाका सदस्यहरुलाई शेयरको धितोमा ऋण प्रवाह गर्न नहुने व्यवस्थालाई पुर्ण रुपमा पालना गरेको पाईयो ।

उ) मापदण्डको परिच्छेद ३ को दफा २ उपदफा ६ संस्थाले सम्भाब्य परियोजनको स्थापना र बिकासका लागी परियोजना धितोमा रहने गरि किस्ताबन्दीमा ऋण लगानी गर्ने सक्नेछन भन्ने व्यवस्था भएपनि संस्थाले यस्तो लगानी गरेको छैन ।

ऊ) मापदण्डको परिच्छेद ३ को दफा ३ मा भाखा ननाघेको वा भाखा नाघि ३ महिना ब्यतित नभएको ऋणलाई संस्थाले सक्रिय ऋणमा गणना गरेको छ ।

ए) मापदण्डको परिच्छेद ३ दफा २ र ४.१ अनुसार देहाय बमोजिमको निष्क्रिय ऋणलाई देहाय बमोजिम सुरक्षण कोषको व्यवस्था गर्ने गरि नीतिगत व्यवस्था गरेको छ ।

- भाखा नाघेको ३ महिना सम्मको ऋणमा १ प्रतिशत सुरक्षणको व्यवस्था
- ३ देखी ६ महिना सम्म भाखा नाघेको ऋणमा २५ प्रतिशत सुरक्षणको व्यवस्था
- ६ देखी १२ महिना सम्म भाखा नाघेको संकास्पद ऋणमा ५० प्रतिशत सुरक्षणको व्यवस्था
- १२ महिना भन्दा बढी भाखा नाघेको खराव ऋणमा १०० प्रतिशत सुरक्षणको व्यवस्थालाई चालु वर्षदेखी कार्यान्वयन गर्ने गरी लागु गरेको छ ।

घ) ऋणी सदस्य :- गत वर्ष संस्थामा ऋणी सदस्यहरुमा पुरुष २३१ र महिला १३४ गरी जम्मा ३६५ रहेकोमा यस वर्ष ऋण असुली बढेको र नयाँ लगानी खासै नभएकोले हाल ऋणी संख्या पुरुष २१४ र महिला १०९ गरी जम्मा ३२३ जना मात्र रहेको छ ।

**५) पदाधिकारीहरूको पारिश्रमिक भत्ता, अन्य सुविधाहरु :**

संचालक समिति लगायत अन्य समिति उपसमितिहरुको बैठक भत्ता तथा सुविधाहरु यस प्रकार व्यवस्था गरिएको पाईयो ।

क) संचालक समिति प्रति बैठक भत्ता - रु.१०००।-

ख) लेखा सुपरिवेक्षण समितिको प्रति बैठक भत्ता - रु.१०००।-

ग) विभिन्न उपसमितिको प्रति बैठक भत्ता - रु.८००।-

घ) कार्यक्रम प्रतिनिधित्व सहभागिता - रु.१०००।-

ङ) अन्य सुविधा :- संचालक समिति, लेखा सुपरिवेक्षण समिति र विभिन्न उपसमितिका सदस्यलाई जनही रु.४०००।- देखी ८०००।- सम्म संचार तथा पत्रपत्रिका खर्च वार्षिक रुपमा एक पटक उपलब्ध गराईएको पाईयो ।

**६) कर्मचारी प्रशासन सम्बन्धी व्यवस्था :**

क) संस्थाको मानव संसाधन नीति(HR Policy)-२०७७ बमोजिम व्यवस्थापन गर्ने गरेको छ ।

ख) संस्थामा कार्यरत सम्पुर्ण कर्मचारीलाई आर्थिक वर्षको श्रावण १ गते कार्य विवरण दिई कार्य जिम्मेवारी दिईएको छ ।

ग) संस्थामा यो वर्ष ४ जना कर्मचारीले राजिनामा दिएका छन् भने ४ जना नयाँ कर्मचारी नियुक्त गरेको पाईन्छ । हाल संस्थामा १३ जना नियमित र १ जना करारमा तथा २ जना सुरक्षा गार्ड गरि जम्मा १६ जना कर्मचारी कार्यरत रहेका छन् । जसमा महिला ९ जना र पुरुष ७ जना रहेका छन् ।

**७) तरलता सम्बन्धमा :**

राष्ट्रिय सहकारी नियमन प्राधिकरणले जारी गरेको मापदण्ड अनुसार संस्थाको तरलता कम्तिमा १५ प्रतिशत हुनु पर्नेमा यस संस्थाको तरलता १५ प्रतिशत भन्दा बढी रहेको पाईन्छ ।

**८) लेखा सुपरिवेक्षण समितिको सुझावहरू :**

क) संस्थाका सदस्यहरुको अद्यावधिक विवरण KYM विवरण पुरा हुनु पर्नेमा पुर्णता नभएकोले चालु वर्षमा अद्यावधिक गरि सक्नु पर्ने ।

ख) संस्थामा सदस्य हुँदा न्युनतम १ कित्ता वा १० कित्ता भन्दा कम शेयर लिएका सदस्यहरुलाई १० कित्ता पुऱ्याउने संचालक समितिको निर्णय कार्यान्वयनमा जोड दिनुपर्ने ।

ग) राष्ट्रिय सहकारी प्राधिकरणको मापदण्ड अनुसार सदस्यहरुको नियमित बचत २५ प्रतिशत पुऱ्याउनु पर्ने नीतिगत व्यवस्था भएकोले सो कार्यान्वयनको लागि आवश्यक व्यवस्था मिलाउनु पर्ने ।

घ) पल्स मापदण्ड अनुसार भाखा नाघेको ऋण ५ प्रतिशत भन्दा कम हुनु पर्नेमा आ.व. २०८१/८२ मा भाखा नाघेको ऋण १० प्रतिशतको हाराहारीमा रहेकोले भाखा नाघेको ऋण असुलीमा विशेष ध्यान दिनु पर्ने ।

ङ) पल्स मापदण्ड अनुसार ऋण लगानी कम भएको हाुदा संस्थाको ऋण लगानी बढाई तरलता व्यवस्थापन गर्न नीतिगत वा प्राविधिक व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

च) सस्थाको अधिक तरलतालाई बैक वित्तीय संस्थामा निक्षेप लगानी गरेको भएता पनि सो लगानी बाट प्रतिफल पर्याप्त नहुने भएकोले सदस्यहरुले ऋण लिने वातावरण तयार गर्न आवश्यक कार्यक्रम संचालन गर्ने ।

छ) संस्थाको नीति नियम समय सापेक्ष हुनु पर्दछ, नीति भन्दा फरक भएको अवस्थामा संचालक समितिले निर्णय गराई लागु गरेको देखिए पनि नीति, निर्देशिका र कार्यविधिलाई संसोधन परिमार्जित गर्नु पने देखिन्छ ।

ज) संस्थामा सदस्य भई कुनै किसिमको वित्तीय कारोबार नगरी निस्क्रिय रहेका सदस्यहरुलाई सक्रिय बनाई नियमित कारोबार गराउने समयावधि दिँदा पनि नियमित कारोबार नगर्ने सदस्यहरुको हकमा सदस्यता खारेज गर्न आवश्यक व्यवस्था मिलाउने ।

अन्तमा, हामीलाई दिईएको जिम्मेवारीलाई हाम्रो योग्यता क्षमताले भ्याए सम्म नियमित रुपमा संस्थासंग सम्बन्धित सम्पुर्ण पक्षहरुको गहन रुपमा सुपरिवेक्षण तथा अध्ययन गरि समय समयमा लिखित तथा मौखिक रुपमा कमी कमजोरी सुधार्न ध्यानाकर्षण गर्दै आइरहेका छौं । समितिले विभिन्न समयमा बसेको बैठकमा संचालक समितिलाई ध्यानआकर्षित गरेका विषयहरुमा संचालक समितिले छलफल गरि आवश्यक कार्यान्वयन समेत गरेको देखिन्छ । तसर्थ संस्थालाई दिगो रुपमा सुचारु गरि संस्था र सदस्यहरुको समृद्धिका लागि संस्थाका सबै परिवारहरुको विश्वास भरोसा र एक्यवद्धता आवश्यक हुन्छ । संस्थालाई अझ पारदर्शी र विश्वास योग्य बनाई नियमित रुपमा संस्था संचालन गर्न संस्थाका सदस्य तथा सरोकारवाला पक्षबाट सहयोगको अपेक्षा गरेकाछौं ।

॥ धन्यवाद ॥

**लेखा सुपरिवेक्षण समिति**
संयोजक : बाल कृष्ण नागा
सदस्य : शिव राम मानन्धर
सदस्य : लक्ष्मी जाकिबन्जार

**S. Bhandari & Associates**
*Chartered Accountants*
Kathmandu, Nepal

Firm Regn. No. 598
PAN 103770998
Email: sagar.sbhandari2023@gmail.com

**श्री बाराही बचत तथा ऋण सहकारी संस्था लिमिटेडका**

सदस्य महानुभावहरु समक्ष

आ.व २०८१/२०८२ को स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

१. **लेखापरीक्षकको राय**

हामीले यसै साथ संलग्न **श्री बाराही बचत तथा ऋण सहकारी संस्था लिमिटेड**, भूलाँचा–भ.न.पा–४, भक्तपुर, नेपालको ३२ आषाढ २०८२ को वासलात, सोही मितिमा समाप्त आर्थिक वर्षको नाफा नोक्सान हिसाव, नाफा नोक्सान बाँडफाँड हिसाव, नगद प्रवाह विवरण, इक्यूटीमा भएको परिवर्तन र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको (यस पछि समग्रमा वित्तीय विवरणहरु भनिएको) लेखापरीक्षण सम्पन्न गरेका छौं । यी वित्तिय विवरणहरु प्रतिको उत्तरदायित्व संस्थाको व्यवस्थापनको रहेको छ ।

मन्तब्यको आधार शिर्षक अन्तर्गत समावेश भएका बिषय वस्तुले पार्ने असर बाहेक हाम्रो रायमा र हामीले पाएको अधिकतम जानकारी तथा हामीलाई दिईएको स्पष्टीकरणहरु बमोजिम माथी उल्लेखित वित्तीय विवरणहरुले सारभुत रुपमा संस्थाको ३२ आषाढ २०८२ को वित्तीय अवस्था तथा सो मितिमा अन्त्य भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाव, नाफा नोक्सान बाँडफाँड हिसाव, नगद प्रवाह विवरण, इक्यूटीमा भएको परिवर्तन र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुले प्रचलित कानुनका अधिनमा रही यथार्थ चित्रण गर्दछ ।

नेपाल वित्तीय प्रतिवेदन मान ९ वित्तिय उपकरण (NFRS 9 Financial Instrument) अर्न्तगतको ब्याज आम्दानी र ऋण नोक्सानी व्यवस्था बाहेक संस्थले आ.व २०८१।०८२ को लेखापरिक्षण प्रतिवेदन नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) अनुसार वित्तीय विवरणहरु तयार गरेको छ र संस्थाद्धारा नेपाल वित्तीय प्रतिवेदनमान ९ वित्तिय उपकरण (9 Financial Instrument) पालना गरेको नदेखिएकोले सो बिषयमा यस संस्थाको आ. व २०८१।०८२ को वित्तीय विवरणहरुमा आफ्नो राय प्रस्तुत गर्न असमर्थ छौं ।

२ **कैफियत सहितको रायका आधार**

आ.व. २०८१।०८२ तयार गरिएको वित्तीय विवरणहरु लेखापरीक्षणका क्रममा सहकारी ऐन, सहकारी नियमावली तथा सहकारी विभागबाट जारी मापदण्डहरुको पालनाको सम्बन्धमा देखिएका निम्न उल्लेखित कैफियतहरु :

२.१ श्री बाराही बचत तथा ऋण सहकारी संस्था लिमिटेडले केही सदस्यहरुलाई ऋण प्रवाह गर्दा सहकारी नीति, नियम र मापदण्ड अनुसार आवश्यक परेका कागजपत्रहरुको निरिक्षण गर्दा आवश्यक विवरण मध्ये केही सामान्य कागजात केही फाइलमा पुर्णता नभएको पाइयो ।

२.२. राष्टिय सहकारी नियमन प्राधिकरण २०८२ दफा ३ र ४ को **ऋणको वर्गीकरण** अनुसार संस्थाले प्रवाह गरेको ऋणलाई ऋणको समयावधि र ऋणको स्थिति अनुसार वर्गिकरण गरी सम्भावित ऋण नोक्सानीको व्यवस्था गर्नु पर्ने व्यवस्था रहेको छ ।

S. BHANDARI & ASSOCIATES Kathmandu Nepal Chartered Accountants

तसर्थ श्री बाराही बचत तथा ऋण सहकारी संस्था लिमिटेडले आ.व. २०८१।८२ आषाढ मसान्त सम्मको सम्पूर्ण ऋणमा सहकारी मापदण्ड २०८२ अनुसार ऋण नोक्सानी व्यवस्था गर्नु पर्ने भएतापनि ऋण नोक्सानी व्यवस्था गरेकोमा केहि रकम नपुगेको पाइयो । तसर्थ संस्थाले आ.व. २०८१।८२ आषाढ मसान्त सम्ममा थप रु २९,२३,१११.७० ऋण नोक्सानी व्यवस्था गरि कुल रु २,९५,२४,६७५.७० को ऋण नोक्सानी व्यवस्था कायम गरेको छ ।

२.३ सहकारी एकीकृत निर्देशन –२०७९ अनुसार सहकारी संघसंस्थाहरुले नकमाउने सम्पत्ति कुल सम्पत्तिको ५% भन्दा कम कायम राख्ने व्यवस्था रहेकोमा यस संस्थामा कुल रु ६,००,८९,६९२.०७ आय नहूने सम्पत्ति रहेको छ जुन संस्थाको कूल सम्पत्तिको ५.९२ प्रतिशत रहेको छ ।

२.४ संस्थाले मार्गस्थल नगदको विमा यस बर्ष देखि मात्र गर्न पहल गरेको पाइयो ।

२.५ संस्थाले संस्थागत सदस्यबाट (संस्थागत) बचत संकलन गरेको कार्य चालु बर्ष देखि नगर्ने प्रावधान पाइयो ।

२.६ श्री बाराही बचत तथा ऋण सहकारी संस्था लिमिटेडको लामो फाराम लेखापरिक्षण प्रतिवेदन यसै लेखापरीक्षण प्रतिवेदन साथ समावेश गरिएको छ ।

२.७ श्री बाराही बचत तथा ऋण सहकारी संस्था लिमिटेडको लेखा नीति तथा टिप्पणीहरु यसै प्रतिवेदनमा समावेश गरिएको छ ।

हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षण मानहरु बमोजिम सम्पन्न गरेका छौं । ति मान बमोजिम हाम्रो जिम्मेवारी यसै प्रतिवेदनको "वित्तीय विवरणको लेखापरीक्षणमा लेखापरीक्षकको उत्तरदायित्व" अन्तर्गत थप व्याख्या गरिएको छ । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्धारा जारी गरिएको The Handbook of the code of Ethics for Professional Accountants बमोजिम हामी संस्थासंग स्वतन्त्र छौं र हामीले सो ह्यान्डबुक बमोजिमको अन्य नैतिक दायित्वको पालना गरेका छौं । हाम्रो लेखापरीक्षण प्रमाणले हाम्रो मन्तब्यलाई पर्याप्त आधार प्रदान गरेको कुरामा हामी विश्वस्त छौं ।

**अन्य व्यहोरा**

लेखापरीक्षणको क्रममा हामीलाई जानकारी हुन आएका आन्तरिक नियन्त्रणसंग सम्बन्धित कमीकमजोरीहरु तथा सो निराकरणका लागि दिइएको सुझावहरु प्रति यहाँहरुको ध्यानाकर्षण गर्दछौ

**३ वित्तिय विवरण उपर व्यवस्थापन तथा सुशासनको जिम्मेवारी बहन गरेको उत्तरदायित्व**

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्धारा जारी गरिएका नेपाल वित्तीय प्रतिवेदनमान अनुरुप वित्तीय विवरणहरु यथार्थ र उचित चित्रण गर्ने तथा चाहे जालसाजी वा गल्तीबाट होस, सारभुत रुपमा त्रुटी रहित वित्तिय विवरण तयार गर्ने, सम्बन्धीत आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा गर्ने जिम्मेवारी संस्थाको व्यवस्थापनमा रहेको छ । वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनलाई संस्था विघटन गर्ने, संचालन बन्द गर्ने वा सो बाहेक व्यवहारीक वैकल्पिक विकल्प नभएको अवस्थामा बाहेक, संस्था निरन्तर संचालन हुने क्षमताको मुल्याङकन गर्ने, आवश्यकता बमोजिम खुलासा गर्ने र निरन्तर संचालनमा आधारित लेखा नीति प्रयोग गरि वित्तीय विवरणहरु तयार गर्ने जिम्मेवारी संस्थाको व्यवस्थापनको रहेको छ ।

S. BHANDARI & ASSOCIATES Kathmandu Nepal Chartered Accountants

संस्थाको संचालक समिति संस्थाको वित्तीय सम्प्रेषण प्रक्रियाको रेखदेखको लागि जिम्मेवार छ ।

४ **वित्तीय विवरणको लेखापरीक्षणमा लेखापरीक्षकको उत्तरदायित्व**

वित्तीय विवरणहरु सम्पुर्ण रुपमा चाहे जालसाजी वा गल्तीबाट होस, सारभुत रुपमा त्रुटी रहित छन वा छैनन भन्ने बारे उचित आश्वस्तता प्राप्त गर्नु र हाम्रो राय समाबेश गरी प्रतिवेदन जारी गर्नु हाम्रो उद्देश्य हो । उचित आश्वस्तता एक उच्च स्तरीय आश्वस्तता भएतापनि सारभुत त्रुटीहरु विद्यमान रहेको अवस्थामा समेत लेखापरीक्षण मानहरु अनुरुपै गरिएको लेखापरीक्षणमा समेत उक्त सारभुत त्रुटीहरु सधैं पहिचान हुन्छ भन्ने आश्वस्तता रहँदैन । गलत प्रस्तुती, जालसाजी वा त्रुटीबाट उत्पन्न हुन सक्दछन र ती प्रस्तुतीहरुले वित्तिय विवरणको आधारमा प्रयोगकर्ताहरुले लिने आर्थिक निर्णयहरुलाई अलग अलग वा समग्र रुपमा प्रभाव पार्न सक्ने उचित अपेक्षा गरिन्छ भन्ने उक्त गलत प्रस्तुतीलाई सारभुत रुपमा गलत प्रस्तुती भनिन्छ ।

नेपाल लेखापरीक्षण मान अनुरुप लेखापरीक्षणको क्रममा हामी व्यवसायीक सन्देह कायम राखी पेशागत अभ्यास गर्दछौं । क्रमश हामीले :

- वित्तिय विवरणमा जालसाजी वा त्रुटीबाट हुनसक्ने सारभुत गलत प्रस्तुतीहरुको जोखिम पहिचान तथा मुल्यांकन गरी ती जोखिमहरुको लागि प्रभावकारी लेखापरीक्षण प्रक्रियाहरु तर्जुमा गरि हाम्रो मन्तव्य प्रदान गर्ने आधारको लागि पर्याप्त तथा उचित लेखापरीक्षण प्रमाण संकलन गर्दछौं । मिलीभगत, ठगी, जानाजानी चुक, गलत प्रतिनिधित्व वा आन्तरिक नियन्त्रण प्रणालीको मिचाई समावेश हुने भएकाले गल्तीहरु भन्दा जालसाजीबाट हुने सारभुत गलत प्रस्तुतीहरुको पहिचान नहुने जोखिम अधिक रहन्छ ।
- संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारीता सम्बन्धी राय व्यक्त गर्ने उद्देश्य नभई, लेखापरीक्षण प्रक्रियाहरु तर्जुमा गर्नका लागि लेखापरीक्षणमा प्रासगिंक हुने संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको बारेमा जानकारी प्राप्त गर्दछौं ।
- व्यवस्थापनले प्रयोग गरेका लेखा नीतिहरुको औचित्य, लेखा अनुमानको व्यवहारीकता तथा लेखा सम्बन्धि खुलासाहरुको मूल्यांकन गर्दछौं ।
- व्यवस्थापनले प्रयोग गरेका व्यवसायको निरन्तरतामा आधारित लेखा नीतिको औचित्यता तथा प्राप्त लेखापरीक्षण प्रमाणको आधारमा कुनै घटना वा अवस्थाहरुसंग सम्बन्धित सारभुत अनिश्चितताको कारणले संस्थाको व्यवसायको निरन्तरताको क्षमतामा उल्लेख्य शंका उत्पन्न गर्न सक्ने अवस्थामा तथा यदि हामीले सारभुत अनिश्चितता रहेको निष्कर्ष निकालेमा, लेखापरीक्षण प्रतिवेदनमा वित्तीय विवरणको सम्बन्धित खुलासा उपर ध्यानाकृष्ट गर्नुपर्दछ वा ती खुलासा अपर्याप्त भएमा, हाम्रो राय परिमार्जन गर्नुपर्दछ । हाम्रो निष्कर्ष लेखापरीक्षण प्रतिवेदन मितिसम्म प्राप्त लेखापरीक्षण प्रमाणमा आधारित रहेको हुन्छ । तथापी भविष्यका घटना तथा अवस्थाहरुले संस्था अविछिन्न निकायको रुपमा नरहन सक्दछ ।
- वित्तिय विवरणको समग्र प्रस्तुतीकरणको ढाँचा र खुलासा सहितको विषयवस्तु तथा अर्न्तनिहित कारोवार एवंम घटनाहरुलाई वित्तीय विवरणमा निष्पक्ष रुपमा प्रस्तुतीकरण गरे नगरेको मूल्यांकन गर्दछौ । हामीले वित्तिय विवरण उपर व्यवस्थापन तथा सुशासनको जिम्मेवारी बहन गरेकाहरुलाई अन्य विषयका अतिरिक्त, लेखापरीक्षण खोजहरु लगायत संस्थाको आन्तरिक नियन्त्रण प्रणालीमा रहेका महत्वपुर्ण कमी कमजोरीहरुको जानकारी गराउँदछौं ।

S. BHANDARI & ASSOCIATES
Kathmandu Nepal
Chartered Accountants

सुशासनको जिम्मेवारी बहन गरेकाहरुलाई प्रासगिंक नैतिक आवश्यकताहरु पालना गरेको जानकारी सहितको विवरण र हाम्रो स्वतन्त्रतामा उल्लेख्य प्रभाव पार्न सक्ने मानिएका सबै सम्बन्ध तथा अन्य कुराहरु साथै सो सम्बन्धि प्रतिरोध बारेमा समेत जानकारी गराउदँछौ ।

**५ अन्य कानुनी तथा नियमक निकायका आवश्यकता सम्बन्धि प्रतिवेदन**

- हामीले लेखापरीक्षण कार्य सम्पन्न गर्न आवश्यक ठानेका सूचना तथा स्पष्टीकरण सन्तोषजनक रुपमा पाएका छौं ।
- हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा, हाम्रो रायमा संस्थाको हिसाव किताव तथा लेखा प्रचलित ऐन बमोजिम राखिएको छ ।
- यो प्रतिवेदनसँग सम्बन्धित संलग्न वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण, इक्यिूटीमा भएको परिवर्तन र संलग्न अनूसूचिहरु तोकेको ढाँचा र तरिका अनुसार तयार गरिनुका साथै संस्थाले राखेको हिसाव किताव, वाहीखाता, श्रेस्ता र लेखासंग दुरुष्त रहेका छन् ।
- हामीले लेखापरीक्षणको समयमा संस्थाको सञ्चालक समिति वा कुनै प्रतिनिधि वा कुनै कर्मचारीले प्रचलित कानुन विपरित कार्य गरेको वा संस्थाको सम्पत्ति हिनामिना गरेको वा हानी नोक्सानी गरेको, गराईएको जानकारीमा आएन ।

एस. भण्डारी एण्ड एसोसिएट्स
चाटर्ड एकाउन्टेन्टस

S. BHANDARI & ASSOCIATES Kathmandu Nepal Chartered Accountants

सि.ए. सागर भण्डारी
(प्रोपराइटर)
मिति : २०८२।०५।०६

काठमाण्डौ, नेपाल
UDIN: 250829CA00900NCXqD

**श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि.**

भ.न.पा–४, भुलाँचा, भक्तपुर

२०८२ साल आषाढ मसान्तको

**वित्तीय विवरण सम्बन्धित नीति तथा टिप्पणीहरु**

**१. सामान्य जानकारीः**

श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि. मिति २०५४ साल फागुण २० गते बाराही बचत कोषको नामले भक्तपुर गःपलि टोल तथा यसका आसपासमा व्यवसाय गर्दै आएका ११ जना किसान, विभिन्न पेशामा आवद्ध तथा सामाजिक अभियान्ताहरू मिली स्थापना गरिएको थियो भने मिति २०५६ साल श्रावण ४ गते सहकारी ऐन २०४८ अनुसार तत्कालीन डिभिजन सहकारी कार्यालय भक्तपुरमा दर्ता नं. १/२०५६/०५७ बाट २६ जना संस्थापक रहेने गरी विधिवत दर्ता भएको संस्था हो । यस संस्थाको स्थायी लेखा नं.(PAN) ५००२२०६५० रहेको छ ।

संस्थाले आधुनिक प्रविधिलाई आत्म साथ गरी गुणस्तरीय वित्तीय सेवा तथा क्षमता विकास गरी सदस्यहरुको आर्थिक, सामाजिक र साँस्कृतिक विकास गर्न प्रतिबद्ध छ । हाल संस्थाले सदस्यहरुलाई भक्तपुर नगरपालिकाको वडा नं. ४, भुलाँचा स्थित रहेको संस्थाको आफ्नै भवनबाट बचत, ऋण, सामाजिक सुरक्षा, सामाजिक सेवा, डिजिटल बैंकिङ्ग सेवा र अन्य सेवाहरु समेत प्रदान गर्दै आइरहेको संस्था हो । समुदायको पहिलो छनौटको उत्कृष्ट वित्तीय सहकारी संस्था भन्ने परिकल्पना बोकी अगाडी बढेको संस्था हो । संस्थाको कार्यक्षेत्र भक्तपुर जिल्लाको भक्तपुर नगरपालिका, सर्यविनायक नगरपालिका, चाँगुनारायण नगरपालिका र मध्यपुर थिमि नगरपालिकाको वडा नं. ९ रहेकोले त्यस कार्यक्षेत्रमा बसोबास गरेका व्यक्तिलाई सदस्य बनाई सेवा प्रदान गर्दै आएको संस्था हो ।

**१.१ आवद्धताः**

यस संस्था सहकारी अभियानको विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय छाता संघ संस्थाहरूमा आवद्ध रहेको छ । संस्था आवद्ध रहेको संघ संस्थाको विवरण देहाय अनुसार रहेको छ ।

| क्र.स. | आवद्ध रहेको संघ / संस्था | कैफियत |
|---|---|---|
| १ | एशियाली ऋण महासंघ (ACCU ) | Supporter Member |
| २ | नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि (नेफ्स्कून) | सदस्यता |
| ३ | राष्ट्रिय सहकारी बैंक लि | सदस्यता |
| ४ | बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि | सदस्यता |
| ५ | भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. | सदस्यता |
| ६ | जनहित बहुउद्देश्य उपभोक्ता सहकारी संस्था लि. | सदस्यता |
| ७ | महामञ्जुश्री आवास विशिष्टिकृत सहकारी संघ लि | सदस्यता |

**१.२. सम्मान तथा पुरस्कारः**

यस संस्थाले हालसम्म विभिन्न निकायहरूबाट तपसिल अनुसारका पुरस्कार तथा सम्मान प्राप्त गरेको छ

| क्र.स. | सम्मान तथा पुरस्कार | सम्मान र पुरस्कार प्रदान गर्ने संघ संस्था र निकाय |
|---|---|---|
| १ | Access Bronze 2017 | एशियाली ऋण महासंघ (ACCU ) |
| २ | Access Bronze 2018 | एशियाली ऋण महासंघ (ACCU ) |
| ३ | Access Bronze 2019 | एशियाली ऋण महासंघ (ACCU ) |
| ४ | Access Bronze 2020 | एशियाली ऋण महासंघ (ACCU ) |
| ५ | नगरस्तरीय उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार २०७९ | भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. |

S. BHANDARI & ASSOCIATES Kathmandu Nepal Chartered Accountants

**१.३. सदस्य विवरण:**

| विवरण | २०८२ असार मसान्त | २०८१ असार मसान्त |
|---|---|---|
| महिला सदस्य | २८९९ | २८४६ |
| पुरूष सदस्य | २९४९ | २९०० |
| संस्थागत सदस्य | ६ | ७ |
| **जम्मा** | **५८५४** | **५७५३** |

**२. लेखांकनका आधार:**

**२.१. अनुपालन सम्बन्धी उद्घोषण:**

संस्थाको आर्थिक वर्ष २०८१/८२ को वार्षिक वित्तीय विवरणहरू नेपाल लेखामान बोर्ड (Accounting Standards Board, Nepal - ASBN) बाट जारी भई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (Institute of Chartered Accountants of Nepal - ICAN) द्वारा अनुपालनको लागि सूचित गरिएको नेपाल वित्तीय प्रतिवेदन मानमा (Nepal Financial Reporting Standard - NFRS) भएका व्यवस्था अनुसार तयार गरिएका छन् । उक्त वार्षिक वित्तीय विवरणहरू संघीय सहकारी ऐन २०७४, संघीय सहकारी नियमावली २०७५ त्यसैगरी बागमती प्रदेश सहकारी ऐन २०७६, बागमती प्रदेश सहकारी नियमावली २०७६, राष्ट्रिय सहकारी नियमन प्राधिकरण २०८२ तथा सहकारी विभागबाट जारी गरिएको निर्देशनहरूका अधिनमा रही तयार पारिएका छन् ।

उक्त वार्षिक विवरण तयार गर्दा अपनाईएका प्रमुख नीतिहरू **बुँदा नं. ३** मा प्रस्तुत गरिएका छन् ।

### २.१.१ Reporting period and approval of financial statements

वार्षिक वित्तीय प्रतिवेदन नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) मा भएका प्रावधान बमोजिम तयार गरिएको छ । अन्तर्राष्ट्रिय लेखामान बोर्डले जारी गरेको अन्तर्राष्ट्रिय वित्तीय प्रतिवेदन मान (IFRS) मा आधारित रहेर नेपाल लेखामान बोर्डले नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) जारी गरेको हो । नेपाल चार्टड एकाउन्टेन्ट्स संस्थाले वित्तीय प्रतिवेदन तयार गर्दा NFRS बमोजिम तयार गर्नुपर्ने सूचना जारी गरेको छ ।

| Relevant Financial Statement Nepalese Calendar English Calendar | Date / Period Date / Period |
|---|---|
| Reporting Date | 32 Ashad 2082, 16 July 2025 |
| Comparative Reporting Date | 31 Ashad 2081, 15 July 2024 |
| Reporting period | 01 Shrawan 2081 - 32 Ashad 2082 16 July 2024 - 16 July 2025 |
| Comparative Reporting Period | 01 Shrawan 2080 - 31 Ashad 2081 17 July 2023 - 15 July 2024 |

**२.१.२ नेपाल वित्तीय प्रतिवेदन मान अनुसार वित्तिय विवरण तयार गर्ने क्रममा संस्थाले पालना गर्न नसकेको मानहरुको निम्न बमोजिमका अवस्था अपनाएको छ ।**

**(क) NFRS 9- वित्तीय उपकरण : पहिचान, लेखांकन तथा मापन (ऋण नोक्सानी व्यवस्था सम्बन्धी) :**

NFRS 9 को Para 5.5 को व्यवस्था बमोजिम बैंक तथा वित्तीय संस्थाहरूले ऋण नोक्सानी व्यवस्था (Loan Loss Provision) कायम गर्दा "Expected Credit Loss Model" अपनाएर गनुपर्ने प्रावधान अनुसार गर्न नसकिने अवस्था रहेकोले संस्थाले राष्टिय सहकारी नियमन प्राधिकरण २०८२ दफा ३ र ४ को ऋणको वर्गीकरण बमोजिम असल ऋणलाई १%, कमसल ऋणलाई २५%, शंक्सपद ऋणलाई ५०% र खराब ऋणलाई १००% ऋण नोकसानी व्यवस्थालाई लेखांकन गरेको छ ।

S. BHANDARI & ASSOCIATES Kathmandu Nepal Chartered Accountants

**(ख) NFRS 9 - वित्तीय उपकरण पहिचान तथा मापन (समायोजित ब्याजदर सम्बन्धी) Effective Interest rate:**

NFRS 9 को Para 5.4 व्यवस्था बमोजिम बैंक तथा वित्तीय संस्थाहरूले ऋण लगानीबाट हुने ब्याज आम्दानी गणना गर्दा सेवा शुल्क र कमिशनलाई समेत समायोजन गरी हुन आउने समायोजित ब्याजदर (Effective Interest Rate) मा गणना गर्ने व्यवस्था रहेकोमा संस्थाले सोको पालना गर्ने अवस्थामा नरहेको र संस्थाले असल ऋण लगानीमा प्राप्त गर्न बाकी ब्याज रकमलाई ब्याज अम्दानीमा समाबेश गरेको, कमसल र शंकास्पद ऋण लगानीमा प्राप्त बाँकी ब्याज रकम अन्य सम्पति र अन्य दायित्वको अन्तर्गत ब्याज मुल्तबीमा लेखाङ्कन गरेको र खराब ऋण लगानीमा प्राप्त बाँकी ब्याज रकमलाई ब्याज मुल्तबीसंग हिसाब मिलन गरि वित्तिय विवरणमा सोको असरलाई न्यून गरि राफसाफ गरेको छ ।

**२.१.३. प्रतिवेदनको समयावधि तथा वित्तीय विवरणको स्वीकृतिः**

संस्थाले नेपाली क्यालेण्डर अनुसार नेपाली आर्थिक वर्षको शुरूवात २०८१ श्रावण १ गते र अन्त्य २०८२ असार ३२ गतेलाई मानी आफ्नो वित्तीय विवरण तयार पारेको छ । संस्थाको सञ्चालक समितिले आर्थिक वर्ष २०८१/८२ को वित्तीय विवरण २०८२/०५/०६ गतेका दिन पारित गरेको साथै शेयरधनी सदस्यको आगामी वार्षिक साधारण सभाको अनुमोदनको निमित्त सिफारिश गरिएको छ ।

**२.२. वित्तीय विवरणको उत्तरदायित्वः**

संस्थाको वित्तीय विवरण तयार पार्ने उत्तरदायित्व सञ्चालक समिति तथा व्यवस्थापनमा निहित रहेको छ । समितिले उक्त उत्तरदायित्वलाई वार्षिक प्रतिवेदनमा उल्लेख गरे बमोजिम स्वीकार गर्दछ । वित्तीय विवरणमा निम्न विवरणहरू समावेश गरिएका छन् ।

(क) संस्थाको आषाढ मसान्त, २०८२ मा कायम वित्तीय अवस्थाको जानकारी प्रदान गर्ने वित्तीय अवस्थाको विवरण (Statement of Financial Position)

(ख) संस्थाको आर्थिक वर्ष २०८१/८२ को वित्तीय प्रगतिको जानकारी प्रदान गर्ने नाफा नोक्सान हिसाब तथा अन्य विस्तृत आयको विवरण (Statement of Profit or Loss and Statement of Other Comprehensive Income)

(ग) संस्थाको आर्थिक वर्ष २०८१/८२ को नगद प्रवाहको जानकारी प्रदान गर्ने नगद प्रवाह विवरण (Statement of Cash Flows)

(घ) संस्थाको आर्थिक वर्ष २०८१/८२ मा जेथामा भएको परिर्वतनको जानकारी प्रदान गर्ने इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण ( Statement of Change In Equity), तथा

(ङ) संस्थाको वित्तीय विवरण तयार गर्दा अवलम्बन गरिएको प्रमुख लेखा नीतिहरू र वित्तीय विवरणसँग सम्बन्धित अन्य सान्दर्भिक जानकारीहरू समेटिएको लेखा सम्बन्धी टिप्पणीहरू ।

**२.३. कार्यात्मक तथा प्रस्तुतीकरण मुद्राः**

वित्तीय विवरणहरू संस्थाको कार्यात्मक मुद्रा नेपाली रूपैयाँमा प्रस्तुत गरिएको छ । वित्तीय स्थितिमा सम्पत्ति र दायित्वलाई तरलताको क्रममा प्रस्तुत गरिएको छ । विस्तृत आय विवरणमा आम्दानी र खर्चलाई सम्बन्धित प्रकृतिका आधारमा वर्गीकरण गरिएको छ । अंकहरू निकटतम दुई दसमलबमा देखाइएको छ ।

**२.४. महत्वपूर्ण लेखांकन निर्णय र अनुमानः**

NFRS को प्रावधान बमोजिम लेखा नीति अपनाएर वित्तीय प्रतिवेदन तयार गर्दा NFRS ले निर्दिष्ट गरे बमोजिम उपयुक्त तथा समुचित अनुमान (Estimate), धारणा (Assumption), तथा स्वविवेक (Judgement) हरूलाई आधार बनाइएको हुन्छ । सहकारीको व्यवस्थापनले उक्त अनुमान, धारणा तथा स्वविवेकको समय अनुकुल पुनरावलोकन गरी आवश्यक भएको अवस्थामा NFRS ले निर्दिष्ट गरे अनुसार समायोजन गर्ने गरेको छ ।

वित्तीय विवरणको तयारीमा निम्न क्षेत्रको अनुमान, धारणा तथा स्वविवेकको प्रयोगले महत्वपूर्ण भूमिका खेलेको हुन्छ :

- वित्तीय उपकरणको बजार मुल्य निर्धारण (Fair Value of Financial Instruments)
- वित्तीय सम्पत्ति तथा दायित्वको वगीकरण (Classification of Financial Assets and Financial Liabilities) वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था निर्धारण (Impairment Losses on Financial Assets)
- गैर वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था निर्धारण ( Impairment Losses on Non-Financial Assets)
- स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको उपयोग अवधि निर्धारण (Useful Economic Life of Property and Equipment)

S. BHANDARI & ASSOCIATES Chartered Accountants Kathmandu Nepal

- आयकर तथा स्थगन कर निर्धारण (Taxation and Deferred Tax)
- परिभाषित लाभ दायित्व निर्धारण (Defined Benefit Obligations)
- सम्भावित दायित्व निर्धारण (Provision for Liabilities, Commitments and Contingencies)
- लगानी सम्पत्तिको वगीकरण (Classification of Investment Property)

**२.४.१ वित्तीय उपकरणको बजार मुल्य निर्धारण (Fair Value of Financial Instrument):**
वित्तीय सम्पत्ति तथा दायित्वको बजार मुल्य निर्धारण बुँदा नं ५.१ मा उल्लेखित मुल्यांकन तालिका अनुसार निर्धारण गरिन्छ र सो क्रममा विभिन्न मुल्यांकन विधि तथा Statistical Models को प्रयोग गरिन्छ ।

**२.४.२ वित्तीय सम्पत्ति तथा दायित्वको वर्गीकरण (Classification of Financial Asset and Liabilities):**
वित्तीय सम्पत्ति तथा दायित्वको प्रस्तुति र मापन Amortized Cost (परीशोधित मुल्य) अथवा बजार मुल्य मध्ये कुनै एकमा आधारित मुल्यांकन विधिका अनुसार निम्न वर्गहरूमा वर्गीकृत गरिएको छ :

- Amortized Cost (परीशोधित मुल्य) मा वर्गीकरण गरिएको,
- Fair Value Through Profit or Loss (FVTPL) मा वर्गीकरण गरिएको,
- Fair Value Through Other Comprehensive Income (FVTOCI) मा वर्गीकरण गरिएको
वित्तीय सम्पत्ति तथा दायित्वको वगीकरण अनुसार मुल्यांकन र लेखांकन फरक पर्ने हुन सक्छ । सहकारीले सम्पत्ति तथा दायित्वको प्रस्तुती तथा मुल्यांकनलाई उपयुक्त लेखा नीति अवलम्बन गरी वर्गीकरण गर्ने गरेको छ । वित्तीय सम्पत्ति तथा दायित्व सम्बन्धमा थप जानकारी बुँदा नं ३.४ मा प्रस्तुत गरिएको छ ।

**२.४.३ वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था (Impairment Losses on Financial Assets):**
संस्थाले NFRS 9 को Para 5.5 को 'Expected Credit Loss Model' अपनाएर गनुपर्ने प्रावधान अनुसार गर्न नसकिने अवस्था रहेको हुँदा राष्ट्रिय सहकारी नियमन प्राधिकरण मापदण्ड, २०८२ (परिच्छेद ३ बुँदा नं. ३ र ४) बमोजिमले जारी निर्देशन बमोजिम ऋण नोक्सानीको व्यवस्था गरिएको छ ।

सहकारीको वित्तीय सम्पत्तिमा गर्नुपर्ने नोक्सानी व्यवस्था सम्बन्धी विवरण लेखा नीतिको बुँदा ३.४.८ मा प्रस्तुत गरिएको छ ।

**२.४.४ गैर वित्तीय सम्पत्तिको नोक्सानीको व्यवस्था:**
सहकारीले आवधिक रूपमा गैर वित्तीय सम्पत्तिमा गर्नुपर्ने नोक्सानी व्यवस्थाको परीक्षण गरी रहेको हुन्छ यस्तो सम्पत्तिको नोक्सानी व्यवस्थाको लागि व्यवस्थाको उक्त सम्पत्तिबाट भविष्यमा हुन सक्ने नगद प्रवाहको अनुमान गरी सोलाई उपयुक्त Discount दरले आजको मुल्यमा ल्याई "Value in Use" मापन गर्नुपर्ने हुन्छ ।

**२.४.५ स्थिर सम्पत्तिको उपयुक्त प्रयोग अवधि:**
सहकारीले उपयुक्त अनुमान, धारणा तथा स्वविवेकको आधारमा आवधिक रूपमा स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको ह्रासकट्टीको विधि, उपयुक्त प्रयोग अवधि तथा उक्त अवधिको अन्त्यमा बाँकी रहने मुल्य (Residual Value) पुनरावलोकन गर्ने गरेको छ ।

**२.४.६ कर तथा स्थगन कर:**
आयकर खर्चमा यस वर्षको कर, स्थगन कर तथा विगत वर्षको कुनै थप कर दायित्व आयमा सो समेत समावेश गरिन्छ ।

**(क) चालु कर:**
चालु आयकर दायित्व भन्नाले चालु आर्थिक वर्षमा गरिएको मुनाफाबाट आन्तरिक राजश्व विभागलाई तिर्नुपर्ने आयकर रकम हो । आयकर गणना गर्ने प्रयोजनको लागि उपयोग हुने करका दर तथा कर सम्बन्धी कानून वित्तीय स्थितिको विवरण मितिमा लागू भएका दर हुन । सोही अनुरूप चालु आयकरको गणना गर्दा आयकर ऐन २०५८ (संशोधन सहित) मा गरिएको व्यवस्था बमोजिम यस वर्षको नाफालाई आधार मानी गणना गरिन्छ ।

**(ख) स्थगन कर:**
सम्पत्ति तथा दायित्वहरूको वित्तीय विवरणमा गणना गरिएको रकम तथा कर कानूनका हिसाबले गणना गरिएको रकममा हुने भिन्नतालाई वित्तीय विवरणमा स्थगन कर सम्पत्ति ( वा स्थगन कर दायित्व) का रूपमा लेखांकन गरिन्छ । स्थगन कर सम्पत्तिलाई भविष्यमा हुने करयोग्य आयमा दावी गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएसम्म सम्पत्तिको रूपमा पहिचान गरिँदैन ।

S. BHANDARI & ASSOCIATES Kathmandu Nepal Chartered Accountants

**२.४.७ सम्भावित दायित्वको लागि व्यवस्था:**

सम्भावित दायित्वहरूमा विगतका घटनाक्रमबाट उत्पन्न हुन सक्ने त्यस्ता दायित्वहरू जसको अस्तित्व तथा परिणाम भविष्यका एक वा एक भन्दा बढी तथा सहकारीको नियन्त्रण भन्दा बाहिर रहने अनिश्चित घटना क्रमहरूले निक्यौल गर्ने तथा विगतका घटना क्रमबाट उत्पन्न भएका तर देहायका कारणले गर्दा हाल लेखांकन नगरिएको दायित्वहरू पर्दछन् ।

- दायित्व निसर्ग गर्नका लागि आर्थिक लाभ हुने श्रोत बाहिरिने सम्भावना नरहेको अथवा,
- दायित्व मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको,
- यस सम्बन्धी थप जानकारी बुँदा नं ४.१८ मा प्रस्तुत गरिएको छ ।

**२.४.८ लगानी सम्पत्तिको वर्गीकरण:**

कुनै सम्पत्ति लगानी सम्पत्तिको रूपमा वर्गीकरण गर्न योग्य भए वा नभएको निर्धारण गर्नको लागि व्यवस्थापनको स्वविवेक आवश्यक पर्दछ । सहकारीले यी स्वविवेकको एकनास रूपले प्रयोग गर्न मापदण्डहरूको विकास गरेको छ । कुनै सम्पत्ति जुन भाडा वापत कमाउन वा पुँजीको मुल्य वृद्धिको लागि राखिएको छ वा दुवै उद्देश्यको लागि धारण गरिएको छ र त्यो सम्पत्तिले सहकारीले अन्य सम्पत्तिहरू भन्दा स्वतन्त्र रूपमा नगद प्रवाह उत्पन्न गर्न सक्दछ भने त्यो सम्पत्तिलाई लगानी सम्पत्तिको रूपमा वर्गीकरण गरिन्छ । त्यसैगरी कुनै सम्पत्ति जुन सञ्चालनका लागि वा सेवा प्रदान गर्नका लागि वा प्रशासनिक उद्देश्यका लागि प्रयोग गरिन्छ र त्यो सम्पत्तिले एकल रूपमा प्रत्यक्ष नगद प्रवाहहरू उत्पन्न गर्न सक्दैन भने त्यस्ता सम्पत्तिलाई सम्पत्ति, प्लान्ट तथा उपकरणको रूपमा वर्गीकरण गरिन्छ । सहकारीले वार्षिक रूपमा आफ्ना सम्पत्तिहरूको वर्तमान उपयोगलाई ध्यानमा राखी सम्पत्तिको वर्गीकरण गर्दछ ।

**२.५ संस्थाको निरन्तरता र अविछिन्नतामा आधारित लेखा नीति (Going Concern):**

सकारीको व्यवस्थापनले सहकारी संस्थाको निरन्तर सञ्चालन हुन सक्ने क्षमताको मुल्यांकन गर्दा सहकारी संस्था अविछिन्न रूपमा सञ्चालन हुन सक्ने पाइएको छ । साथै व्यवस्थापनले सहकारीको अविछिन्न रूपमा सञ्चालन हुन सक्ने क्षमतामा ह्रास पुर्‍याउने खालको कुनै घटना वा अवस्था ल्याएको पाइएको छैन । तसर्थ वित्तीय विवरण संस्थाको निरन्तरता र अविछन्नतामा आधारित रहेर वित्तीय विवरणहरू तयार पारिएको छ ।

**२.६ तुलनात्मक जानकारी (Comparison):**

लेखा नीतिहरू सबै अवधिमा समान रूपले अवलम्बन गरिएको छ । गत आर्थिक वर्षका वित्तीय रकमहरूलाई आवश्यकता अनुसार पुनवर्गीकरण गरिएका छन् ।

**२.७ वित्तीय स्थितीको विवरण मिति पश्चातका घटनाहरू (Event after Reporting Date):**

आर्थिक वर्षको अन्त्य देखि वार्षिक वित्तीय विवरण (मिति आषाढ ३२, २०८२ को वित्तीय अवस्था दर्शाउने वित्तीय विवरणहरू) प्रकाशन वा जारी गर्न स्वीकृत नहुनजेलको समयावधिमा सो विवरणले पेश गरेको वित्तीय अवस्था सम्बन्धी थप जानकारी दिने वा उल्लेख्य असर पार्ने कुनै पनि अनुकुल वा प्रतिकुल घटनाहरूलाई वित्तीय स्थितिको विवरणको मिति पश्चातका घटनाहरू भन्ने गरिन्छ । यस सम्बन्धी थप जानकारी NAS 10 "Events after reporting date" भनी बुँदा नं ५.४ मा प्रस्तुत गरिएको छ ।

**३ प्रमुख लेखा नीतिहरू**

**३.१ मापनको आधार**

प्रस्तुत वित्तीय विवरण तल उल्लेखित अवस्थामा बाहेक Historical Cost Convention का आधारमा तयार गरिएको छ :

- अन्य व्यापारिक लगानी तथा लगानी सेक्युरिटिज (इक्विटी शेयर) मा गरेको लगानीलाई NFRS 9 बमोजिम उचित मुल्यमा मापन गरिएको छ ।
- परिशोधित लागत ( Amortized Cost) मा मापन गरेको वित्तीय सम्पत्ति तथा वित्तीय दायित्वलाई करिबी प्रभावकारी ब्याजदरको आधारमा मापन गरिएको छ ।

**३.२ व्यवसाय प्राप्ति र साख :**

व्यवसाय प्राप्ति र साखलाई नियन्त्रण प्राप्त हुँदाको समयमा NFRS 3 बमोजिम "Acquisition Method" अनुसार लेखांकन गरिएको छ:

उक्त Acquisition Method को लागि:

- नियन्त्रण प्राप्त गर्नेको पहिचान हुनुपर्छ ।

S. BHANDARI & ASSOCIATES Chartered Accountants Kathmandu Nepal

- नियन्त्रण प्राप्तिको मिति तय भएको हुनुपर्छ ।
- सम्पत्ति, दायित्व तथा Non-Controlling Interest को मापन हुनुपर्छ ।
- नियन्त्रण प्राप्त गर्दा को Goodwill (साख) वा Bargain Purchase बाट हुने लाभको मापन हुनुपर्छ ।

उक्त व्यवसाय प्राप्ति र साखको Acquisition Method अनुसारको लेखांकनमा Goodwill को रकम Negative आएमा सो रकमलाई NFRS 3 बमोजिम व्यापार प्राप्ति गर्दाको लाभको रूपमा नाफा नोक्सान खातामा आम्दानी जनाउने गरिन्छ । NFRS 3 को उक्त प्रावधानहरू सहकारीको पहिलो पटक NFRS बमोजिमको वित्तीय विवरण बनाएको मिति पश्चातका व्यवसाय प्राप्ति गर्दा मात्र लागु हुने हुँदा, सहकारीले प्रस्तुत वित्तीय विवरणहरू बनाउनु भन्दा पहिले गरिएका कुनै पनि व्यवसाय प्राप्तिका कारोवारहरूमा भएका कुनै पनि साख वा प्राप्ति गर्दाको लाभलाई मापन तथा लेखांकन गरेको छैन ।

**३.३ नगद र नगद समान:**

नगद र नगद समान भन्नाले खरिद गरेको अथवा प्लेसमेन्ट गरिएको समय पश्चात तीन महिना वा सो भन्दा कम अवधिमा परिपक्व हुने मौद्रिक सम्पत्ति अथवा प्लेसमेन्टलाई जनाउँदछ । प्रतिवन्धित मौज्दातलाई नगद र नगद समान समावेश गरिएको छैन र परिशोधित लागतमा जनाइनुका साथै वित्तीय स्थितिको विवरणमा भिन्नै स्थानमा (Line Item) प्रस्तुत गरिएको छ ।

**३.४ वित्तीय सम्पत्ति तथा दायित्व**

अनुबन्धित सम्झौता अनुसार भविष्यमा हुने नगद प्रवाह वा अर्को एकाईको इक्विटी उपकरणको स्वामित्वबाट सिर्जित सम्पत्ति वित्तीय सम्पत्ति अन्तर्गत पर्दछ । वित्तीय सम्पत्ति सामान्यतया अन्य सम्पत्ति भन्दा बढी तरल हुने गर्दछ । वित्तीय सम्पत्तिमा नगद तथा सोही प्रकृतिको नगद मौज्दात, बैंक ब्यालेन्स, माग तथा अल्प सूचनामा प्राप्त हुने रकम, ऋणपत्र तथा इक्विटी शेयरमा गरिएको लगानी, Derivative उपकरणमा गरिएको लगानी, ऋण लगानी आदि पर्दछन् ।

कुनै करार तथा सम्झौता अन्तर्गत भविष्यमा नगद भुक्तानी गरी वा अन्य कुनै वित्तीय सम्पत्ति हस्तान्तरण गरी निसर्ग हुने दायित्वलाई वित्तीय दायित्व भनिन्छ । वित्तीय दायित्वमा बैंक तथा वित्तीय संस्थालाई बुझाउनुपर्ने रकम, Derivative दायित्व, निक्षेप, सापटी, जारी गरिएका ऋणपत्र आदि पर्दछन् ।

**३.४.१ वित्तीय सम्पत्तिको पहिचानको मिति**

कुनै करार वा सम्झौता अन्तर्गत सिर्जित वित्तीय सम्पत्ति वा दायित्वको पहिचान सो करार वा सम्झौता भएकै मितिमा गरिन्छ नियमित रूपमा खरिद बिक्री भई रहने वित्तीय सम्पत्तिको पहिचान उक्त खरिदबिक्री भएको मितिमा गरिएको छ ।

**३.४.२ वित्तीय उपकरणको शुरूवाती पहिचान तथा मापन**

सबै वित्तीय सम्पत्ति तथा वित्तीय दायित्वहरू सिर्जना हुँदाकै समयमा उक्त सम्पत्ति तथा दायित्वको बजार मुल्यलाई सो उपकरण जारी गर्दा वा प्राप्त गर्दा लागेको खर्चले समायोजन गरी आएको मुल्यमा मापन गरिएको छ ।

**३.४.३ वित्तीय सम्पत्तिको वर्गीकरण तथा तत्पश्चातको मापन**

वित्तीय सम्पत्ति तथा दायित्वको पहिचान भइसके पश्चात सोको मापन उक्त वित्तीय उपकरणको वर्गीकरणले निक्योल गर्ने गर्दछ । शुरूवातमा पहिचान गर्दा वित्तीय सम्पत्तिलाई निम्न **दुई वर्गमा वर्गीकरण** (Clasification) गरिएको छ :

- परिशोधित मुल्य( Amortized Cost ) मा मापन गरिएका वित्तीय सम्पत्ति ।
- बजार मुल्यमा (Fair Value) मा मापन गरिएका वित्तीय सम्पत्ति ।

उक्त वर्गीकरण तथा तत्पश्चातको मापन (Measurement) निम्न दुई मापदण्डहरूको आधारमा गरिन्छ :

- वित्तीय सम्पत्तिलाई व्यवस्थापन गर्न अपनाईएको व्यवसायिक मोडेल (Business Model) ।
- वित्तीय सम्पत्तिबाट प्राप्त हुने नगद प्रवाहको प्रकृति (Cash Flow Model) ।

**३.४.३.१ परिशोधित मुल्य (Amortized Cost) मा मापन गरिएका वित्तीय सम्पत्ति**

निम्न लिखित दुवै मापदण्डहरू पुरा हुँदाको अवस्थामा वित्तीय सम्पत्तिलाई परिशोधित मुल्यमा वर्गीकरण गरी मापन गरिन्छ ।

**१. व्यवसायिक मोडेल Business Model परीक्षण :**

कुनै वित्तीय सम्पत्ति प्राप्ति गर्दा सो लाई पूरै करार अवधि सम्मै निसर्ग धारण गरी करार अनुसार नगद प्रवाह संकलन गर्ने उद्देश्य भएको ।

S. BHANDARI & ASSOCIATES Kathmandu Nepal Chartered Accountants

**२. नगद प्रवाहको प्रकृति (Cash Flow Model) र विशेषताको परीक्षण:**

सम्झौता गरिएको शर्तनामामा उल्लेख गरे बमोजिम तोकिएको मितिमा बाँकी रहेको साँवा तथा त्यसमा पाकेको ब्याजको भुक्तानीको लागि मात्र नगद प्रवाह हुने ।

यस परीक्षणको लागि ब्याज भन्नाले तोकिएको अवधिको वक्यौता साँवामा निहित Credit Risk र सो को Time Value of Money को लागि भुक्तानी हुने ब्याजलाई मात्र बुझिन्छ । Fair Value Through Profit or Loss (FVTPL) मा वर्गीकरण गरिएको बाहेक उपरोक्त दुवै मापदण्ड पुरा गर्ने सबै ऋणपत्र उपकरणहरू (Debt Instrument) प्रभावकारी ब्याजदर (Effective Interest Rate) को करिबी दर प्रयोग गरी परिषोधित मुल्यमा हानी घटाएर मापन गरिएको छ ।

Amortized Cost मा मापन भई Hedging को लागि प्रयोग नभएका वित्तीय सम्पत्ति निसर्ग हुँदा वा क्षीण हुँदा वा बजार मुल्यमा पुनर्वर्गीकृत हुँदा हुने फाइदा वा घाटालाई नाफा नोक्सान खातामा देखाउने गरिएको छ ।

**३.४.३.२ बजार मुल्यमा (Fair Value) मापन गरिएका वित्तीय सम्पत्ति**

Amortized Cost मा मापन गरिएका बाहेकका वित्तीय सम्पत्तिहरू बजार मुल्यमा वर्गीकरण तथा मापन गरिन्छन् । बजार मुल्य भित्र निम्न दुई उपवर्ग रहेका छन् :

१. नाफा नोक्सान खातामा बजार मुल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्ति (Fair Value Through Profit or Loss),

२. अन्य विस्तृत आयमा बजार मुल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्ति (Fair Value Through Other Comprehensive Income) नाफा नोक्सान खातामा बजार मुल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्तिहरूलाई उक्त सम्पत्ति प्राप्ति गर्दाको समयमा नै छोटो समयमा खरिद बिक्री गरी नाफा गर्दै जाने भन्ने उद्देश्यले प्राप्ति गरिएको हुन्छ । तसर्थ, नाफा नोक्सान खातामा बजार मुल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्तिहरूको आवधिक मुल्यांकन गरिन्छ तथा यसरी मुल्यांकन गर्दा हुने फाइदा वा घाटालाई नाफा नोक्सान खातामा देखाइन्छ ।

**३.४.३.३ अन्य विस्तृत आयमा बजार मुल्य समायोजन हुने प्रकृतिको इक्विटी शेयरमा लगानी भई सिर्जित वित्तीय सम्पत्ति (FVTOCI)**

छोटो समयमा खरिद बिक्री गरी फाइदा आर्जन गर्ने उद्देश्य राखी लगानी गरिएका बाहेक इक्विटी शेयरमा गरिएका लगानीलाई अन्य विस्तृत आयमा बजार मुल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्तिमा वर्गीकरण र मापन गरिएको छ । यो वर्गमा वर्गीकरण गर्दा सो निर्णय अपरिवर्तनीय हुने गर्छ । यो वर्गमा वर्गीकृत इक्विटी शेयरमा लगानी भएको वित्तीय सम्पत्तिबाट आर्जन हुने लाभांश आम्दानी सो पाकेको वर्ष नाफानोक्सान खातामा देखाउने गरिन्छ । यस्ता वित्तीय सम्पत्तिको आवधिक पुनमुल्यांकन गर्दा बजार मुल्यमा भएको परिवर्तनले हुने फाइदा वा घाटालाई अन्य विस्तृत आयमा देखाई जेथा (Equity) मा भएको परिर्वतन सम्बन्धीको विवरणमा प्रस्तुत गर्ने गरिएको हुन्छ । उक्त वित्तीय सम्पत्ति निसर्ग गर्दा हुने सञ्चित नाफालाई Equity मा भएको परिवर्तन सम्बन्धीको विवरणबाट सोझै सञ्चित मुनाफामा रकामन्तर गरिन्छ, तथापि सञ्चित नाफा मध्ये बिक्री र निसर्ग गरिएको आ.व. सँग सम्बन्धित नाफालाई उक्त आ.व.को नाफा नोक्सान खातामा प्रस्तुत गरिएको छ । तथापि सो नाफाको कारणले उत्पन्न हुने कर्मचारी बोनस तथा करको खर्चलाई नाफा नोक्सान खातामा नै देखाइएको छ । अन्य विस्तृत आयमा बजार मुल्यमा समायोजन हुने प्रकृतिको Equity शेयरमा लगानी भई सिर्जित वित्तीय सम्पत्तिको थप विवरण बुँदा ५.१ मा प्रस्तुत गरिएको छ ।

**३.४.४ वित्तीय दायित्वको वर्गीकरण तथा मापन**

NFRS 9 - "वित्तीय उपकरण" (Financial Instruments) अनुसार वित्तीय दायित्वलाई सोको वर्गीकरणका आधारमा मापन गर्ने गरिन्छ । वित्तीय दायित्वहरूलाई निम्न दुई वर्गमा वर्गीकरण गरिएको छ:

- नाफा नोक्सान खातामा बजार मुल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्व ।
- Amortized Cost मा वर्गीकृत वित्तीय दायित्व ।

**३.४.४.१ नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्व**

नाफा नोक्सान खातामा बजार मुल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्वहरूलाई उक्त दायित्व सृजना हुँदा छोटो समयमा खरिद बिक्री गरी नाफा गर्दै जाने भन्ने उद्देश्यले सिर्जित भएको हुन्छ । तसर्थ, नाफा नोक्सान खातामा बजार मुल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्वहरूको आवधिक मुल्यांकन गरिन्छ तथा यसरी मुल्यांकन गर्दा हुने फाइदा वा घाटालाई नाफा नोक्सान खातामा देखाइन्छ । प्रस्तुत वित्तीय प्रतिवेदनमा नाफा नोक्सान खातामा बजार मुल्य समायोजन हुने प्रकृतिका कुनै पनि वित्तीय दायित्व रहेको छैन ।

S. BHANDARI & ASSOCIATES Kathmandu Nepal Chartered Accountants

**३.४.४.२ Amortized Cost मा मापन गरिएका वित्तीय दायित्व**

नाफा नोक्सान खातामा बजार मुल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्व बाहेक अन्य सबै वित्तीय दायित्वलाई Amortized Cost मा वर्गीकृत गरिएको छ । शुरूवाती मापन पश्चात परिषोधित लागतमा लेखांकन गरिएका वित्तीय दायित्वलाई करिबी प्रभावकारी ब्याजदरको प्रयोगबाट मापन गरिएको छ । सो वित्तीय दायित्वको परिशोधन खर्च तथा दायित्व निसर्ग हुँदाको समयको फाइदा वा घाटालाई नाफा नोक्सान खातामा लेखांकन गरिन्छ ।

**३.४.५ वित्तीय सम्पत्ति तथा दायित्वको पुनवर्गीकरण**

वित्तीय सम्पत्ति तथा दायित्वको पुनवर्गीकरण व्यवस्थापनको छनौटमा उपकरण अनुसार फरक हुन सक्छ । वित्तीय सम्पत्तिको पुनवर्गीकरण सो सम्पत्ति प्राप्त गर्दाको समयमा व्यवस्थापनले छनौट गरेको व्यवसायिक Model मा परिवर्तन भएको अवस्थामा मात्र गर्न सकिन्छ । NFRS-9 ले अन्य विस्तृत नाफा नोक्सान खातामा बजार मुल्य समायोजन हुने प्रकृतिको Equity शेयरमा लगानी भई सिर्जित सम्पत्तिलाई पुनवर्गीकरण गर्न बन्देज लगाएको छ । व्यवस्थापनको अवधारणामा कुनै वित्तीय सम्पत्ति वा दायित्वको पुनवर्गीकरण गर्नु जरूरी देखिएमा यस्तो पुनवर्गीकरणबाट लेखामा हुने प्रभाव तथा समायोजनहरू सो पुनवर्गीकरणको मितिमा तथा सो मिति पश्चात मात्र लागू हुन्छ । सो मिति अधिका कुनै पनि वित्तीय विवरणलाई पुनर्लेखन गरिँदैन । कुनै वित्तीय सम्पत्ति नाफा नोक्सान खातामा बजार मुल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्ति वर्गमा पुनवर्गीकरण गरिँदा सो गर्दाको मितिको बजार मुल्यमा मापन र लेखांकन गरिन्छ । यसरी मापन गर्दा उक्त वित्तीय सम्पत्तिको पुनरवर्गीकरण हुनु अघिको किताबी मुल्य र पुनवर्गीकरण गर्दाको बजार मुल्यमा हुने फरकलाई नाफा नोक्सान खातामा समायोजन गरिन्छ ।

**३.४.६ वित्तीय सम्पत्ति तथा दायित्वको निसर्ग**

**३.४.६.१ वित्तीय सम्पत्तिको निसर्ग**

निम्न उल्लेखित कुनै पनि अवस्थामा संस्था को वित्तीय सम्पत्ति पूर्ण वा आंशिक रूपमा निसर्ग भएको स्थिति हुन आउँछ:

- सम्झौता अनुसारको नगद प्रवाहमा भएको अधिकार समाप्त हुँदा
- सम्झौता अनुसारको नगद प्रवाहमा भएको अधिकार हस्तान्तरण गरिएमा सो सँग जोडिएको सम्पूर्ण जोखिम तथा प्रतिफल पनि हस्तान्तरण हुँदा

यसरी निसर्ग भएको वित्तीय सम्पत्ति निसर्ग हुँदा रहेको किताबी मुल्य र सो निसर्गबाट प्राप्त मुल्य तथा सो सँग सम्बन्धित अन्य विस्तृत नाफा नोक्सान खातामा रहेको सञ्चित फाइदा वा घाटाको योगमा फरक भएमा सो फरक रकमलाई नाफा नोक्सान खातामा लेखा लेखांकन गरिन्छ ।

**३.४.६.२ वित्तीय दायित्वको निसर्ग:**

कुनै वित्तीय दायित्वसँग जोडिएको दायित्वहरू समाप्त भएको अवस्थामा सो दायित्व निसर्ग भएको मानिन्छ । यसरी निसर्ग हुँदा उक्त वित्तीय दायित्वको किताबी मुल्य र निसर्ग हुँदा तिरेको मुल्यमा हुने फरकलाई नाफा नोक्सान खातामा लेखांकन गरिन्छ ।

**३.४.७ वित्तीय सम्पत्ति तथा दायित्वको फेयर भ्यालु निर्धारण**

तरल बजारमा कारोवार हुने वित्तीय उपकरण (डेरिभेटिभ उपकरण सहित) को फेयर भ्यालु वासलातको मितिको बिड (bid) अथवा प्रस्तावित अन्तिम मुल्य (Closing Price) हो । सक्रिय बजार नहुने वित्तीय उपकरणहरूको फेयर भ्यालु विभिन्न मुल्य निर्धारण विधिहरू (गणितीय विधि) प्रयोग गरी निर्धारण गरिन्छ । यो विधिहरूलाई चाहिने निवेशहरू (inputs) सम्भव भएसम्म अवलोकन गर्न सकिने बजार तथ्यांकबाट लिइन्छ । फेयर भ्यालु विभिन्न मुल्य निर्धारण विधिहरूको प्रयोग गरी मापन गरिन्छ । यस प्रक्रिया अन्तर्गत भविष्यमा अपेक्षित नगद प्रवाह निर्धारण गर्ने र वासालात मितिसम्म डिस्काउन्ट (छुट) गर्नु पर्दछ । यी उपकरणहरूको लागि अनुमान गरिएको भविष्यमा अपेक्षित नगद प्रवाह मार्केट (बजार) तथ्यांकको धारणा (assumption) मा भर पर्दछ । त्यसैले फेयर भ्यालुको अनुमान फरक पर्ने हुँदा बजारबाट प्राप्त (realizable) नहुन सक्दछ । विभिन्न बजार धारणाहरू (assumptions) अन्तर्गत मानहरू पनि महत्वपूर्ण रूपले (significantly) फरक पर्न सक्दछ ।

संस्थाले निम्न फेयर भ्यालु पदानुक्रम अनुसार फेयर भ्यालु मापन गरेको छ । यसले मापन गर्न प्रयोग हुने निवेश (inputs) को महत्वलाई झल्काउँदछ ।

स्तर १ : समान उपकरणका लागि सक्रिय बजारमा उद्धृत बजार मुल्यहरू (Unadjusted) ।

स्तर २ : अवलोकन योग्य निवेशहरू (observable inputs) को आधारमा यात सिधै (मुल्यको रूपमा) वा अप्रत्यक्ष रूपमा (मुल्यबाट प्राप्त) मुल्य निर्धारण विधि । यस वर्ग अन्तर्गत उपकरणहरूको मुल्य निम्न तरिकाहरू प्रयोग गरी निर्धारण गरिन्छ :

क) समान उपकरणका लागि सक्रिय बजारमा उद्धृत बजार मुल्य वा

ख) सक्रिय बजार भन्दा कम मानिने बजारहरूमा समान उपकरणका लागि उद्धृत मुल्य वा

ग) अन्य मुल्य निर्धारण विधिहरू जहाँ सबै महत्वपूर्ण निवेशहरू (inputs) प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा बजार तथ्यांकबाट निरीक्षण गर्न सकिन्छ ।

स्तर ३ : निरीक्षण गर्न नसकिने महत्वपूर्ण निवेशहरू (significant unobservable inputs) प्रयोग गरिने मुल्य निर्धारण विधि । यस वर्ग अन्तर्गत समान उपकरणहरूको उद्धृत मुल्यलाई आधार मानी मुल्य निर्धारण गरिने उपकरणहरू पर्दछन् । यसरी मुल्यांकन गर्दा महत्वपूर्ण निरीक्षण गर्न नसकिने समायोजन (significant unobservable adjustments) वा धारणाहरू (assumptions) तय गर्न आवश्यक पर्दछ । संलग्न वित्तीय प्रतिवेदनमा भएका सम्पत्ति तथा दायित्वको बजार मुल्यको निर्क्योल गर्न अपनाइएको पद्धतिको बारे थप जानकारी बुँदा नं. ५.१ मा प्रस्तुत गरिएको छ ।

**३.४.८ वित्तीय सम्पत्तिमा हुने नोक्सानी**

संस्थाले वित्तीय विवरण बनाउँदा कुनै पनि वित्तीय सम्पत्तिमा नोक्सान भए नभएको बारे प्रमाण सहित आंकलन गर्ने गरेको हुन्छ । उक्त प्रमाणले त्यस्तो सम्पत्तिबाट भविष्यमा प्राप्त हुने नगद प्रवाहलाई नकारात्मक असर गरेको दर्शाएमा सो वित्तीय सम्पत्ति नोक्सान भएको ठहर गरी त्यसमा नोक्सानी व्यवस्था गर्ने गरिएको हुन्छ ।

यस्तो नोक्सानी रहेको छ भन्ने अवस्थाको उजागर कुनै एक प्रमाणबाट मात्र नभई प्रमाणहरूको सामुहिक आंकलनबाट पनि गर्नुपर्ने हुन्छ । यस्तो नोक्सानी व्यवस्था उजागर गर्ने केही प्रमाणहरू यस प्रकार रहेका छन्

- खराब वित्तीय अवस्था ।
- सम्झौताका शर्तहरूको उल्लंघन गरेको जस्तै ब्याज तथा साँवा भुक्तानीमा अनियमितता ।
- ऋणी टाट पल्टिन सक्ने सम्भावना रहेका ।
- वित्तीय सम्पत्तिबाट शुरूवातमा भविष्यमा प्राप्त हुन् सक्ने भनी आंकलन गरिएको नगद प्रवाह भन्दा हाल गरिएको आंकलन कम भएमा ।

**३.४.८.१ नोक्सानी व्यवस्था र नोक्सानी व्यवस्था फिर्ता तथा अपलेखन**

वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था मापन गर्दाको, किताबी मुल्य तथा सो सम्पत्तिबाट भविष्यमा प्राप्त हुन सक्ने भनी आंकलन गरिएको नगद प्रवाहलाई उक्त सम्पत्तिको पहिलो पटक पहिचान र लेखांकन गर्दा प्रयोग गरिएको समायोजित ब्याजदरले Discounting गर्दा हुन् आउने रकम बिचको फरकलाई जनाइन्छ । यस्तो नोक्सानी व्यवस्थालाई नाफा नोक्सान खातामा खर्च जनाइन्छ र वित्तीय सम्पत्तिको किताबी मुल्यबाट उक्त नोक्सानी वरावरको रकमलाई घटाएर प्रस्तुत गरिन्छ । नोक्सानी व्यवस्था गर्नुपर्ने भनी उजागर गर्ने प्रमाणहरूले दर्शाएको अवस्थामा सुधार हुँदा सो सम्पत्तिमा पहिले गरिएको नोक्सानी व्यवस्थालाई फिर्ता गरी नाफा नोक्सान खातामा आम्दानी जनाइन्छ तथा यसरी पहिले गरिएको नोक्सानी व्यवस्थाबाट फिर्ता गर्दा सो सम्पत्तिको किताबी मुल्यलाई फिर्ता भए वरावरको रकमले बढाएर देखाइन्छ ।

**३.४.८.२ एकल ऋणको नोक्सानी व्यवस्थाः**

एकल रूपमा महत्वपूर्ण ऋणको नोक्सानी व्यवस्था गर्न निम्न आधारहरूलाई मध्यनजर गरिएको हुन्छः

- सो एकल सदस्य समूहमा प्रवाहित सम्पूर्ण ऋण रकम ।
- सदस्यको व्यापार व्यवसायको सम्भाव्यता तथा ऋण भुक्तानी गर्न सक्ने क्षमता ।
- भुक्तानी तथा असुलीको अनुमानित रकम र भुक्तानी मिति ।
- धितोबाट उठ्न सक्ने अनुमानित रकम ।

**३.४.८.३ सामुहिक ऋण नोक्सानी व्यवस्थाः**

उस्तै प्रकृतिका ऋणहरूलाई समूहमा वर्गीकरण गरिन्छ । सामुहिक ऋण नोक्सानी व्यवस्थाको आंकलन सांख्यिकीय (Statistical) पद्धतिको माध्यमबाट गरिन्छ । यस्तो सामुहिक ऋणमा विगतमा भएको नोक्सानी दरलाई "Net Flow Rate " विधिबाट निर्धारण गरिन्छ । यस विधि अनुसार विगतमा प्रवाहित ऋणहरूलाई समूह अनुसार भाखा नाघेको आधारमा विभिन्न अवधिमा वर्गीकरण गरी सो समूहको 'Default' को सम्भाव्यता अनुमान गरिन्छ । उक्त सम्भाव्यतालाई आवधिक रूपमा पुनरावलोकन गर्ने गरिन्छ ।

**३.४.८.४ पुनरसंरचना र पुर्नतालिकीकरण भएका ऋणको नोक्सानी व्यवस्थाः**

संस्थाले सम्भव भएसम्म ऋणको धितो अधिग्रहण गर्नु भन्दा सम्भाव्यताको आंकलन गरी त्यस्ता ऋणलाई पुर्नतालिकीकरण अथवा पुनसंरचना गरिएको हुन्छ । यसरी पुनर्तालिकीकरण वा पुनर्संरचनाको लागि संस्था तथा ऋणी दुवै पक्ष सहमत भए पश्चात सो ऋणमा गर्नु पर्ने ऋण नोक्सानी व्यवस्था सो ऋणको शुरूवातको समायोजित ब्याजदर कै आधारमा गरिन्छ ।

S. BHANDARI & ASSOCIATES Kathmandu Nepal Chartered Accountants

यसरी ऋण नोक्सानी व्यवस्था गरे पश्चात सो ऋणलाई भाखा नाघेको ऋणको रूपमा गणना गरिँदैन । यस्ता ऋणलाई एकल रूपमा महत्वपूर्ण राख्ने वा सामुहिकृत ऋणमा वर्गीकरण गरी ऋण नोक्सानी व्यवस्थाको आंकलन गर्ने गरिन्छ ।

**३.४.८.५ NFRS -9 ( वित्तीय उपकरण ) पहिचान, लेखांकन तथा मापन (ऋण नोक्सानी व्यवस्था सम्बन्धी)**

प्रस्तुत वित्तीय विवरण तयार गर्दा बुँदा २.१.२ (क) मा प्रस्तुत गरिएको अनुसार ऋण नोक्सानी व्यवस्था गरिएको छ ।

| ऋण नोक्सानी व्यवस्था | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ |
|---|---|---|
| राष्ट्रिय सहकारी नियमन प्राधिकरण २०८२ दफा ३ र ४ को ऋणको वर्गीकरण | २,९५,२४,६७५.७० | २,६६,०१,५६४.०० |

**३.४.९ Amortized Cost को मापन**

कुनै वित्तीय सम्पत्ति तथा दायित्वको Amortized Cost को रूपमा सो को शुरूवाती किताबी मुल्यमा साँवा भुक्तानीको रकम, सञ्चित परिशोधन खर्च तथा सञ्चित नोक्सानी व्यवस्थाको रकम समायोजन गरे पछिको रकमलाई जनाइन्छ । कुनै पनि वित्तीय सम्पत्तिबाट भविष्यमा प्राप्त हुने वा वित्तीय दायित्वको लागि भविष्यमा भुक्तानी हुने रकमलाई Discount गर्दा हुन आउने मुल्य सो वित्तीय सम्पत्ति तथा दायित्वको आजको किताबी मुल्य वरावर हुन्छ भने, यसरी भविष्यमा प्राप्त हुने वा भुक्तानी हुने रकमलाई Discount गर्न प्रयोग भएको उक्त ब्याजदरलाई समायोजित ब्याजदर भनिएको छ । संस्थाले समायोजित ब्याजदरका आधारमा वित्तीय सम्पत्ति तथा दायित्वको Amortized Cost मापन गर्ने गरेको छ ।

**३.५ लगानी सम्पत्ति ( Investment Properties)**

NAS 16 (सम्पत्ति तथा उपकरण) बमोजिम वर्गीकरण गरिएको सम्पत्ति तथा उपकरण र NFRS 5 (बिक्रीका लागि उपलब्ध गैर अचल सम्पत्ति र बन्द गरिएको सञ्चालन) बमोजिम वर्गीकरण गरिएको बाहेक जग्गा वा भवन वा दुवै लगानी सम्पत्ति हुन । हाल संस्थामा कुनै प्रकारको लगानी सम्पत्ति रहेको छैन ।

**३.६ सम्पत्ति तथा उपकरण (Property, Plant & Equipment)**

सम्पत्ति तथा उपकरणहरू एक वर्ष वा सो भन्दा बढी धारण गरी सदस्यलाई सेवा प्रदान गर्नको लागि वा संस्थाको प्रशासनिक कार्यमा प्रयोगको लागि वा बहालमा लगाउने उद्देश्य भएका सम्पत्ति हुन । संस्थाले NAS 16 – "Property, Plant & Equipment" को व्यवस्था अनुसार आफ्ना स्थिर सम्पत्ति र कार्यालय उपकरणहरूको पहिचान, मापन तथा लेखांकन गर्ने गरेको छ । संस्थाको स्थिर सम्पत्ति तथा कार्यालय उपकरणहरूको बारेमा थप जानकारी बुँदा नं. ४.७ मा प्रस्तुत गरिएको छ ।

**३.६.१ पहिचानको आधार**

संस्थालाई स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको उपयोगबाट भविष्यमा अवश्यम्भावीक आर्थिक लाभ हुने सम्भावना रहेको तथा सो स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको लागत मापन गर्न सकिएको अवस्थामा मात्र त्यस्ता स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको पहिचान गर्ने गरिन्छ । संस्थाले रु. २,००० सम्म मुल्य पर्ने सम्पत्तिहरूलाई पुँजीकृत नगरी खरिद गरिएकै वर्षमा खर्च जनाउने नीति लिएको छ ।

**३.६.२ मापनको आधार**

पहिचान भएका स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको लागतलाई मापन गरी लेखांकन गरिन्छ । लागत मापन गर्दा सो स्थिर सम्पत्ति तथा कार्यालय उपकरण प्राप्ति वा निर्माणका लागि भएका पुँजीकृत गर्न मिल्ने सबै खर्चलाई सो सम्पत्तिको लागतको रूपमा लेखांकन गरिन्छ । उक्त प्रकृति बाहेकका अन्य खर्चहरूलाई खर्च भएकै अवधिमा प्रोदभावी आधारमा नाफा नोक्सान खातामा लेखांकन गरिन्छ ।

**३.६.३ लागत मोडल (Cost Model)**

स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई **"लागत मोडल"** मा लेखांकन तथा प्रस्तुत गर्ने संस्थाको लेखा नीति रहेको छ । यस **मोडल** अनुसार स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई सोको ऐतिहासिक लागतबाट सञ्चित ह्रासकट्टी तथा सञ्चित क्षयीकरणको नोक्सानीलाई घटाएर प्रस्तुत गर्ने गरिन्छ ।

**३.६.४ पुर्नमुल्यांकन मोडल (Revaluation Model)**

संस्थाले आफ्नो कुनै पनि वर्गका स्थिर सम्पत्ति तथा कार्यालय उपकरणका लागि **पुर्नमुल्यांकन मोडल** अपनाएको छैन ।

**३.६.५ निसर्ग (Derecognition)**

स्थिर सम्पत्ति तथा कार्यालय उपकरण बिक्री गरिएमा अथवा सोको प्रयोगबाट भविष्यमा कुनै पनि आर्थिक लाभ लिन नसकिने अवस्था आंकलन भएमा, सो सम्पत्तिको किताबी मुल्यलाई निसर्ग गर्ने गरिन्छ । यसरी निसर्ग गरिँदा सोमा हुने फाइदा वा घाटालाई नाफा नोक्सान खातामा प्रस्तत गरिन्छ ।

S. BHANDARI & ASSOCIATES Chartered Accountants Kathmandu Nepal

**३.६.६ पुंजीकृत नगरिएका स्थिर सम्पत्ति**

कुनै स्थिर सम्पत्तिको निर्माण गर्दा हुने खर्च सो स्थिर सम्पत्ति उपयोगमा ल्याउन नमिलेसम्म यस शीर्षक अन्तर्गत देखाइन्छ। यस्ता खर्चहरूलाई उक्त सम्पत्ति प्रयोगमा ल्याउन मिल्ने भएपछि सो समयमा उक्त शीर्षकबाट स्थिर सम्पत्तिको लागतको रूपमा रकमान्तर गरी पुँजीकृत गरिन्छ।

**३.६.७ ह्रासकट्टी**

संस्थाले स्थिर सम्पत्ति तथा कार्यालय उपकरण उपयोगको लागि उपलब्ध भएपछि निसर्ग हुने समय सम्मको अवधिमा ह्रासकट्टी गर्ने गरेको छ। लिजहोल्ड सम्पत्ति र आर.ओ.यू सम्पत्ति बाहेक, संस्थाले स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई सोको अनुमानित प्रयोग अवधिको आधारमा समदर ह्रासकट्टी प्रणाली (Straight Line Method) अनुसार ह्रासकट्टी गर्ने गरेको छ। सहकारीका विभिन्न प्रकृतिका स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको अनुमानित उपयोग अवधि निम्न बमोजिम छ।

| सम्पत्तिको प्रकृति | अनुमानित उपयोग अवधि |
|---|---|
| भवन | ५० वर्ष |
| कम्प्युटर तथा अन्य सामग्री | ५ वर्ष |
| कार्यालय उपकरण | १० वर्ष |
| परिवहन साधन | २० वर्ष |
| फर्निचर तथा फिक्सर | १० वर्ष |
| अन्य सम्पत्ति | ५ वर्ष |

स्थिर सम्पत्ति तथा कार्यालय उपकरण निसर्ग वा बिक्रीको लागि वर्गीकृत (Held for Sale) भएमा ह्रासकट्टी स्थगित गरिन्छ। यस्ता सम्पत्ति सक्रिय प्रयोगबाट निष्क्रिय नहुन्जेल, सोमा ह्रासकट्टी गरी राखिन्छ। ह्रासकट्टीको पद्दति, अनुमानित उपयोग अवधि तथा सो अवधि पश्चात बाँकी रहने मुल्य (Residual Value) को आवधिक रूपमा पुनरावलोकन तथा उचित समायोजन गर्ने गरिन्छ।

**३.६.८ अनुमानमा परिवर्तन**

सम्पत्तिको बाँकी रहने मुल्य, अनुमानित उपयोग अवधि तथा ह्रासकट्टीको विधिहरू समय सापेक्ष राख्न नियमित रूपमा पुनरावलोकन तथा उचित समायोजन गर्ने गरिन्छ।

**३.७ साख तथा अभौतिक सम्पत्ति लेखांकनः**

अमूर्त सम्पत्ति एउटा पहिचान योग्य गैर मौद्रिक सम्पत्ति हो जसको कुनै भौतिक उपस्थिति हुँदैन र त्यस सम्पत्तिलाई उत्पादन गर्नका निमित्त, सेवा प्रदान गर्नका निमित्त, कसैलाई भाँडामा दिन वा प्रशासनिक कामको लागि प्रयोग गरिन्छ। अमूर्त सम्पत्तिको लेखांकन त्यस बखत गरिन्छ जब भविष्यमा त्यस सम्पत्तिबाट आर्थिक लाभ प्राप्त हुन सक्दछ र सम्पत्तिको परल मुल्यलाई विश्वसनीय ढङ्गले मुल्यांकन गर्न सकिन्छ। शुरूमा अमूर्त सम्पत्तिलाई लागतको आधारमा लेखांकन गरिन्छ। अमूर्त सम्पत्तिसँग सम्बन्धित खर्च जुन अगाडिकै वार्षिक वित्तीय विवरण वा अन्तरिम वित्तीय विवरणमा खर्च भनी लेखांकन गरिएको छ, पछिको समयमा त्यस्ता खर्चहरूलाई अमूर्त सम्पत्तिको रूपमा पुँजीकरण गरिदैन।

**३.७.१ साख (Goodwill)**

व्यापार संयोजन गर्दाको साख भन्नाले अर्को संस्था प्राप्तिको लागि तिरेको मुल्य, नियन्त्रणमा नभएको शेयर स्वामित्व (Non Controlling Interest) तथा यसरी प्राप्ति गर्नु अगाडिको शेयर स्वामित्वको योगफलबाट उक्त प्राप्ति गर्न लागेको संस्थाको खुद जायजेथा घटाएपछि आउने रकमलाई जनाउँछ। साखलाई सोको लागत मुल्यबाट सोमा भएको सञ्चित क्षयीकरण नोक्सानीलाई घटाएर प्रस्तुत गर्ने गरिएको हुन्छ। साख आवंटित गरिएको नगद उत्पादक इकाईको तलका दुवै अवस्थामा हानीको परीक्षण गर्ने गरिन्छ।

- वार्षिक अथवा
- हानीको कुनै संकेत भेटिएमा

साखको क्षयीकरण नोक्सानीको मापन गर्न साख सहित नगद उत्पादक इकाईको प्राप्ती योग्य रकमसँग इकाईको किताबी मुल्यसँग तुलना गरी गर्ने गरिन्छ। यसरी तुलना गर्दा यदि इकाईको प्राप्ति योग्य रकम इकाईको किताबी मुल्य भन्दा बढी भएको अवस्थामा साखमा क्षयीकरणको पहिचान गरिछ। प्राप्ति योग्य रकम भन्नाले कुनै पनि सम्पत्ति वा नगद उत्पादक

S. BHANDARI & ASSOCIATES Kathmandu Nepal Chartered Accountants

इकाईको उचित मुल्य रहित लागतको निपटान (Fair Value less cost to sell) र उपयोग को मुल्य मध्ये जुन बढी हुन्छ त्यसलाई मान्ने गरिन्छ । प्रस्तुत वित्तीय विवरणमा कुनै प्रकारको साखको लेखांकन गरिएको छैन ।

**३.७.२ अभौतिक सम्पत्तिः**

अभौतिक सम्पत्तिको लेखांकनको लागि संस्थाले NAS 38 को प्रावधानलाई अपनाएको छ । संस्थाले तल उल्लेखित अवस्थामा मात्र अभौतिक सम्पत्तिको पहिचान गरी लेखांकन गर्ने गरेको छ :

- लागतको मापन गर्न सकिने भएको ।
- विगतका घटनाक्रमले सो अभौतिक सम्पत्ति माथि संस्थाको नियन्त्रण भएमा ।
- भविष्यमा सो अभौतिक सम्पत्तिबाट संस्थाले आर्थिक लाभ लिन सक्ने भएमा ।

प्रस्तुत वित्तीय विवरणमा कम्प्युटर सफ्टवेयरलाई अमुर्त सम्पत्तिको रूपमा लेखांकन गरिएको छ ।

**३.७.३ कम्प्युटर सफ्टवेयर**

कम्प्युटर सफ्टवेयरलाई सोको लागतबाट सञ्चित क्षयीकरण नोक्सानी तथा सञ्चित परिशोधन खर्च घटाएर प्रस्तुत गरिन्छ । आन्तरिक रूपमा बनाइएका कम्प्युटर सफ्टवेयरको लागत गणना गर्दा सो बनाउन लागेको सम्पूर्ण प्रत्यक्ष खर्चलाई पनि समावेश गरिन्छ र सो सम्पत्तिको अनुमानित उपयोग अवधिमा परिशोधन (Amortization) गरिन्छ ।

**३.७.४ अभौतिक सम्पत्तिको निसर्ग**

अभौतिक सम्पत्ति बिक्री गरिएमा अथवा सोको उपयोगबाट भविष्यमा कुनै पनि आर्थिक लाभ लिन नसकिने अवस्था भएमा सोको किताबी मुल्यलाई निसर्ग गर्ने गरिन्छ । यसरी अभौतिक सम्पत्ति निसर्ग गरिँदा सोमा हुने फाइदा वा घाटालाई नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ ।

**३.७.५ अमुर्त सम्पत्तिको परिशोधन तथा नोक्सानी**

अमुर्त सम्पत्तिको अनुमानित उपयोग अवधिलाई निश्चित अथवा अनिश्चित भनी छुट्याइन्छ । साख (Goodwill) बाहेक अन्य अभौतिक सम्पत्तिलाई सोको अनुमानित उपयोग अवधिमा समदर पद्धति (Straight Line Basis) अनुसार परिशोधन गरिएको छ । अभौतिक सम्पत्तिको परिशोधन गर्ने विधि, अनुमानित उपयोग अवधि तथा सो उपयोग अवधि पछिको कायम रहने बाँकी मुल्यलाई हरेक आर्थिक वर्ष पुनरावलोकन गरी आवश्यक परेमा समायोजन गर्ने गरिएको छ । संस्थाले प्रस्तुत वित्तीय विवरणमा रहेको अभौतिक सम्पत्तिको अनुमानित उपयोग अवधि अनिश्चित नरहेको भन्ने धारणा राखेको छ ।

| अभौतिक सम्पत्तिको वर्ग | अनुमानित उपयोग अवधि |
|---|---|
| सफ्टवेयर | ५ वर्ष |

**३.८ आयकरः**

संस्थाले आयकर लेखांकन NAS 12 - Income Tax को प्रावधान बमोजिम गर्ने गरेको छ । आयकर खर्चमा यस वर्षको कर, स्थगन कर तथा विगत वर्षको कुनै थप कर दायित्व आएमा सो समेत समावेश गरिन्छ । जेथा (Equity) मा भएको परिवर्तन सम्बन्धिको विवरण तथा अन्य विस्तृत नाफा नोक्सान खातामा प्रस्तुत हुने कारोवारमा सृजित स्थगन करलाई अन्य विस्तृत नाफा नोक्सान खातामै प्रस्तुत गरिएको छ। चालु आयकर सम्बन्धी थप जानकारी बुँदा नं ४.३१ मा तथा स्थगन कर सम्बन्धीको थप जानकारी बुँदा नं ४.९ मा प्रस्तुत गरिएको छ ।

**३.८.१ वित्तीय विवरण अवधिको कर**

चालु आयकर दायित्व भन्नाले चालु आर्थिक वर्षमा गरिएको मुनाफाबाट आन्तरिक राजश्व विभागलाई तिर्नुपर्ने आयकर रकम हो । आयकर गणना गर्ने प्रयोजनका लागि उपयोग हुने करका दर कर सम्बन्धी कानून बमोजिम वासलात मितिमा लागू भएका दर हुन । सोही अनुरूप चालु आयकरको गणना गर्दा आयकर ऐन २०५८ (संशोधन सहित) मा गरिएको व्यवस्था बमोजिम यस वर्षको नाफालाई आधार मानी गणना गरिन्छ । आ.व २०८१.८२ देखि संस्थाले आयकर ऐनमा व्यवस्था भए बमोजिम नगरपालिका क्षेत्रमा सञ्चालित आफ्नो कारोवारको आम्दानीमा नगरपालिका क्षेत्रमा सञ्चालित सहकारी संस्थालाई लागु हुने प्रचलित आयकर दरको हिसाबले आयकर व्यवस्था गर्ने र महानगरपालिकमा सञ्चालित आफ्नो कारोवारको आम्दानीमा महानगरपालिका क्षेत्रमा सञ्चालित सहकारी संस्थालाई लागु हुने प्रचलित आयकर दरको हिसाबले आयकर व्यवस्था गरिएको छ ।

S. BHANDARI & ASSOCIATES Kathmandu Nepal Chartered Accountants

**३.८.२ स्थगन कर (Deferred Tax) :**

सम्पत्ति तथा दायित्वहरूको वित्तीय विवरणमा गणना गरिएको रकम तथा आयकर ऐनका हिसाबले गणना गरिएको रकममा हुने भिन्नतालाई वासलातमा स्थगन कर सम्पत्ति वा स्थगन कर दायित्वका रूपमा लेखांकन गरी प्रत्येक वर्ष यस्तो सम्पत्ति वा दायित्वमा हुने परिवर्तनलाई नाफा नोक्सान हिसाबमा स्थगन कर आय वा स्थगन कर खर्चको लेखांकन गरिन्छ ।

स्थगन कर सम्पत्तिलाई भविष्यमा हुने करयोग्य आयमा दावी गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएसम्म सम्पत्तिको रूपमा पहिचान गरिँदैन । स्थगन कर सम्पत्ति वा दायित्वको मापन गर्दा उक्त सम्पत्तिबाट प्राप्ति हुने वा दायित्व राफसाफ हुने बखतमा लागू हुन सक्ने कर दरको आधारमा गरिन्छ । यस कारण आर्थिक वर्ष २०८१.८२ को लागि यस संस्थालाई आगामी आर्थिक वर्षबाट लागू हुने परिर्वतित आयकर दर १०% ले स्थगन कर सम्पत्ति र दायित्वको मापन गरिएको छ ।

संस्थाको नीति अनुसार स्थगन कर कोषमा कुल स्थगन कर सम्पत्तिको हिसाब वरावरको रकम छुट्याइएको छ ।

**३.९ पट्टा दायित्वः**

संस्थाले कुनं किसिमको पट्टा (Lease) सम्झौता गरेको छैन तर्सथ संस्थले NFRS 16 - Lease को प्रावधान बमोजिम पहिचान, मापन तथा लेखांकन गर्नु पर्ने आवश्यकता दखिएन ।

**३.१० सम्भावित दायित्वहरू**

संस्थाले सम्भावित दायित्वहरूको पहिचान तथा लेखांकन NAS 37 - Provisions, Contigent liabilities & Contingent Assets को प्रावधान बमोजिम गर्ने गरेको छ । सम्भावित दायित्वहरूमा देहाय बमोजिमका विषयहरू समावेश गरिएका छन् :

३.१०.१ विगतका घटनाक्रमबाट उत्पन्न हुन सक्ने त्यस्ता सम्भावित दायित्वहरू जसको अस्तित्व संस्थाको नियन्त्रण भन्दा बाहिर रहेका भविष्यका एक वा एकभन्दा बढी अनिश्चित घटनाक्रमहरूले निक्यौल गर्दछ ।

३.१०.२ विगतका घटनाक्रमबाट उत्पन्न भएका तर देहायका कारणले गर्दा हाल लेखांकन नगरिएका दायित्वहरू

- दायित्व निसर्ग गर्नका लागि आर्थिक लाभ हुने् श्रोत बाहिरिने सम्भावना नरहेको ।
- दायित्व मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको

संस्थाको जानकारीमा आएको सम्पूर्ण सारभूत (Material) दायित्वको लागि पर्याप्त व्यवस्था गरिएको छ । सारभूत दायित्वको भविष्यमा उत्पन्न हुने परिणाम मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको खण्डमा त्यस्ता दायित्वलाई सम्भावित दायित्व अन्तर्गत देखाइन्छ ।

**३.११ आयको पहिचानः**

अन्यथा उल्लेख भएकोमा बाहेक, संस्थाले आम्दानीलाई NFRS 15 – "Revenue from Contracts with Customers" को प्रावधान बमोजिम पहिचान, मापन तथा लेखांकन गर्ने गरेको छ ।

**३.११.१ ब्याज आम्दानीः**

ब्याज आम्दानीमा ऋण लगानी, नाफा नोक्सानको माध्यमबाट Fair Value मा मापन गरिएका बाहेकका सुरक्षणपत्रमा गरिएको लगानी, नगद तथा नगद समान, बैंक तथा वित्तीय संस्थामा रहेको नगद, प्रदान गरेको ऋण सापटीमा प्राप्त ब्याज रकमहरू समावेश हुनेछ । यसरी ब्याज आम्दानी जनाउँदा संस्थाले माथि उल्लेखित बुँदा २.१.२ को (ख) अनुसार गरेको छ । ब्याज आम्दानी सम्बन्धी थप विवरण बुँदा नं. ४.१९ मा प्रस्तुत गरिएको छ ।

संस्थाले असल ऋण लगानीमा प्राप्त गर्न बाकी ब्याज रकमलाई ब्याज अम्दानीमा समाबेश गरेको छ भने कमसल र शंकास्पद ऋण लगानीमा प्राप्त बाँकी ब्याज रकम अन्य सम्पति र अन्य दायित्वको अन्तर्गत ब्याज मुल्तबीमा लेखाङ्कन गरेको छ । साथै खराब ऋण लगानीमा प्राप्त बाँकी ब्याज रकमलाई ब्याज मुल्तबीसंग हिसाब मिलन गरि वित्तिय विवरणमा सोको असरलाई न्यून गरेको छ । संस्थाको ऋण लगानीमा प्राप्त गर्न बाकी रहेको ब्याजको रकम निम्न बमोजिम रहेको छ ।

| | |
|---|---|
| असल ऋण लगानीबाट प्राप्त गर्न बाकी ब्याज रकम | ३,४४७,१७१.०० |
| कमसल र शंकास्पद ऋण लगानीमा प्राप्त गर्न बाँकी ब्याज रकम | ७,००२,१७१.०० |
| खराब ऋण लगानीमा प्राप्त गर्न बाँकी ब्याज रकम | ८,२७९,१८१.०० |
| **जम्मा रकम** | **१८,७२८,५२३.००** |

**३.११.२ शुल्क तथा कमिशन आय**

ऋण सेवाबाट प्राप्त हुने शुल्क तथा कमिशन, ऋण नवीकरण वा स्वीकृत भए पश्चात आम्दानीमा लेखांकन गरिन्छ । ऋण सम्बन्धी अन्य सहायक सेवा तथा सदस्यलाई प्रदान गरिने अन्य सेवा सुविधा वापत प्राप्त हुने अन्य सबै शुल्कहरू सेवा प्रदान गरे पश्चात आम्दानीमा लेखांकन गरिन्छ ।

शुल्क तथा कमिशन आय सम्बन्धी थप विवरण बुँदा नं. ४.२१ मा प्रस्तुत गरिएको छ ।

**३.११.३ खुद व्यापारिक आम्दानी:**

संस्थाले व्यापारिक लगानी तथा दायित्वमा हुने ब्याज, लाभांश, तथा बजार मुल्यको उतारचढावले हुने आम्दानी वा खर्चलाई यस शीर्षक अन्तर्गत प्रस्तुत गरेको छ । हाल संस्थाको कुनै प्रकारको खुद व्यापारिक आम्दानी भने रहेको छैन ।

यस सम्बन्धी थप जानकारी बुँदा नं. ४.२३ मा प्रस्तुत गरिएको छ ।

**३.११.४ लाभांश आम्दानी:**

संस्थालाई शेयर लगानीबाट प्राप्त हुने नगद लाभांश सो लाभांश नगद प्राप्त भएको मितिमा आयमा लेखांकन गरिन्छ ।

बासिन्दा कम्पनीले घोषणा गरेको नगद लाभांशलाई श्रोतमा कर कट्टी गरिए पश्चात बाँकी रहेको खुद रकमका आधारमा लेखांकन गरिन्छ ।

संस्थाले प्राप्त गरेको लाभांश आम्दानीको विवरण बुँदा नं. ४.२४ मा प्रस्तुत गरिएको छ ।

**३.११.५ अन्य सञ्चालन आम्दानी:**

विदेशी मुद्रा विनिमय दरमा भएको घटबढको कारणले हुने फाइदा वा घाटा, Equity शेयरमा भएको लगानीबाट हुने लाभांश आम्दानी, संरक्षित पुँजी फिर्ता कोष वापत प्राप्त आम्दानी आदिलाई यस शीर्षक अन्तर्गत प्रस्तुत गरिएको छ ।

यस सम्बन्धी थप विवरण बुँदा नं. ४.२४ मा प्रस्तुत गरिएको छ ।

**३.११.६ गैर सञ्चालन आम्दानी:**

ब्याज आम्दानी, शुल्क तथा कमिशन आम्दानी, व्यापारिक आम्दानी तथा अन्य सञ्चालन आम्दानी अन्तर्गत देखाइएका बाहेक अन्य प्रकृतिको आम्दानीलाई यस शीर्षक अन्तर्गत देखाइएको छ ।

यस सम्बन्धी थप विवरण बुँदा नं. ४.२९ मा प्रस्तुत गरिएको छ ।

**३.११.६.१ स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको निसर्गबाट हुने नाफा (नोक्सान) :**

स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको निसर्गबाट हुने नाफा वा नोक्सानीलाई सो सम्पत्तिको स्वामित्व हस्तान्तरण वा निसर्ग भए पश्चात नाफा नोक्सान खातामा देखाइन्छ । यस्तो सम्पत्ति निसर्ग हुँदा हुने नाफा वा घाटा सो स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको निसर्गबाट प्राप्त हुने मुल्य तथा निसर्गसँग सम्बन्धित खर्च सहित सो सम्पत्तिको निसर्ग हुँदाको समयको किताबी मुल्यको फरकलाई जनाउने गर्छ ।

**३.१२ ब्याज खर्च:**

सदस्यहरूको निक्षेप खाता, संस्थाले प्राप्त गरेको अन्य सापटी र पट्टा दायित्वको ब्याजलाई पाकेको आधारमा (Accrual Accounting) लेखांकन गरिन्छ । यस सम्बन्धी थप जानकारी बुँदा नं. ४.२० मा प्रस्तुत गरिएको छ ।

**३.१३ कर्मचारी खर्च:**

कर्मचारी खर्चमा कर्मचारीले संस्थालाई प्रदान गरेको सेवा वापत गरिएको सम्पूर्ण खर्चलाई जनाउँछ । सो खर्चमा अल्पकालिन तथा दीर्घकालिन प्रकृतिका कर्मचारी खर्चहरू रहेका छन् । कर्मचारी खर्चको पहिचान, मापन तथा लेखांकनको लागि संस्थाले NAS 19 - "Employee Benefits को प्रावधान बमोजिम गरेको छ । संस्थाले कर्मचारीहरूबाट प्राप्त गरेको सेवा वापत व्यहोर्नु पर्ने सबै किसिमका व्ययलाई कर्मचारी खर्च मानिएको छ । कर्मचारी खर्चमा देहाय बमोजिमका खर्चहरू पर्दछन् ।

**३.१३.१ अल्पकालिन कर्मचारी खर्चहरू :**

तलब, भत्ता, विदा वापतको रकम भुक्तानी तथा प्रत्येक आर्थिक वर्ष समाप्त भएको १२ महिना भित्र भुक्तानी गरिने त्यस्ता सुविधाहरू अल्पकालिन कर्मचारी खर्चहरूमा पर्दछन् । अल्पकालिन कर्मचारी खर्चको लेखांकन कर्मचारीले सेवा प्रदान गरे पश्चात वा सेवा प्रदान गरेको कारण क्षतिपूर्ति प्राप्त गर्ने अधिकार सिर्जना भए पश्चात गरिन्छ । सेवा निवृत्त भएपछि भुक्तानी हुने खर्चको लेखांकन कर्मचारीले सेवा प्रदान गरेको कारण त्यस्तो क्षतिपूर्तिहरू (पारितोषिक) प्राप्त गर्ने अधिकारको सिर्जना भएमा गरिन्छ ।

**३.१३.२ रोजगारपछिको सुविधा जस्तै :**

- अवकास लाभ (पेन्सन, अवकाश हुँदा एकमुष्ठ भुक्तानी) ।
- अन्य रोजगारपछिको लाभ जस्तै रोजगारपछिको जीवन बीमा, रोजगारपछिको औषधोपचार सेवा

**३.१३.२.१ परिभाषित योगदान योजनाः**

- NAS 19 (कर्मचारी सुविधा अनुसार परिभाषित योगदान योजना रोजगारपछि प्राप्त हुने लाभ योजना हो जसमा संस्थाले निश्चित रकम छुट्टै बैंक खाता/कोषमा योगदान गर्दछ र यदि कर्मचारीहरूको वर्तमान तथा पूर्व सेवा वापतको सम्पूर्ण कर्मचारी लाभ भुक्तानी गर्न यथेष्ट सम्पत्ति नभएको खण्डमा कुनै कानूनी र निर्मित दायित्व आउँदैन ।
- परिभाषित योगदान योजनामा कर्मचारीले संस्थालाई दिएको सेवाको अनुपातमा रोजगारदाताले तिर्नुपर्ने योगदानलाई कर्मचारी खर्च भनेर Due भएको दिन खर्चमा लेखांकन गरिन्छ । तिर्न बाँकी योगदानलाई दायित्वको रूपमा अन्य दायित्वमा देखाइन्छ । संस्थाले १ वर्ष प्रशिक्षण अवधि पूरा भएका प्रत्येक कर्मचारीको तलबको २० प्रतिशत सामाजिक सुरक्षा कोषमा जम्मा गरेको छ । माथि उल्लेखित खर्चहरू NAS 19 बमोजिम परिभाषित योगदान योजना अन्तर्गत योगदान गरिएको भनेर पहिचान गरिएको छ ।

| | **जम्मा** | **२०,५८९,४८८.६६** | **२४,६८५,३२२.८१** |

शेयर पुँजी तथा स्वामित्व — अनुसूची ४.१६

| क.सं | विवरण | आषाढ मसान्त २०८२ | आषाढ मसान्त २०८१ |
|---|---|---|---|
| १ | स्वीकृत शेयर पुँजी | – | – |
| २ | चूक्ता पुँजी | | |
| | ७८३०१८ ,७७९७९९, साधारण शेयर प्रति शेयर रू. १०० ले | ७८,३०१,८००.०० | ७७,९७९,९००.०० |
| ३ | प्रस्तावित बोनस शेयर | – | – |
| ४ | कल्स इन एडभान्स | – | – |
| | **जम्मा** | **७८,३०१,८००.००** | **७७,९७९,९००.००** |

शेयर पुँजी तथा स्वामित्व — अनुसूची ४.१६.१

| क.सं | शेयर स्वामित्व विवरण | आषाढ मसान्त २०८२ | आषाढ मसान्त २०८१ |
|---|---|---|---|
| १ | **स्वदेशी स्वामित्व** | **७८,३०१,८००.००** | **७७,९७९,९००.००** |
| | नेपाल सरकार | – | – |
| | अन्य संस्थाहरू | – | – |
| | सर्वसाधारण | ७८,३०१,८००.०० | ७७,९७९,९००.०० |
| | अन्य | – | – |
| २ | **वैदेशिक स्वामित्व** | – | – |
| | **जम्मा** | **७८,३०१,८००.००** | **७७,९७९,९००.००** |

S. BHANDARI & ASSOCIATES Chartered Accountants Kathmandu Nepal

**श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि.**

भ.न.पा–४, भुलाँचा, भक्तपुर

**आ.ब. २०८१।२०८२**

**अन्य कोषहरू** — अनुसूची ४.१७

| क.सं | विवरण | आषाढ मसान्त २०८२ | आषाढ मसान्त २०८१ |
|---|---|---|---|
| १ | NFRS समायोजन कोष | ५,२४२,७९९.३७ | १९,३०१,१५०.०० |
| २ | बीमांकिक कोष | – | – |
| ३ | अन्य जगेडा तथा कोष | – | – |
| | **बैधानिक कोष** | | |
| | शेयर लाभांश कोष | ४,९७९,५८१.५२ | ६,५४९,४०१.६२ |
| | संरक्षित पुंजी फिर्ता कोष | २,४५९,५३३.२५ | ३,३३१,२१६.७८ |
| | सहकारी प्रवर्द्धन कोषमा | ४९,१९०.६७ | ६६,६२४.३५ |
| | संस्था विकास कोष | ३६६,४७०.४५ | ४९६,३५१.३० |
| | सहकारी शिक्षा कोष | ३६६,४७०.४५ | ४९६,३५१.३० |
| | डुवन्त ऋण कोष | ३६६,४७०.४५ | ४९६,३५१.३० |
| | घाटापूर्ति कोष | ८६२,८२१.७५ | ४९६,३५१.३० |
| | कर्मचारी बोनस व्यवस्था | ४८१,१८६.७५ | ४९६,३५१.३० |
| | सामुदायिक विकास कोष | ७१३,८०६.७५ | ६३६,३५१.३० |
| | स्थिरिकरण कोष | ३६६,४७०.४५ | ४९६,३५१.३० |
| | **अन्य कोष** | | |
| | विपद व्यवस्थापन कोष | ४५३,२२०.०० | ४२३,०७०.०० |
| | सदस्य राहत कोष | ६१७,६४६.०० | ५४६,६०६.०० |
| ४ | सञ्चित नाफा/नोक्सान | – | – |
| ५ | सटही घटबढ कोष | – | – |
| | **जम्मा** | **१७,३२५,६६७.८९** | **३३,८३२,५२७.८५** |

**NFRS समायोजन कोष** — अनुसूची ४.१७.१

| क.सं | विवरण | आषाढ मसान्त २०८२ | आषाढ मसान्त २०८१ |
|---|---|---|---|
| | सुरुको कोष मौज्दात | १९,३०१,१५०.०० | १९,३४३,४३९.५६ |
| | क) ब्याज वक्यौता/अघिल्लो ब्याज वक्यौता प्राप्ति घट / बढ | (१,२६२,६३३.००) | १,४०१,३०८.०० |
| | ख) खराब ऋण लगानीमा लिन बाँकी ब्याज रकम रिर्भस गरेको | (८,२७९,१८१.००) | – |
| | ग) कमसल र शंकास्पद ऋण लगानीमा प्राप्त बाँकी ब्याज रकम | (७,००२,१७१.००) | – |
| | ग) आयकरमा घट / बढ | – | – |
| | घ) स्थगन कर सम्पत्ति घट / बढ | २,१३३,९७४.६८ | (१,१६३,६९६.५५) |
| | ङ) फेयर भ्यालुमा मुल्यांकन गरिएका इक्विटी उपकरणका लगानीबाट भएको | ३५१,६५९.६९ | (२७९,९०१.००) |
| | **अषाढ मसान्तको कोष मौज्दात** | **५,२४२,७९९.३७** | **१९,३०१,१५०.००** |

श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि. भुलाँचा, भक्तपुर-४

S. BHANDARI & ASSOCIATES Chartered Accountants Kathmandu Nepal

# श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि.

भ.न.पा–४, भुलाँचा, भक्तपुर

आ.ब. २०८१।२०८२

२०८१ श्रावण ०१ देखि २०८२ आषाढ ३१ सम्म

ब्याज आम्दानी

अनुसूची ४.१९

| क.सं | विवरण | आषाढ मसान्त २०८२ | आषाढ मसान्त २०८१ |
|---|---|---|---|
| क. | **ऋण सापटमा** | ६१,४५०,५०६.०० | ७७,३५५,४३५.०० |
| १ | ऋण सापट | ६१,४५०,५०६.०० | ७७,३५५,४३५.०० |
| २ | कर्मचारी ऋण सापट | – | – |
| ३ | ऋण चार्ज आम्दानी | – | – |
| ख. | **लगानीमा** | – | – |
| १. | नेपाल सरकारको ऋणपत्र | – | – |
| (क) | ट्रेजरी बिल्स | – | – |
| (ख) | विकास ऋणपत्र | – | – |
| (ग) | राष्ट्रिय बचत पत्र | – | – |
| २. | विदेशी ऋणपत्र | – | – |
| ३. | नेपाल राष्ट्र बैंकको ऋणपत्र | – | – |
| ४. | शेयर, डिवेन्चर तथा बोण्ड | – | – |
| (क) | बैंक / वित्तीय संस्थाहरू | – | – |
| (ख) | अन्य संस्थाहरू | – | – |
| ग. | **एजेन्सी मौज्दातमा** | १८,७९१,६९७.३४ | २४,४८९,५४९.०७ |
| १. | स्वदेशी बैंक / वित्तीय संस्थाहरू | १८,७९१,६९७.३४ | २४,४८९,५४९.०७ |
| २. | विदेशी बैंकहरू | – | – |
| घ. | **माग तथा अल्प सुचनामा प्राप्त हुने मौज्दातमा** | – | – |
| १. | स्वदेशी बैंक/वित्तीय संस्थाहरू | – | – |
| २. | विदेशी बैंकहरू | – | – |
| ङ. | **अन्यमा** | – | – |
| १. | सर्टिफिकेट अफ डिपोजिट | – | – |
| २. | अन्तर बैंक / वित्तीय संस्था कर्जा | – | – |
| च. | **यस आ.वमा ऋण लगानीमा प्राप्त गर्न बाकी ब्याज आम्दानीमा थप (घट)** | (१,२६२,६३३.००) | १,४०१,३०८.०० |
| छ. | **न्यून ब्याज छुट खर्च** | १,५०२,६१५.०० | ३,३२६,३७६.०० |
| | **जम्मा** | ७७,४७६,९५५.३४ | ९९,९१९,९१६.०७ |

S. BHANDARI & ASSOCIATES Kathmandu Nepal Chartered Accountants

## श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि.

भ.न.पा–४, भुलाँचा, भक्तपुर

आ.ब. २०८१।२०८२

ब्याज खर्च

अनुसूची ४.२०

| क.सं | विवरण | आषाढ मसान्त २०८२ | आषाढ मसान्त २०८१ |
|---|---|---|---|
| क. | **बचत तथा निक्षेप दायित्वमा** | | – |
| १. | **मुद्दती निक्षेप** | **३७,००१,९५०.००** | **५२,१४१,७०८.००** |
| १.१ | स्वदेशी मुद्रा | ३७,००१,९५०.०० | ५२,१४१,७०८.०० |
| १.२ | विदेशी मुद्रा | | – |
| २. | **बचत निक्षेप** | **१६,५२१,९८२.००** | **२०,३९२,२८३.००** |
| २.१ | स्वदेशी मुद्रा | १६,५२१,९८२.०० | २०,३९२,२८३.०० |
| २.२ | विदेशी मुद्रा | – | – |
| ३. | **मागेको बखत तिर्नुपर्ने निक्षेप** | – | – |
| ३.१ | स्वदेशी मुद्रा | – | – |
| ३.२ | विदेशी मुद्रा | – | – |
| ४. | **सर्टिफिकेट अफ डिपोजिट्स** | – | – |
| ख. | **ऋण सापटमा** | – | **१३०,३७६.७१** |
| १. | ऋणपत्र तथा बोण्ड | – | – |
| २. | नेपाल राष्ट्र बैंकबाट प्राप्त ऋण | – | – |
| ३. | अन्तर बैंक/वित्तीय संघ संस्था ऋण | – | – |
| ४. | अन्य संगठित संस्था | – | १३०,३७६.७१ |
| ५. | अन्य ऋण | – | – |
| ग. | **अन्यमा** | – | – |
| १. | कोष परिचालन खर्च | – | – |
| २. | पट्टा दायित्वमा ब्याज खर्च | – | – |
| | **जम्मा** | **५३,५२३,९३२.००** | **७२,६६४,३६७.७१** |

श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि. भुलाँचा, भक्तपुर-४

S. BHANDARI & ASSOCIATES Chartered Accountants Kathmandu Nepal

## श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि.

भ.न.पा.–४, भुलाँचा, भक्तपुर

आ.ब. २०८१।२०८२

शुल्क तथा कमिशन आय

अनुसूची ४.२१

| क.सं | विवरण | आषाढ मसान्त २०८२ | आषाढ मसान्त २०८१ |
|---|---|---|---|
| क. | शुल्क | ५,४२८,९६०.०० | ७,२१६,०६२.०० |
| १ | बिलम्ब शुल्क | ३,२८२,८६०.०० | ५,०२०,७७७.०० |
| २ | निबेदन शुल्क | ४५,७५०.०० | २८,१००.०० |
| ३ | खाता बन्द शुल्क | ९,६००.०० | ११,२००.०० |
| ४ | ऋण व्यवस्थापन सेवा शूल्क | १,८४५,६५०.०० | १,८७८,७८५.०० |
| ५ | मुल्याँकन शुल्क | १७१,५००.०० | २०७,०००.०० |
| ६ | स्मार्ट बैकिङ्ग शुल्क | ७३,६००.०० | ७०,२००.०० |
| ख. | कमिशन | २४,३४१.५४ | २३,५८२.९४ |
| १ | मोबाईल रिचार्जबाट कमिशन प्राप्त | ४,२७२.५२ | ६,४९३.४७ |
| २ | स्मार्ट बैकिङ्ग बाट कमिशन | ५,३८९.२८ | १,९८४.०५ |
| ३ | अन्य कमिशन आम्दानी | १४,६७९.७४ | १५,१०५.४२ |
| ग. | अन्य | - | - |
| | जम्मा | ५,४५३,३०१.५४ | ७,२३९,६४४.९४ |

श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि. भुलाँचा, भक्तपुर-४

S. BHANDARI & ASSOCIATES Chartered Accountants Kathmandu Nepal

# श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि.

भ.न.पा–४, भुलाँचा, भक्तपुर

आ.ब. २०८१।२०८२

**अन्य सञ्चालन आम्दानी** अनुसूची ४.२४

| क.सं | विवरण | आषाढ मसान्त २०८२ | आषाढ मसान्त २०८१ |
|---|---|---|---|
| १ | संरक्षित पुँजी फिर्ता कोषबाट आम्दानी | ४६,९७५.९८ | ३९,२९४.५२ |
| २ | लाभांश आम्दानी | ३३४,९१५.०९ | २४१,८६४.३८ |
| ३ | ऋण असुलीबाट आम्दानी | ४१,८५३.०० | ८६,२३२.०० |
| ४ | बिमा आम्दानी | ७५०,०००.०० | ७००,०००.०० |
| ५ | तालिम कार्यक्रमबाट आम्दानी | ३२,१५०.०० | ११०,६००.०० |
| ६ | विविध आम्दानी | ५७,४९६.४५ | १३१,९२२.३० |
| | जम्मा | १,२६३,३९०.५२ | १,३०९,९१३.२० |

**ऋणको क्षती प्रभार / (विपर्यय) तथा अन्य** अनुसूची ४.२५

| क.सं | विवरण | आषाढ मसान्त २०८२ | आषाढ मसान्त २०८१ |
|---|---|---|---|
| १ | सदस्यलाई दिने ऋण तथा सापटीमा व्यवस्था | २,९२३,११२.३० | ७६३,५४५.०० |
| २ | वित्तीय लगानीमा व्यवस्था | - | - |
| ३ | सम्पत्ति र उपकरणमा व्यवस्था | - | - |
| ४ | लगानी सम्पत्तिमा व्यवस्था | - | - |
| | जम्मा | २,९२३,११२.३० | ७६३,५४५.०० |

S. BHANDARI & ASSOCIATES
Kathmandu Nepal
Chartered Accountants

# श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि.

भ.न.पा–४, भुलाँचा, भक्तपुर

आ.ब. २०८१।२०८२

**कर्मचारी खर्च** — अनुसूची ४.२६

| क.सं | विवरण | आषाढ मसान्त २०८२ | आषाढ मसान्त २०८१ |
|---|---|---|---|
| १ | तलब तथा भत्ता खर्च | ४,९८४,०८७.०० | ४,८१९,०२४.०० |
| २ | सामाजिक सुरक्षा कोष खर्च | ८८४,८३४.२० | ७८०,६१७.२० |
| ३ | अत्तिरिक्त तलब खर्च | ४०८,३०१.०० | ४०४,४६६.०० |
| ४ | पोशाक खर्च | ९०,२०२.०० | १२४,८६८.०० |
| ५ | कर्मचारी खाजा नास्ता खर्च | २२७,६९२.०० | – |
| ६ | अन्य खर्च | – | – |
| ७ | NFRS अन्तर्गत कर्मचारी ऋण खर्च | – | – |
| | जम्मा | ६,५९५,११६.२० | ६,१२८,९७५.२० |

**अन्य सञ्चालन खर्च** — अनुसूची ४.२७

| क.सं | विवरण | आषाढ मसान्त २०८२ | आषाढ मसान्त २०८१ |
|---|---|---|---|
| १ | छपाई तथा मसलन्द खर्च | ५०३,४२८.०० | ३३१,७६७.०० |
| २ | सञ्चार तथा पत्रपत्रिका खर्च | १३,७००.०० | २३,५००.०० |
| ३ | व्यापार प्रवर्धन खर्च | २५४,९१४.०० | १८८,९६८.०० |
| ४ | लेखा परीक्षण शुल्क | २२६,०००.०० | २२६,०००.०० |
| ५ | NFRS कार्यन्वयन परामर्श शुल्क | – | १६४,०००.०० |
| ६ | बिजुली तथा पानी खर्च | १२५,११६.०० | १२७,८७९.०० |
| ७ | मर्मत तथा संभार खर्च | ९६,८२०.०० | १००,१९६.८० |
| ८ | पोस्टेज, टेलेक्स, टेलिफोन, फ्याक्स खर्च | २५१,४००.०० | २३५,८५४.०० |
| ९ | इन्धन । जेनेरेटर खर्च | ४७,२२३.५० | ४१,९६४.८५ |
| १० | पुजा तथा चाडपर्व खर्च | ४९,१३५.०० | ३३,८०५.०० |
| ११ | बैंक चार्ज | १२,१३२.९८ | ८,०२६.९८ |
| १२ | आवद्धता तथा नवीकरण शुल्क | ८६,५०६.०० | ९१,५१२.०० |
| १३ | विमा खर्च | २२०,४०५.३३ | २६,५२४.२० |
| १४ | बैठक भत्ता तथा पारिश्रमिक खर्च | ४१०,२००.०० | ४०९,८००.०० |
| १५ | अन्य भत्ता तथा परिश्रमिक खर्च | १२,०००.०० | ४१,०००.०० |
| १६ | बैठक खर्च | ७४,६३०.०० | ५०,१६५.०० |
| १७ | नखप्ने सामान खर्च | ३९,२६०.०० | ७६,४६०.०० |

S. BHANDARI & ASSOCIATES
Chartered Accountants
Kathmandu Nepal

## श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि.

भ.न.पा–४, भुलाँचा, भक्तपुर

आ.ब. २०८१।२०८२

| | | | |
|---|---|---|---|
| १८ | सामाजिक सेवा खर्च | १२०,४६०.०० | १०८,५९९.०० |
| १९ | सफ्टवेयर सम्भार खर्च (एएमसी) | १३१,२५६.०० | ९६,२७६.०० |
| २० | कार्यालय चिया तथा खाजा | ६४,३८६.०० | ५६,१८९.०० |
| २१ | विविध खर्च | २३,२५०.०४ | २५,९६१.३३ |
| २२ | अतिथि सत्कार खर्च | ७,७७५.०० | २०,५८५.०० |
| २३ | मुल्याङ्कन भत्ता खर्च | १०२,२५०.०० | १५३,६९१.०० |
| २४ | सरसफाई खर्च | ३२,५५७.०० | ३४,६७३.०० |
| २५ | साधारण सभा खर्च | २,२८५,१४४.०० | ३,१७५,८५१.७९ |
| २६ | तालिम तथा कार्यक्रम खर्च | ४२९,७५६.०० | १,१३३,९८८.१० |
| २७ | नगरपालिक कर तथा तिरो खर्च | ३२,२०५.०० | ३२,२३८.०० |
| २८ | सदस्य राहत खर्च | ७५०,०००.०० | ७००,०००.०० |
| २९ | स्मार्ट बौंकिग एस.एम.एस खर्च | १३०,५९४.२५ | ७१,९७८.५० |
| ३० | संचालक तथा उप समिति पोसाक खर्च | – | ४,२००.०० |
| ३१ | सुरक्षा गार्ड खर्च | ५०१,७२०.०० | – |
| | **जम्मा** | **७,०३४,२२४.१०** | **७,७९१,६५३.५५** |

### ह्रासकट्टी र परिशोधन (Depreciation & Amortization)

अनुसूची ४.२८

| क.सं | विवरण | आषाढ मसान्त २०८२ | आषाढ मसान्त २०८१ |
|---|---|---|---|
| १ | सम्पत्ति तथा सामग्रीमा ह्रासकट्टी | ३४२,१८९.२६ | २७६,१०८.४३ |
| २ | अमुर्त सम्पत्तिको परिशोधन | ६४,२०६.०० | ५५,२८४.११ |
| ३ | लगानी सम्पत्तिमा ह्रासकट्टी | – | – |
| | **जम्मा** | **४०६,३९५.२६** | **३३१,३९२.५५** |

### आयकर खर्च

अनुसूची ४.३१

| क.सं | विवरण | आषाढ मसान्त २०८२ | आषाढ मसान्त २०८१ |
|---|---|---|---|
| १ | **चालु कर खर्च** | **१,९५१,२८४.८६** | **१,८३८,७३५.६०** |
| | यस वर्षको आयकर | १,३८०,६१६.२५ | २,०७८,९५४.०२ |
| | आयकर ऐन बमोजिम (खर्च र आम्दानीमा करको मिलन) | ५७०,६६८.६१ | (२४०,२१८.४२) |
| | पछिल्लो वर्षहरूको समायोजन | – | – |
| | **जम्मा आयकर खर्च** | **१,९५१,२८४.८६** | **१,८३८,७३५.६०** |

श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि. भुलाँचा, भक्तपुर-४

S. BHANDARI & ASSOCIATES Chartered Accountants Kathmandu Nepal

## श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि.

भ.न.पा–४, भुलाँचा, भक्तपुर

### आयकर ऐन बमोजिम आ. व. २०८१।२०८२ को ह्रास कट्टी विवरण

| समूह | विवरण | सूरु मौज्दात | पौष सम्म | माघ देखि चैत्र सम्म | बैशाख देखि अषाढ सम्म | निसर्ग | जम्मा रकम | ह्रास दर | ह्रास रकम | अन्तिम मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क | **जग्गा तथा भवन** | | | | | | | | | |
| | जग्गा | ३२,६०५,५५०.०० | | | | - | ३२,६०५,५५०.०० | ०% | - | ३२,६०५,५५०.०० |
| | कार्यालय भवन | ४,०४२,६६२.३६ | | | | - | ४,०४२,६६२.३६ | ५% | २०२,१३३.१२ | ३,८४०,५२९.२४ |
| ख | **फर्निचर तथा फिक्सचर्स** | | | | | | | | | |
| | फर्निचर, फिक्सचर्स | ४३५,३०९.३९ | | | | - | ४३५,३०९.३९ | २५% | १०८,८२७.३५ | ३२६,४८२.०४ |
| | अफिस इक्युपमेन्ट, कम्प्युटर तथा पाट्स | ६८०,३३३.६० | ९९,५८०.०० | २२,६००.०० | १०५,०९०.०० | - | ९०७,६०३.६० | २५% | २०७,५०२.५७ | ७००,१०१.०४ |
| ग | **सवारी सधान** | | | | | | | | | |
| | सवारी सधान | - | | | | - | - | २०% | - | - |
| घ | **अन्य सम्पति** | | | | | | | | | |
| | अन्य सम्पति | २२३,०६२.६८ | | | २९,९००.०० | - | २५२,९६२.६८ | १५% | ३४,९५४.४० | २१८,००८.२८ |
| | **वेभसाईट** | | | | | | | | | |
| | सफ्टेवर | २००,५७४.२० | | | | - | २००,५७४.२० | SLM | ५०,१४३.५५ | १५०,४३०.६५ |
| | जम्मा | ३८,१८७,४९२.२४ | ९९,५८०.०० | २२,६००.०० | १३४,९९०.०० | - | ३८,४४४,६६२.२४ | | ६०३,५६०.९९ | ३७,८४१,१०१.२५ |

**५. प्रकटीकरण तथा थप जानकारी**

**५.१ वित्तीय सम्पत्ति तथा दायित्वको बजार मुल्य**

**५.१.१ बजार मुल्य मापनको श्रेणीकरण**

वित्तीय सम्पत्ति तथा दायित्वको बजार मुल्यको मापन गर्न सो मुल्य झल्काउने उपयुक्त बजारको छनौटको लागि निम्न बमोजिमको प्राथमिकताको क्रम अपनाइएको हुन्छ ।

**श्रेणी १**

यस श्रेणीमा बजार मुल्य सो सम्पत्ति / दायित्व वा उस्तै सम्पत्ति / दायित्वको स्वतन्त्र र सक्रिय रूपमा खरिद बिक्री हुने बजारमा चलन चल्तीमा रहेको मुल्यलाई कुनै समायोजन विना लिइन्छ ।

यस्ता सम्पत्ति वा दायित्वको पर्याप्त संख्या तथा मात्रामा असम्बन्धित व्यक्ति बिच खरिद बिक्री हुने बजार नै यस श्रेणी अन्तर्गतको बजार मुल्य निर्धारण गर्ने छनौटमा पर्छ ।

**श्रेणी २**

यस श्रेणीमा बजार मुल्यको निर्धारण सो निर्धारण गर्न प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा उपलब्ध हुने उपयुक्त तथ्यांकका आधारमा गर्ने गरिएको हुन्छ । यस्ता उपलब्ध हुने केही तथ्यांक निम्न प्रकारका रहेका छन् ।

सक्रिय र स्वतन्त्र बजारमा उस्तै वित्तीय सम्पत्ति तथा दायित्वको सूचिकृत बजार मुल्य :

- तुलनात्मक रूपमा कम सक्रिय र स्वतन्त्र उस्तै वित्तीय सम्पत्ति तथा दायित्वको सूचिकृत बजार मुल्य ।
- वित्तीय उपकरणहरूको बजार मुल्यको मापन गर्दा सो को मुल्य निर्धारणको पद्धतिको लागि आवश्यक हुने सम्पूर्ण तथ्यांक उपलब्ध हुँदा मात्र गरिन्छ ।

यदि कुनै वित्तीय उपकरणको बजार मुल्य सजिलै उपलब्ध हुन सक्ने बजार नभएको अवस्थामा, सहकारीले सोको बजार मुल्य मुल्यांकनको विभिन्न पद्धति अपनाएर गर्ने गरेको हुन्छ । उक्त मुल्यांकन पद्धतिमा सो वित्तीय सम्पत्तिसँग एकरूपता भएको वित्तीय सम्पत्तिको बजार मुल्यलाई लिएर उचित र आवश्यक समायोजन गरी मुल्य निर्धारण गर्ने गरिएको हुन्छ । वित्तीय उपकरणको शुरूवातमा पहिचान गर्दा सोको प्राप्तिको बेलाको कारोवार मुल्यलाई बजार मुल्यको रूपमा लिइन्छ ।

**श्रेणी ३**

बजार मुल्य श्रेणी २ अनुसार पनि निर्धारण गर्न नसकिएमा सोको निर्धारण मुल्यांकनका विभिन्न पद्धति अपनाएर गरिन्छ र सो मध्ये बढी उचित र उपयुक्त मुल्यांकन पद्धतिबाट आएको मुल्यलाई बजार मुल्यको रूपमा लिने गरिन्छ । मुल्यांकन पद्धतिमा उक्त वित्तीय सम्पत्तिसँग एकरूपता भएको वित्तीय सम्पत्तिको Net Present Value र Discounted Cash Flow Model अनुसारको मुल्यलाई समेत तुलनात्मक रूपमा हेरिन्छ ।

**५.१.२ बजार मुल्यमा लेखांकन गरिएका वित्तीय उपकरणः**

सहकारीले निम्न बमोजिमका वित्तीय उपकरण बजार मुल्यमा लेखांकन र प्रस्तुत गर्ने गरेको छ :

अन्य विस्तृत नाफा नोक्सान खातामा समायोजन हुने प्रकृतिका इक्विटीमा भएका लगानी

अन्य विस्तृत नाफा नोक्सान खातामा समायोजन हुने प्रकृतिका इक्विटीमा भएको लगानी यदि स्वतन्त्र सक्रिय बजारमा सो वित्तीय उपकरणको सूचिकृत मुल्य उपलब्ध भएसम्म सो मुल्यमा अन्यथा श्रेणी ३ अनुसार उपलब्ध हुने तथ्यांकका आधारमा गरिन्छ ।

संलग्न वित्तीय विवरणमा प्रस्तुत गरिएको वित्तीय उपकरणको बजार मुल्य तथा सो को निर्धारणको लागि छनौट गरिएको श्रेणीहरू निम्न प्रकार रहेका छन्:

| विवरण | आषाढ मसान्त २०८२ | आषाढ मसान्त २०८१ | श्रेणी |
|---|---|---|---|
| सूचिकृत शेयर | १,९१४,६४६.६९ | १,५६२,९८७.०० | श्रेणी १ |
| सूचिकृत नगरिएको शेयर | ५,३३१,३००.०० | ५,३३१,३००.०० | श्रेणी ३ |
| **कुल लगानी** | **७,२४५,९४६.६९** | **६,८९४,२८७.००** | |

**५.२ सम्बन्धित पक्षहरूको विवरण :**

यदि एउटा पक्षले अर्को पक्षलाई नियन्त्रण गर्न सक्ने वा अर्को पक्षको वित्तीय वा सञ्चालन सम्बन्धी निर्णयहरूलाई प्रभाव पार्न सक्ने भएमा ती पक्षहरू सम्बन्धित मानिन्छन् । सम्बन्धित पक्षहरूमा सहायक कम्पनीहरू, सम्बद्ध कम्पनीहरू, संस्थाका मुख्य शेयरधारकहरू, सञ्चालकहरू, प्रमुख कार्यकारी अधिकृत, व्यवस्थापकहरू र उनीहरूका नजिकका पारिवारिक सदस्यहरू

S. BHANDARI & ASSOCIATES Kathmandu Nepal Chartered Accountants

पर्दछन् । संस्थाले जसरी दुई असम्बन्धित पक्षहरू भएको खण्डमा कारोवार गर्दछ, त्यसरी नै आफ्नो सम्बन्धित पक्षहरूहरूसँग त्यस्तै शर्तहरूमा कारोवार गर्दछ ।

**५.२.१ संस्थाका सञ्चालकहरू र प्रमुख कार्यकारी अधिकृत**

संस्थाको व्यवस्थापनको लागि महत्वपूर्ण मानिने व्यक्तिहरू तथा उनीहरूका नजिकका परिवारिक सदस्यहरू पनि सम्बन्धित पक्षको परिभाषामा पर्दछन् । NAS 24 "Related Party Disclosures" अनुसार संस्थाको गतिविधिहरू सम्बन्धी योजना बनाउने, निर्देशन दिने र नियन्त्रण गर्ने अधिकार तथा जिम्मेवारी पाएका व्यक्तिहरूलाई त्यस संस्थाको व्यवस्थापनको लागि महत्वपूर्ण मानिने व्यक्तिहरूको रूपमा लिइन्छ । संस्थाले यस परिभाषा अनुरूप संस्थाको सञ्चालक समितिका सदस्यहरू, प्रमुख कार्यकारी अधिकृत तथा सम्पूर्ण उच्च व्यवस्थापन तहका कर्मचारीहरूलाई संस्थाको व्यवस्थापनको लागि महत्वपूर्ण व्यक्तिहरूको रूपमा पहिचान गरेको छ ।

आषाढ मसान्त २०८२ मा संस्थाको सञ्चालक समितिका सदस्यहरू तथा प्रमुख कार्यकारी अधिकृत निम्न उल्लेखित व्यक्तिहरू हुन्

| क्र.स. | सदस्य नं. | नाम थर | पद | तलब तथा भत्ता सेवा |
|---|---|---|---|---|
| १ | १ | राधेश्याम सुवाल | अध्यक्ष | ४६,६००.०० |
| २ | ३० | बलराम प्रजापति | उपाध्यक्ष | २९,६००.०० |
| ३ | १३२ | बिष्णु प्रसाद सुवाल | सचिव | ३९,२००.०० |
| ४ | २८१८ | रत्न केशरी सुखुपायो | कोषाध्यक्ष | ३६,८००.०० |
| ५ | २८ | विश्वराम त्वायना | सदस्य | ३७,६००.०० |
| ६ | १५५० | पुनेन्द्र प्रसाद कुसी | सदस्य | २६,६००.०० |
| ७ | २६ | शर्मिला मानन्धर | सदस्य | २८,४००.०० |
| ८ | १९५ | कृष्ण प्रजापति | सदस्य | १४,४००.०० |
| ९ | ५१० | पुर्ण प्रसाद दुवाल | सदस्य | ३८,६००.०० |
| १० | ८४३ | चंचल कर्माचाय | सदस्य | २९,४००.०० |
| ११ | ३५०६ | सृजन ग्वाछा | सदस्य | २३,६००.०० |
| १२ | २२६६ | बाल कृष्ण नागा | लेखा संयोजक | १६,०००.०० |
| १३ | ३२२९ | शिवजी हाकुदुवाल | व्यवस्थापक | ९७८,२७३.२० |

**५.३ मर्जर तथा एक्विजिसन**

सहकारीले आर्थिक वर्ष २०८१.८२ मा कुनै मर्जर तथा एक्विजिसन गरेको छैन ।

**५.४ रिपोर्टिङ अवधि पछिका घटनाहरू:**

रिपोर्टिङ अवधि र वित्तीय विवरण जारी गरिने मितिको बिचमा घटेका अनुकुल वा प्रतिकुल घटनाहरूलाई रिपोर्टिङ अवधिपछिका घटनाहरू भनिन्छ । रिपोर्टिङ अवधिपछिका घटनाहरूको लेखांकन र रिपोर्टिङको लागि NAS - 10 "Events after the Reporting Period" को पालना गरिन्छ ।

**रिपोर्टिङ अवधि पछिका समायोजन हुने घटनाहरू**

रिपोर्टिङ अवधिपछि समायोजन गर्नुपर्ने घटनाहरू कुनै रहेको छैन ।

**५.५ भारित औसत ब्याजदरको अन्तर:**

| विवरण | दर |
|---|---|
| ऋण तथा सापटीमा भारित औषत ब्याजदर | ११.९२% |
| बचतमा भारित औषत ब्याजदर | ६.६८% |
| खुद भारित औषत ब्याजदर अन्तर | ५.२४% |

S. BHANDARI & ASSOCIATES Chartered Accountants Kathmandu Nepal

श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि.
२६ औं वार्षिक साधारण सभा
वार्षिक प्रतिवेदन आ.व. २०८१/८२

### ५.६ पर्ल्स (PEARLS) अनुपात

तुलनात्मक पर्ल्स विश्लेषण प्रतिवेदन, २०८१ आषाढ मसान्त

| सचुक | क्षेत्र | बिवरण | रकम | लेखामा | मापदण्ड |
|---|---|---|---|---|---|
| P- Protection सुरक्षण | P1 | नोक्सानीको लागि व्यवस्था | १३,४७९,०७३.०० | १००.००% | १००% |
| | | खराब कर्जा | १३,४७९,०७३.०० | | |
| | P2 | नोक्सानीको लागि व्यवस्था | ५,८१८,९५१.०० | ५०.००% | ५०% |
| | | संकास्पद कर्जा | ११,६३७,९०२.०० | | |
| | P2X1 | नोक्सानीको लागि व्यवस्था | ५,८७६,८७९.५० | २५.००% | २५% |
| | | संकास्पद कर्जा | २३,५०७,५१८.०० | | |
| | P6 | सम्पत्तिको खुद मुल्य | १,०१५,६८९,९५३.०७ | ११२.७३% | >=१११% |
| | | कुल शेयर तथा बचत | ९०१,०२७,९२२.६८ | | |
| E- Effective Financial Structure प्रभावकारी वित्तिय संरचना | E1 | कुल कर्जा | ४८३,६०१,७८२.०७ | ४७.६१% | ७०-८०% |
| | | कुल सम्पत्ति | १,०१५,६८९,९५३.०७ | | |
| | E5 | बचत | ८२२,७२६,१२२.६८ | ८१.००% | ७०-८०% |
| | | कुल सम्पत्ति | १,०१५,६८९,९५३.०७ | | |
| | E6 | बाह्रय ऋण | - | ०.००% | ०-५% |
| | | कुल सम्पत्ति | १,०१५,६८९,९५३.०७ | | |
| | E7 | शेयर पुंजी | ७८,३०१,८००.०० | ७.७१% | <=२०% |
| | | कुल सम्पत्ति | १,०१५,६८९,९५३.०७ | | |
| | E8 | संस्थागत पुंजी | ७८,२८३,४१७.८१ | ७.७१% | >=१०% |
| | | कुल सम्पत्ति | १,०१५,६८९,९५३.०७ | | |
| A-Assets Quality सम्पत्तिको गुणस्तर | A1 | भाखा नाघेको कर्जा | ४८,६२४,४९३.०० | १०.०५% | <=५% |
| | | कुल कर्जा | ४८३,६०१,७८२.०७ | | |
| | A2 | आय नहुने सम्पत्ति | ६०,०८९,६९२.०७ | ५.९२% | <=५% |
| | | कुल सम्पत्ति | १,०१५,६८९,९५३.०७ | | |
| | A3 | बिना लागतको पुंजी | १७२,३१५,१२३.३७ | २८६.७६% | >=२००% |
| | | आय नहुने सम्पत्ति | ६०,०८९,६९२.०७ | | |
| R-Rates of Returns and Cost प्रतिफल दर | R1 | कर्जाबाट खुद आय | ६१,४५०,५०६.०० | ११.९२% | बजार दर |
| | | औसत कर्जा | ५१५,६६०,४०२.०७ | | |
| | R2 | तरल लगानीबाट आय | १८,७९१,६९७.३४ | ५.८७% | बजार दर |
| | | औसत तरल लगानि | ३२०,०००,०००.०० | | |
| | R3 | वित्तिय लगानीबाट आय | ३८१,८९१.०७ | ७.१६% | बजार दर |

| | | | | | |
|---|---|---|---|---|---|
| | | औसत वित्तिय लगानी | ५,३३१,३००.०० | | |
| | **R5** | बचतमा ब्याज | ५३,५२३,९३२.०० | ६.६८% | बजार दर>मुद्रास्फीति |
| | | औसत बचत | ८०१,३२२,४६८.६१ | | |
| | **R7** | शेयर पुंजीमा लाभांश | ४,९७९,५८१.७४ | ६.३७% | बजार दर>R5 |
| | | औसत शेयर पुंजीमा | ७८,१४०,८५०.०० | | |
| | **R8** | कुल मुनाफा | २३,९५३,०२३.३४ | २.३९% | बजार दर |
| | | औसत सम्पत्ति | १,००३,२०६,४४९.१५ | | |
| | **R9** | प्रशासनिक खर्च | १४,०३५,७३५.५६ | १.४०% | <=५% |
| | | औसत सम्पत्ति | १,००३,२०६,४४९.१५ | | |
| | **R10** | जम्मा नोक्सानीको लागि व्यवस्था | २९,५२४,६७५.७० | ५.७३% | ^P1=100%<br>^P2=35% |
| | | औसत कर्जा | ५१५,६६०,४०२.०७ | | |
| | **R11** | अन्य आय | १,२६३,३९०.५२ | ०.१३% | न्युनतम |
| | | औसत सम्पत्ति | १,००३,२०६,४४९.१५ | | |
| | **R12** | खुद आय | १३,९५३,६८६.९३ | १.३९% | बजार दर |
| | | औसत सम्पत्ति | १,००३,२०६,४४९.१५ | | |
| **L-Liquidity** तरलता | **L1** | तरल सम्पत्ति-अल्पकालिन दायित्व | ४९१,८५४,३८६.४१ | ५९.७८% | १५% |
| | | कुल बचत | ८२२,७२६,१२२.६८ | | |
| | **L2** | तरल सम्पत्ति | ५१२,४४३,८७५.०७ | ६२.२९% | १५-२०% |
| | | कुल बचत | ८२२,७२६,१२२.६८ | | |
| | **L3** | आय नहुने तरल सम्पत्ति | २,५४१,१५३.०० | ०.३१% | <१% |
| | | कुल बचत | ८२२,७२६,१२२.६८ | | |
| **S-Signs of Growth** वार्षिक वृद्दि संकेत | **S1** | कुल कर्जा लगानीमा वृद्दि | (६४,११७,२४०.००) | -११.७१% | E1=70-80% |
| | **S2** | तरल लगानीमा वृद्दि | ७०,०००,०००.०० | २४.५६% | E2<=16% |
| | **S5** | बचतमा वृद्दि | ४२,८०७,३०८.१४ | ५.४९% | E5=70-80% |
| | **S7** | शेयर पुंजीमा वृद्दि | ३२१,९००.०० | ०.४१% | E7<=20% |
| | **S8** | संस्थागत पुंजीमा वृद्दि | ३,८१८,३५५.०८ | ५.१९% | E8>=10% |
| | **S10** | शेयर सदस्य संख्यामा वृद्दि | १०१.०० | १.७६% | >=15% |
| | **S11** | कुल सम्पत्तिमा वृद्दि | २४,९६७,००७.८३ | २.५२% | >मुद्रास्फीति+10% |

S. BHANDARI & ASSOCIATES Chartered Accountants Kathmandu Nepal

श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि.
२६ औं वार्षिक साधारण सभा
वार्षिक प्रतिवेदन आ.व. २०८१/८२

**अन्य थप जानकारी**

- संस्थाले आ.व. २०८१।०८२ मा बैठक भत्ता र अन्य भत्ता गरि जम्मा रु.४,२२,२००.०० खर्च गरेको छ। सो रकममा आयकर ऐन बमोजिम कर कट्टी गरी भुक्तानी गरिएको छ।
- ऋण प्रवाहमा संचालक समितिको समय समयमा गरेको निर्णय अनुसार ऋण लगानीमा ०.५-१% प्रतिशत सम्म प्रक्रियागत ऋण व्यवस्थापन शुल्क लिइएको छ।
- संस्थाले आ.ब २०८०।०८१ मा सहकारी ऐन २०७४ तथा सहकारी नियमावली २०७५ अनुसार कोषमा बाँडफाँड गरेको र यस आ.ब मा निम्न बमोजिम खर्च तथा रकमान्तर गरिएको छ।

| सि.नं. | (कोष विवरण) | २०८०।०८१ मौज्दात | अन्य कोषबाट थप | खर्च तथा भुक्तानी | जगेडा कोषमा रकमान्तर | बाकी मौज्दात |
|---|---|---|---|---|---|---|
| १ | साधारण जगेडा कोष | ७२,११३,१८७.०५ | १,२९५,०९०.२२ | - | | ७३,४०८,२७७.३ |
| २ | संरक्षित पुंजी फिर्ता कोष | ३,३३१,२१६.८१ | | ३,३२९,२५६.०० | १,९६०.८१ | ०.०० |
| ३ | सहकारी प्रवर्द्धन कोष | ६६,६२४.३४ | | ६६,६२४.३४ | | - |
| १ | शेयर लाभांस कोष | ६,५४९,४०१.६१ | | ६,३३३,९३६.०० | | २१५,४६५.६१ |
| २ | संस्था विकास कोष | ४९६,३५१.३० | | ४४०,६५४.०० | ५५,६९७.३० | - |
| ३ | सहकारी शिक्षा कोष | ४९६,३५१.३० | | २५१,६२१.७९ | २४४,७२९.५१ | - |
| ४ | डुबन्त ऋण कोष | ४९६,३५१.३० | | ०.०० | ४९६,३५१.३० | - |
| ५ | घाटापूर्ति कोष | ४९६,३५१.३० | | (०.००) | | ४९६,३५१.३० |
| ६ | कर्मचारी बोनस कोष | ४९६,३५१.३० | | ३८१,६३५.०० | | ११४,७१६.३० |
| ७ | सामुदायिक विकास कोष | ६३६,३५१.३० | | २८९,०१५.०० | | ३४७,३३६.३० |
| ८ | स्थिरिकरण कोष | ४९६,३५१.३० | | (०.००) | ४९६,३५१.३० | - |
| | जम्मा (ग) | ८५,६७४,८८८.९ | १,२९५,०९०.२२ | ११,०९२,७४२.११ | १,२९५,०९०.२२ | ७४,५८२,१४६.८ |

श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि. भक्तपुर-८
S. BHANDARI & ASSOCIATES Chartered Accountants Kathmandu Nepal

दर्ता नं. २६०५५४/०७७/०७८ स्थायी लेखा नं. ६०९९८३१०८

# रिसर्च सेन्टर फर बेटर गभर्नेन्स
# Research Center for Better Governance (P.) Ltd.
Anamnagar, Kathmandu, Nepal

श्री बाराही बचत तथा ऋण सहकारी संस्था लिमिटेडका
सदस्य महानुभावहरु समक्ष प्रस्तुत
आ. व. २०८१ /०८२ को सामाजिक परीक्षणको प्रतिवेदन

## कार्यकारी सारांश

सामाजिक परीक्षण बाट सरोकारवाला सदस्य तथा संचालकहरुले सामाजिक कार्य सम्पादनका लागि भविष्यमा गर्न सकिने सुधारको आशा राख्दछन् । यस कारण हरेक समुदायमा आधारित संघ/संस्थाले एक आर्थिक वर्षमा समग्र सामाजिक जिम्मेवारी पुरा गरे/नगरेको सम्बन्धमा लेखाजोखा गर्ने कार्य नै सो आर्थिक वर्षको सामाजिक परीक्षण हो ।

सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट अध्ययन गरे पश्चात् सम्पूर्ण सदस्य तथा सरोकारवाला सहितको समावेशी उपस्थितिमा प्रारम्भिक प्रतिवेदन प्रस्तुत गर्नु पर्दछ । छलफलमा उठेका सवाल र जवाफलाई समेती अन्तिम प्रतिवेदन तयार गरिन्छ । समुदायमा आधारित सामुदायिक संस्थाबाट भएका कामहरूले हासिल गरेका सामाजिक उपलब्धिको विश्लेषणबाट कार्य सम्पादन, अवस्थाको आंकलन गर्न सामाजिक परीक्षण विधि प्रभावकारी भएको देखिन्छ । सामाजिक परीक्षणको सैद्धान्तिक पक्षको अनुशरण, सामाजिक परीक्षण कार्यविधिको महत्वपूर्ण पाटो भएकाले यसको सफल कार्यान्वियनबाट आफ्नो सामाजिक विकासको उत्तरदायित्व पूरा गर्न संघ संस्थालाई टेवा पुग्ने गर्दछ र भविष्यको रणनीति तथा योजना तयार गर्ने कार्यका लागि यसका निष्कर्षले सघाउँछ ।

सहकारी संस्थाको सहकारी ऐन २०७४ को दफा १३७ मा उल्लेखित सामाजिक परीक्षण गर्न सकिने व्यवस्थालाई आत्मसाथ गर्ने उद्देश्यले श्री बाराही बचत तथा ऋण सहकारी संस्थाको सामाजिक परीक्षण कार्य संचालन निर्देशिका, २०८० को दफा ७ मा उल्लेख भए बमोजिम साधारण सभा तोकिएको एक महिना अगाडि सम्पन्न गरी सामाजिक परीक्षण साधारण सभाको प्रतिवेदनमा उल्लेख गर्नु पर्ने प्रावधान छ । यसै अनुसार सामाजिक परीक्षण कार्य संचालन निर्देशिकाको अधिनमा रही भक्तपुरको यस सहकारी संस्थाको आ.व. २०८१।०८२ को सामाजिक परीक्षण गरिएको छ ।

भक्तपुर नगरपालिका भित्र अवस्थित श्री बाराही सहकारीको आ.व. २०८१।०८२ को सामाजिक परीक्षण गर्ने क्रममा सामाजिक जिम्मेवारी पूरा गरे नगरेको सम्बन्धमा अनुसन्धानात्मक ढंगबाट अध्ययन तथा विश्लेषण गर्न आवश्यक सूचना तथा जानकारी संकलन गर्ने क्रममा संस्था सँग सम्बन्धित विभिन्न सन्दर्भ सामग्रीहरूको अध्ययन तथा समिक्षा गरिएको थियो । त्यस्तै संस्थाका पदाधिकारी, व्यवस्थापक, विभागिय प्रमुख, कर्मचारी, बजार प्रतिनिधी तथा संस्थाका सदस्यहरू सँग अर्धसंरचित (Semi-Structured) अन्तरवार्ता लिनुका साथै छलफल समेत गरिएको थियो । अध्ययनबाट प्राप्त सूचना तथा तथ्याङ्कहरूको आधारमा संस्थाको सामाजिक परीक्षण कार्य संचालन निर्देशिका, २०८० को अनुसूचीमा उल्लिखित ढाँचामा आधारित प्रारम्भिक प्रतिवेदन तयार गरी सम्पूर्ण पदाधिकारी कर्मचारी र सदस्यहरु सहितको उपस्थितिमा प्रारम्भिक प्रतिवेदन प्रस्तुत गरिएको थियो । छलफलमा उठेका सवाल र जवाफलाई समेटी अन्तिम प्रतिवेदन तयार गरिएको छ ।

भक्तपुर जिल्ला भक्तपुर नगरपालिका गःपलि टोलका ११ जना स्थानीय व्यवसायीहरुको भेलाले मिति वि.सं. २०५४ साल फागुन २० गते श्री बाराही बचत कोषको नामबाट बचत रकमको शुरुवात गरे पश्चात २०५६।०४।०४ मा श्री बाराही बचत तथा ऋण सहकारी संस्थाको नाममा दर्ता गरिएको थियो ।

शुरुमा भक्तपुर नगरपालिकामा मात्र सेवा प्रदान गरिरहेको यस सहकारीले हाल भक्तपुर नगरपालिका लगायत चाँगु नारायण नगरपालिका, मध्यपुर ठिमी नगरपालिका र सुर्यविनायक नगरपालिकामा सेवा विस्तार गरी कार्य गर्दै आइरहेको छ ।

स्थापना कालदेखि २६ औं वर्षसम्म आईपुग्दा यो संस्था भक्तपुर जिल्लामै एउटा उत्कृष्ट सहकारीको रूपमा चिनिदै आएको छ । यस सहकारीलाई एसियाली ऋण महासंघले सन् २०१६/१७ देखी २०२०/२१ सम्म निरन्तर पाँच वर्ष (A One Competitive Choice for Excellence in Service and Soundness) ACCESS Branding का रुपमा ACCESS BRONZE पदक प्रदान गरेको थियो । 'सुरक्षित बचत, सुरक्षित लगानी, सामाजिक र सांस्कृतिक समृद्धिका लागि श्री बाराही सहकारी' भन्ने मूल मन्त्रलाई आत्मसाथ गर्दै यस सहकारीले आफ्नो गतिविधि अगाडि बढाइरहेको छ । संस्थाको भिजन "समुदायको पहिलो छनौटको उत्कृष्ट वित्तीय सहकारी संस्था" रहेको छ भने यसको ध्येय (Mission) "आधुनिक प्रविधियुक्त प्रतिस्पर्धात्मक गुणस्तरीय वित्तीय सेवा तथा क्षमता विकासका कार्यक्रम मार्फत सदस्यहरुको आर्थिक, सामाजिक, साँस्कृतिक विकास गर्ने" तय गरिएको छ ।

यस सहकारीका उद्देश्यहरु (Objectives) सदस्यहरुको सामाजिक र आर्थिक हितलाई ध्यानमा राखी देहायमा उल्लेख भए बमोजिमका काम कारबाही गर्नु, सदस्यहरु र समुदाय बीच स्वावलम्बन पारम्परिक सहयोग, एवं सहकार्यको विकास गर्नु, सदस्यहरुबाट निक्षेप प्राप्त गर्नुका साथै उनीहरुले गरेका निक्षेपमा प्रतिस्पर्धात्मक दरमा व्याज दिनु, उत्पादनशील, आयमूलक क्षेत्रमा लगानीको निम्ति सदस्यहरुलाई सुलभ व्याज दरमा ऋण प्रदान गर्नु, सदस्यहरुलाई आत्मनिर्भर तथा आत्मविश्वास बढाउन शिक्षा, तालिम तथा स्वास्थ्य सेवा पुर्याउनु, समुदायमा आधारित व्यवसायिक वित्तीय संस्थाको रूपमा स्थापित गर्न स्थानीय, क्षेत्रीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थाहरुसँग अन्तरसम्बन्ध र सहयोगात्मक भावना राख्नु, दातृ संघसंस्थाबाट कुनै शर्त नराखी प्राप्त हुने अनुदान सहयोग स्वीकार गर्नु, सदस्यहरुको आपसी सहयोगबाट राहत कोषको व्यवस्था गरी आर्थिक सुविधा प्रदान गर्नु, अन्य संघसंस्थाहरुको एजेन्ट/सवएजेन्ट भई सदस्यहरुलाई रेमिटेन्स (विप्रेषण) को सुविधा दिनु, अन्य संघसंस्थाहरुसँग अन्तरलगानी सम्झौता बमोजिम निक्षेप तथा ऋण लिनु दिनु, सदस्यहरुको अधिकतम हितलाई ध्यानमा राखी दैनिक कार्य सञ्चालन गर्नु र संस्थालाई आवश्यक सम्पत्ति खरिद/बिक्री गर्नु रहेका छन् ।

श्री बाराही बचत तथा ऋण सहकारीले मिति २०५६/०७/०९ गते देखि केही नवीनतम कार्यहरु जस्तैः घरदैलो बचत तथा ऋण संकलन, क्यालेन्डर छपाई गरी सदस्यहरुलाई निःशुल्क वितरण, एसइइ उत्तीर्ण तथा असल बचत र ऋणीलाई सम्मान, श्री बाराही मनी ट्रान्सफर सेवा सुचारु, शैक्षिक छात्रवृत्ती, साधारण सभामा जेष्ठ सदस्यलाई प्रमुख अतिथी राख्ने, ३६५ दिने सेवा, पाकेको ऋण व्याजमा छुट व्यवस्था, एक्सेस कार्यक्रम, सदस्यहरुको दुर्घटना बिमा, संचित बचत कार्यक्रम, नोटिस बोर्ड सेवाबाट सूचना प्रवाह, लाभांश रकम भुक्तानी पुर्जी मार्फत वितरण, साधारण सभामा डोर प्राइजको व्यवस्था, भक्तपुर अस्पताल र क्यान्सर अस्पतालमा ह्विल चियर सहयोग, बिस्काः जात्रा नामक दृश्यात्मक पुस्तक प्रकाशन, संरक्षित पूँजी फिर्ता कोष, मोबाइल एप्स प्रयोग, कोभिड-१९ रोकथाम र नियन्त्रण कार्यक्रममा सहयोग, ऋण बिमा सेवा, लाभांश रकम लाभांश कोषबाट मात्र वितरण, ख्वप अस्पतालको अक्सिजन प्लान्टमा सहयोग, परम्परागत बाँसुरी बाजा तथा मादल प्रशिक्षण र Connect IPS सेवा सुचारु जस्ता कार्यक्रमहरु संचालन गरिरहेको छ ।

२०८२ असार मसान्त सम्म यस संस्थाका सदस्यहरुको संख्या ५८४५ पुगेर निरन्तर रुपमा सदस्य संख्या बढने क्रममा रहेको छ । यस संस्थाले बचतकर्ताहरुलाई ३ देखी ५.५ प्रतिशत र ऋण प्रवाहमा ९ देखी ११ प्रतिशत व्याजदर निर्धारण गरी सेवा उपलब्ध गराइरहेको छ । सहकारीको संचालक समिति निर्वाचन विधि र पद्धतिमा टेकेर चयन हुने गर्दछ । भक्तपुर जिल्लामा स्थायी बसोबास गर्ने नेपाली नागरिक मात्र यस सहकारीको सदस्य हुने पाउने प्रावधान संस्थाको विधानमा रहेको छ । नव आगन्तुक सदस्यहरुलाई शुरुमा शेयर पूँजी वापत रु. १०००, सदस्यता शुल्क वापत रु. २५० र नियमित बचत रु. २०० गरी जम्मा १४५० रुपैयाँ लिने व्यवस्था रहेको छ । संस्थाका बचतकर्ताहरुले न्यूनतम १०० रुपैयाँ बचत गर्न सक्ने प्रावधान तोकिएको छ ।

सुशासन (संचालन तथा व्यवस्थापन) ऐन २०६३ तथा नियमावली २०६४, सूचनाको हक सम्बन्धी ऐन २०६३, सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, मापदण्ड, निर्देशिका र निर्देशन तथा नेपालको संबिधानको अनुसूचीमा उल्लेख भए अनुसार सहकारी

सम्बन्धी कार्यक्रम तथा सेवा प्रवाहलाई सहभागितामूलक एवम् योजनाबद्ध तवरले लेखाजोखा र सामाजिक परीक्षणको व्यवस्था गरिए बमोजिम यस संस्थाको सामाजिक परीक्षण कार्य मिति २०८२ श्रावण महिनाको पहिलो हप्तामा सम्पन्न गरी मिति २०८२/०४/१६ गते प्रतिवेदन प्रस्तुतीकरण र सुझावहरु संकलन भइ श्रावणको तेश्रो हप्तामा अन्तिम प्रतिवेदन सहकारी संस्थामा पेश गरिएको छ। सामाजिक परीक्षणवाट प्राप्त केही मुख्य सबल र सुधारात्मक पुहरु निम्नानुसार रहेका छन्।

**परीक्षणबाट देखिएका संस्थाका अधिकांश सबल पक्षहरु निम्नानुसार रहेका छन्।**

- संस्थाको आफ्नै कार्यालय भवन रहनु,
- कार्यालय भवन सानो भए पनि भक्तपुर दरबार स्क्वायरको ऐतिहासिक र सांस्कृतिक स्थान नजिकै रहेकोले शान्त र सफा वातावरणले सेवाग्राही सबैको पाहुच सहज र सरल हुनु,
- कार्यालयमा अध्यक्ष कक्ष, व्यवस्थापक कक्ष, लेखा अधिकृत कक्ष, प्रशासन कक्ष, ऋण विभाग कक्ष, सेवाग्राहीहरुलाई ऋण तथा बचत लागि प्रशस्त काउन्टरहरु रहनु,
- कार्यालयमा आवश्यक संख्यामा कर्मचारी र अन्य जनशक्ती कार्यरत रहनु, कार्यालय भवनमा सदस्य र संचालकहरुका लागि प्रर्याप्त कोठाहरु रहनु,
- संस्थाको कार्यालय भवनमा तालिम हल र सभाहल संचालनमा रहनु,
- सहकारी कार्यालयसम्म सूर्यविनायक चोकबाट सहजै जान/आउन सक्ने फराकिलो बाटो रहनु,
- कार्यालयमा कार्यरत कर्मचारी र कार्यालयको व्यवस्थापन पक्ष अत्यन्त चुस्त दुरुस्त र केन्द्रीकृत रुपमा सिसिटिभिद्वारा अनुगमन र निरीक्षण गर्ने गरी व्यवस्थीत बनाइनु,
- कार्यालयमा कार्यरत कर्मचारी र सेवाग्राही सदस्यहरुका लागि स्वच्छ पिउने पानीको व्यवस्था रहनु,
- कार्यालयमा इन्टरनेट सेवा संचालनमा रहनु, निरन्तर बत्ती, इन्टरनेटका साथै बचत तथा ऋण सेवा प्रवाहमा आउने अवरोध हटाउन कार्यालयमा बैकल्पिक उर्जाको व्यवस्था रहनु,
- कार्यालयको सेवा सुविधा र प्रशासनिक कार्यको दैनिक अनुगमन गरी प्रभावकारी सेवा सञ्चालन गर्न सिसिटिभि क्यामेरा जडान गरिएको,
- कार्यालय हाताको सरसफाइ र फाहोरमैला व्यवस्थापनको उचित प्रबन्ध हुनु,
- सहकारी संस्थाले आफ्नो सदस्यहरुलाई सस्तो व्याजदरमा ऋण सेवा प्रवाह गरिरहेको,
- ज्येष्ठ नागरिक सदस्यलाइ बीमाको व्यवस्था हुनु,
- कार्यालयका प्रत्येक तलामा सफा शौचालय संचालनमा रहनु,
- कार्यालयमा कार्यरत सहकारीकर्मीहरुको लागि समय-समयमा Capacity Development Training लगायत सेवा सम्बन्धी अन्य आवश्यक तालिम संचालन हुनु,
- सेवाग्राहीलाइ छिटो छरितो सेवा प्रदान गरिनु,
- दैनिक रुपमा कार्यालयमा आउने सेवाग्राहीहरुको आगन्तुक पुस्तिकामा रेकर्ड राख्ने व्यवस्था हुनु,
- स्थानीय पालिकाहरुसँग सहकार्य गरेर संस्थाले ४ वटा नगरपालिकाहरुमा कार्यक्षेत्र विस्तार गरी सेवा प्रदान गरिरहेको,
- ठूलो भन्दा दीगो रुपमा सहकारी अघि बढिरहेकोले निरन्तर रुपमा सदस्यलाई सेवा दिन प्रयत्नशील रहेको देखिनु,
- सदस्यको सहभागिता र सदस्य केन्द्रित कार्यक्रममा प्रजातान्त्रिक अभ्यास सुधारोन्मुख भएको देखिनु,
- सदस्य, कर्मचारी र संचालक समितिका पदाधिकारीहरुको भूमिका, जिम्मेवारी, काम कर्तव्य, बुझाइ र विश्वास सुधारोन्मुख देखिनु,
- निर्वाचन पूर्व भावी संचालकहरुको लागि नेतृत्व विकास तालिम (Leadership development) र निर्वाचन पश्चात संचालकहरुको क्षमता अभिबृद्धि तालिम (Credit union Director's Competency course-CUDCC) प्रदान गर्ने गरेको पाइयो।
- सहकारीको निर्णय प्रक्रियामा पदाधिकारीहरुको भूमिका र कार्यविवरण स्पष्ट रहनु,
- एशियाली ऋण महासंघको ACCESS Branding कार्यक्रममा निरन्तर सहभागिताले संस्थाको छवि र स्तर कायम हुन सक्नु,

- संघीय प्रणाली अनुरुप जिल्ला, प्रदेश तथा केन्द्रीय तहसम्म संस्थाको आवद्धता रहनु,
- संस्थापना कालदेखि नै समुदायमा आधारीत रही सदस्य केन्द्रित स्तरीय सेवा प्रदान गर्दै आएको देखिनु,
- विश्व बैंकको एक अध्ययन अनुसार दुरी, सघनता, र वितरणले स्थानीय सामुदायिक विकासको गतिमा प्रत्यक्ष प्रभाव पार्ने निष्कर्ष बमोजिम यस संस्थाको कार्यक्षेत्र भित्र उपरोक्त तत्वहरु विद्यमान रहेको देखिनु,
- संस्थामा कम्प्यायन्स अधिकृत र सूचना अधिकारी व्यवस्था गरिनु, सूचना अधिकारीले संस्थाका काम कर्तव्य र सेवाहरु सम्बन्धी सदस्यहरुलाई जानकारी गराउने व्यवस्था रहनु,
- नागरिक बडा पत्र र संस्था संचालन र सेवा सम्बन्धी गुनासो पेटीका सार्वजनिक ठाँउमा राख्न लगाइ सुशासन एवं विधिसम्मत तवरमा संचालन हुनु,
- संस्थाले अपागंता भएका व्यक्ती, ज्येष्ठ नागरिक र अशक्तहरुलाई प्राथमिकतामा राखेर सेवा प्रदान गर्नु यस श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि.का सकारात्मक पक्षहरु हुन ।

**संस्थाले आगामी दिनमा सामाजिक जिम्मेवारी पुरा गर्न थप केही पहल कदम चाल्न वा सुधार गर्नुपर्ने सुझावहरु निम्नानुसार रहेका छन् ।**

- समुदायप्रति समर्पित रही निष्ठापूर्वक सेवा प्रदान गर्न प्रयत्नशील रही रहनु पर्ने,
- सहकारीक्षेत्रको छवि कमजोर हुदै गएको वर्तमान अवस्थामा वित्तीय स्थिति, पारदर्शिता, गुणस्तरीय सेवा, सदस्य सुविधा र कार्यक्रमले अलग पहिचान कायम गर्नु पर्ने,
- सदस्य केन्द्रियताको लागि सदस्य संख्या वृद्धि, बचत वृद्धि, न्यून व्याजदरमा ऋण लगानी, निरन्तर सदस्य शिक्षा द्वारा सदस्यको जीवन सुधार निरन्तर रुपमा गर्दै रहनु पर्ने,
- सहकारी मूल्य सिद्धान्त, ऐन, नियम, मापदण्ड र निर्देशन पालना गर्दै सम्झौता रहित कार्यान्वयन पु उजागार गर्नु पर्ने,
- संस्थाको व्यालेन्स सिट भन्दा सदस्यको व्यालेन्ससिट बढाइ सदस्यको वित्तीय कल्याण, जीवनस्तर सहज र सुव्यवस्थित बनाउने कार्यक्रम संचालन गर्दै जानु पर्ने,
- संस्थाले सदस्यको बचत सँगै खुसी र समृद्धि वृद्धि गर्न प्रयत्नशील रहनु पर्ने,
- अर्थतन्त्रको नयाँ चुनौतीले ल्याएको कठिनाइले सहकारीक्षेत्रमा देखा परेको अपराधहरु वीच असल सहकारी र सदस्यहरुको साथी बन्ने कार्यक्रम संचालन गर्नु पर्ने,
- उत्कृष्ट व्यवस्थापन गुणस्तरीय सेवा सुशासन तथा राष्ट्रिय अन्तराष्ट्रिय मापदण्ड पालना गरी सदस्यहरुको बचत सुरक्षित गर्दै संस्थाप्रतिको विश्वास कायम गर्ने वातावरण निरन्तर कायम गर्दै जाने,
- सदस्यहरुको सोच, व्यवहार, चरित्र र अनुशासनलाइ कायम राख्दै संस्थाप्रति लगाव बढाउन थप पहल गर्नु पर्ने,
- सहकारीको भावना र उद्देश्य भन्दा फरक प्रकृतिका विभिन्न वित्तीय निकायहरु भन्दा नितान्त अलग एवं सहकारीहरु विच पनि बेग्लै ढंगले फरक पहिचान कायम राखी संस्था संचालन गर्दै जानु पर्ने,
- संस्था, समुदाय र सदस्यहरु विच Collaboration को भावना विकास गर्दै लैजानु पर्ने,
- सहकारीको बचत तथा ऋण लिने सदस्यहरुलाई लामो समय लाइनमा बस्न कठिनाई हुने हुँदा कार्यालयीय सेवालाई सहज, सरल र व्यवस्थित बनाउनका लागि आवश्यकता अनुसार टोकनको व्यवस्था लागु गरिनु पर्ने ।

समग्रमा श्री बाराही बचत तथा ऋण सहकारीले आफ्नो उद्देश्य मुताविक पारदर्शी र गुणस्तरीय कार्यपद्धति मार्फत आफ्नो सदस्यहरुको आर्थिक–सामाजिक कल्याणमा निरन्तर काम गरिरहेको र सबै सदस्यहरुको विश्वास र सम्मान आर्जन गरिरहेको कुरा यस सामाजिक परीक्षणबाट प्राप्त भएको छ ।

Research Center for Better Governance (P.) Ltd. RC BG 2077 Kathmandu

.................................
हरिभक्त जोशी
अध्यक्ष
रिसर्च सेन्टर फर बेटर गभर्नेन्स प्रा. लि.
अनामनगर, काठमाडौं
मिति २०८२/०४/२८

# श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि.

## भुलाँचा-४, भक्तपुर

## आ.व.२०८१/०८२ मा विभिन्न संघ संस्थाको कार्यक्रममा सहभागिता तथा उपस्थिति जनाएको विवरणहरू

| क्र.सं. | मिति | संघ संस्थाको नाम | कार्यक्रम | पद | कार्यक्रम स्थान |
|---|---|---|---|---|---|
| १ | २०८०/०४/१३ | प्रोस्कून | चौथौं स्थापना दिवस | अध्यक्ष, व्यवस्थापक | अर्पण ब्याडक्वेट |
| २ | २०८१/०४/२३ | नेफ्स्कून | कर योजना तथा व्यवस्थापन तालिम | लेखा अधिकृत | क्रिस्टल पार्टी भेन्यू |
| ३ | २०८१/०४/३२ | नेफ्स्कून | ३७ औं स्थापना दिवस | अध्यक्ष,व्यवस्थापक | कार्की बैंक्वेट |
| ४ | २०८१/०५/२९ | शुभकामना साकोस | २४ औं वार्षिक साधारण सभा | अध्यक्ष | शुभकामना पार्टी प्यालेस |
| ५ | २०८१/०५/२९ | नारी सेवा साकोस | २२ औं वार्षिक साधारण सभा | सचिव | अजिमा पार्टी महल |
| ६ | २०८१/०६/०२ | बाल कुमारी साकोस | २५ औं स्थापना दिवस | संचालक सदस्य | थिमी बैक्वेट |
| ७ | २०८१/०६/०३ | उपकार साकोस | ३० औं वार्षिक साधारण सभा | सचिव | न्यू एभरेष्ट पार्टी प्यालेस |
| ८ | २०८१/०६/०५ | समय साकोस | १४ औं वार्षिक साधारण सभा | संचालक सदस्य | महेश्वरी बैंक्वेट |
| ९ | २०८१/०६/१७ | समदर्शी साकोस | २२ औं वार्षिक साधारण सभा | उपाध्यक्ष | महेश्वरी बैंक्वेट |
| १० | २०८१/०६/१८ | सिद्धी गणेश साकोस | २० औं वार्षिक साधारण सभा | संचालक सदस्य | महेश्वरी बैंक्वेट |
| ११ | २०८१/०६/१९ | शुभेच्छा साकोस | १८ औं वार्षिक साधारण सभा | अध्यक्ष | शुभकामना पार्टी प्यालेस |
| १२ | २०८१/०६/१९ | संचित साकोस | १५ औं वार्षिक साधारण सभा | कोषाध्यक्ष | सुर्यविनायक पार्टी प्यालेस |
| १३ | २०८१/०६/२३ | सामुहिक साकोस | २७ औं वार्षिक साधारण सभा | संचालक सदस्य | भक्तपुर पार्टी प्यालेस |
| १४ | २०८१/०७/१० | संगम साकोस | १७ औं वार्षिक साधारण सभा | अध्यक्ष | शुभकामना पार्टी प्यालेस |
| १५ | २०८१/०७/२२ | भ.जि.ब.त.ऋ.स.संघ लि | २० औं वार्षिक साधारण सभा | उपाध्यक्ष | भक्तपुर बैक्वेट |
| १६ | २०८१/०७/२३ | प्रोस्कून | चौथौं वार्षिक साधारण सभा | संचालक सदस्य | वानेश्वर, काठमाडौं |
| १७ | २०८१/०७/२४ | नारी कल्याण साकोस | ३१ औं वार्षिक साधारण सभा | कोषाध्यक्ष | सुर्यविनायक पार्टी प्यालेस |
| १८ | २०८१/०७/२६ देखि २७ गते | राष्ट्रिय सहकारी बैंक लि | अध्यक्ष एवं व्यवस्थापन प्रमुखको क्षमता विकास तालिम | अध्यक्ष/व्यवस्थापक | जर्मन होम्स एण्ड हस्पिटालिटी होटेल, गठाघर |
| १९ | २०८१/०७/२९ | नेपाल राष्ट्र बैंक, वित्तीय शाखा | सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारण र GOAML System मा आद्धता तथा रिपोर्टिङ्ग सम्बन्धमा | लेखा अधिकृत | होटल अकामा, धुम्बाराही, काठमाडौं |
| २० | २०८१/०८/०६ | राष्ट्रिय सहकारी बैंक लि | लघु गोष्ठी | अध्यक्ष | शाखा कार्यालय, सुर्यविनायक |
| २१ | २०८१/०८/१३ देखि १४ | नेफ्स्कून | ऋण जोखिम व्यवस्थापन तालिम | ऋण उपसमिति सदस्य | क्रिस्टल पार्टी भेन्यू |
| २२ | २०८१/०८/१७ देखि २० | माइक्रो बैंकर नेपाल | Micro banking system advance traninig | व्यवस्थापक/लेखा अधिकृत | Micro banker Nepal office |
| २३ | २०८१/०८/२१ देखि २२ गते | नेफ्स्कून | Plam workshop | अध्यक्ष/व्यवस्थापक | काठमाडौं |
| २४ | २०८१/०८/२९ | राष्ट्रिय सहकारी बैंक लि | २१ औं वार्षिक साधारण सभाको एकाई बैठक | अध्यक्ष | स्वम्बु, काठमाडौं |
| २५ | २०८१/०९/०४ देखि ६ गते | नेफ्स्कून | ३३ औं वार्षिक साधारण सभा | अध्यक्ष | बुटवल अन्तराष्ट्रिय सम्मेलन केन्द्र, रुपन्देही |

| | | | | | |
|---|---|---|---|---|---|
| २६ | २०८१/०९/०५ | माइक्रो बैंकर नेपाल | Smart mobile banking & sms programm | व्यवस्थापक/व.प्रशासन सहायक | Micro banker Nepal office |
| २७ | २०८१/०९/१४ | राष्ट्रिय सहकारी बैंक लि | Diploma in cooperative management को प्रस्तुतिकरण कार्यक्रम | व्यवस्थापक | पाटन |
| २८ | २०८१/०९/१८ | प्रोस्कून | Goaml reporting system class | व्यवस्थापक/लेखा अधिकृत | काठमाडौं |
| २९ | २०८१/०९/१९ | माइक्रो बैंकर नेपाल | ऋण सम्बन्धी कार्यक्रम | व्यवस्थापक/ब.ऋण सहायक | काठमाडौं |
| ३० | २०८१/१०/०९ | नेफ्स्कून | म्यानेजर्स कार्यशाला गोष्ठी | व्यवस्थापक | काठमाडौं |
| ३१ | २०८१/१०/२७ देखि २८ गते | भ.जि.ब.त.ऋ.स.संघ लि | ऋण व्यवस्थापन तालिम | ऋण उपसमिति सदस्य | भक्तपुर |
| ३२ | २०८१/१२/०५ | नेफ्स्कून | समपत्ति शुद्धिकरण तथा निवारण तालिम | लेखा अधिकृत | काठमाडौं |
| ३३ | २०८१/१२/०८ | भ.जि.ब.त.ऋ.स.संघ लि | कार्यविधि निर्माण तालिम | वरिष्ठ ऋण सहायक | भक्तपुर |
| ३४ | २०८१/१२/१५ | प्रोस्कून | सहकारी संस्थाहरुको समस्या समाधानका लागि साझा प्रयास । | अध्यक्ष | अल्फा हाउस, काठमाडौं |
| ३५ | २०८१/१२/१७ | नेफ्स्कून | नेपालको सहकारी अभियानमा वित्तीय सहकारीहरुको आगामी मार्गचित्र । | अध्यक्ष/व्यवस्थापक | दियो महल, धुम्बाराही |
| ३६ | २०८१/१२/१७ देखि २० गते | नेफ्स्कून | ऋण अधिकृतहरुको क्षमता अभिवृद्धि तालिम | वरिष्ठ ऋण सहायक | काठमाडौं |
| ३७ | २०८१/१२/२६ | राष्ट्रिय सहकारी महासंघ | सहकारी संस्थाका लागि जारी गरिएको निर्देशन तथा मापदण्ड सम्बन्धी छलफल | व्यवस्थापक | राष्ट्रिय सहकारी महासंघको भवन |
| ३८ | २०८२/०१/१९ देखि २० गते | नेफ्स्कून | कार्यशाला गोष्ठी | व्यवस्थापक | थेलो प्यागोडा, जमल |
| ३९ | २०८२/०१/२१ | भ.जि.ब.त.ऋ.स.संघ लि | २१ औं स्थापना दिवस | व्यवस्थापक | भक्तपुर |
| ४० | २०८२/०२/०१ | भ.जि.ब.त.ऋ.स.संघ लि | CDMAS सम्बन्धी कार्यक्रम | लेखा अधिकृत | संघको मुख्य कार्यालय |
| ४१ | २०८२/०२/०२ | भ.जि.ब.त.ऋ.स.संघ लि | अन्तरक्रिया कार्यक्रम | अध्यक्ष र व्यवस्थापक | बालकुमारी साकोसको सभा हल |
| ४२ | २०८२/०२/१० देखि ११ गते | भ.जि.ब.त.ऋ.स.संघ लि | पर्ल्स अनुगन प्रणाली तथा पूँजी प्रर्याप्तता | कोषाध्यक्ष र संचालक | रोयल थाई एण्ड हस्पितालिटी |
| ४३ | २०८२/०२/१९ | माइक्रो बैंकर नेपाल | Software update सम्बन्धी कार्यक्रम | व्यवस्थापक र लेखा अधिकृत | माइक्रो बैंकर कार्यालय |
| ४४ | २०८२/०२/३१ | भ.जि.ब.त.ऋ.स.संघ लि | अन्तरक्रिया कार्यक्रम | अध्यक्ष र व्यवस्थापक | भक्तपुर साकोस |
| ४५ | २०८२/०३/०१ | भ.जि.ब.त.ऋ.स.संघ लि | व्यवस्थापक भेला कार्यक्रम | व्यवस्थापक | केभी लन्ज |
| ४६ | २०८२/०३/०७ देखि ०८ गते | भ.जि.ब.त.ऋ.स.संघ लि | मानव श्रोत व्यवस्थापन तालिम | व्यवस्थापक र वरिष्ठ प्रशासन सहायक | रोयल थाई एण्ड हस्पितालिटी |
| ४७ | २०८२/०३/१४ | भ.जि.ब.त.ऋ.स.संघ लि | महिला नेतृत्व विकास तालिम | संचालक सदस्य | रोयल थाई एण्ड हस्पितालिटी |

# श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि.

### भुलाँचा-४, भक्तपुर

### आ.व. २०८१/०८२ श्रावण देखि असार महिना सम्मका नियमित बचतकर्ताहरू मध्ये गोलाप्रथाद्धारा छनोट भएका नियमित सदस्यहरूको नामावली

| क्र.सं. | नाम | सदस्य नं | ठेगाना | महिना | कैफियत |
|---|---|---|---|---|---|
| १ | कृष्ण गोपाल गणेजु | ११५४ | भ.न.पा-४ | उत्कृष्ट | २६ औं स्थापना दिवसमा सम्मान भइसकेको । |
| १ | गणेश माया रंजितकार | ४९२७ | थालाछें-१० | श्रावन | |
| २ | सुनिल सुजखु | ५६६८ | सुन्दरबस्ती-६ | भदौ | |
| ३ | पियुस पक्का | ५६८५ | इटाछें-२, भक्तपुर | आश्विन | |
| ४ | टिका बहादुर खड्का | ५०२८ | बाराहीस्थान-३ | कार्तिक | |
| ५ | मिश्री त्यात | ५४२५ | छालिङ्ग-५ | मंसिर | |
| ६ | प्रविना प्रजापति | ४६७७ | तौलाछें-९ | पौष | |
| ७ | पवन जाकिबन्जार | ५१८१ | भ.न.पा-४ | माघ | |
| ८ | गुणेश्वरी कासिछ्वा | ५३८९ | छालिङ्ग-२ | फागून | |
| ९ | रविन थुयाजु | ५४१० | नंखेल-९ | चैत | |
| १० | रकिल बोयजु | ५५३० | भ.न.पा-२ | बैशाख | |
| ११ | नानी मैया प्रजापति | ८८९ | तौलाछें-९ | जेठ | |
| १२ | लतं बहादुर सुजखु | १६६८ | भ.न.पा-४ | असार | |

### आ.व. २०८१/०८२ श्रावण देखि असार महिना सम्मका नियमित बाल बचतकर्ताहरू मध्ये गोलाप्रथाद्धारा छनोट भएका नियमित बाल बचतकर्ताहरूलाई २६ औं स्थापना दिवसमा सम्मान भई सकेको ।

| क्र.सं. | बाल बचतकर्ताको नाम | बाल बचत नं | ठेगाना | सदस्य नं | महिना | संरक्षकको नाम |
|---|---|---|---|---|---|---|
| १ | लियन हाकुदुवाल | ११४०१३६०-३ | आर्दश बसस्टप | ३२२९ | श्रावन | शिवजी हाकुदुवाल |
| २ | स्वर्णिम सुवाल | ११४००३७०-० | बोलाछें-४ | ४०० | भदौ | कृष्णश्वरी सुवाल |
| ३ | अनुश्री किसी | ११४०१४३४-३ | जगाती | ४७३१ | आश्विन | राजा राम किसि |
| ४ | जेसिका तामाङ्ग | ११४-०१२१५-३ | चा.न.पा | ४४९४ | कार्तिक | रमिला तामाङ्ग |
| ५ | हेम फाजु | ११४०१३३२-३ | सुर्यविनायक | ५३२५ | मंसिर | हरि फाजु |
| ६ | रियान कोजु | ११४००७२४-० | व्यासी-२ | १२८९ | पौष | राजी कोजु |
| ७ | आरजय कुम्पाख | ११४०१४१९-३ | भोलाछें-६ | ५७९९ | माघ | रिया कुम्पाख |
| ८ | रिजन खड्गी | ११४०१२२४-१ | कटुञ्जे-५ | १३१६ | फागून | मेनुका बाइजु |
| ९ | नभ्यश नायोभा | ११४०१४१८-८ | तेखाचो-३ | ५७९२ | चैत | नितेश नायोभा |
| १० | प्रविशा नापित | ११४०१२८७-० | क्वाछें | १२६२ | बैशाख | गीता नापित |
| ११ | प्रासना तज | ११४०१०६९-५ | सृजनानगर | ४०४५ | जेठ | सीता कर्माचार्य |
| १२ | विजोन प्रजापति | ११४००९६८-४ | नगदेश | ३५१२ | असार | धनेश्वरी प्रजापति |

### आ.व. २०८१/०८२ श्रावण देखि असार महिना सम्ममा नियमित बचत गर्ने सदस्यहरू मध्ये गोलाप्रथाद्धारा छनौट भएका उत्कृष्ट नियमित बचत प्रोत्साहन पुरस्कार पाउने सदस्य

| क्र.सं. | सदस्य नं | नाम | शिर्षक | विधा | ठेगाना | २६ औं वार्षिक साधारण सभामा सम्मान हुने |
|---|---|---|---|---|---|---|
| १ | ११५४ | कृष्ण गोपाल गणेजु | नियमित मासिक बचत | उत्कृष्ट बचत सदस्य | भ.न.पा-४ | |

### आ.व. २०८१/०८२ श्रावण देखि असार महिना सम्ममा नियमित नियमित रुपमा ऋणको किस्ता, व्याज भुक्तानी गरी चुक्ता गर्ने सदस्यहरू मध्ये गोलाप्रथाद्धारा छनौट भएका उत्कृष्ट ऋणी सदस्य प्रोत्साहन पुरस्कार पाउने सदस्य

| क्र.सं. | सदस्य नं | नाम | शिर्षक | विधा | ठेगाना | २६ औं वार्षिक साधारण सभामा सम्मान हुने |
|---|---|---|---|---|---|---|
| १ | १६१७ | केशव तमखु | व्यापार/व्यवसाय | उत्कृष्ट ऋणी सदस्य | ईटबु-८ | |

## संस्थाको २६ वर्षसम्मको वित्तीय तथा सदस्यता विवरण

| आ.व. | वासलात | शेयर पूंजी | निक्षेप हिसाब | ऋण लगानी | जगेडा कोष | कुल नाफा | सदस्य संख्या बाल बचत समेत |
|---|---|---|---|---|---|---|---|
| २०५६/०५७ | ३६०९६०४.०७ | ७५५०० | ३३५८९५० | ३२३३८९६ | २८४६५.५२ | ११३८६२.०७ | ७९ |
| २०५७/०५८ | ६१०८५३६.८ | ५४५४०० | ५३३४००२ | ४२८८५३० | ४२५६८.०२ | ८०५८५.७६ | १७२ |
| २०५८/०५९ | ८५५२०६३.९ | ७०३९०० | ७४६०७२६ | २२३२७०३ | ७२१६१.५४ | १६९१०५.८१ | २३६ |
| २०५९/०६० | ११९७७०३९.१७ | १०३३९०० | १००८७३६४ | ८८२२७४४ | १४७०८३.५४ | १६२४१५ | ४६३ |
| २०६०/०६१ | १८८३९७५४.१७ | १४६५४०० | १६३८२२१७ | ११५३१७७० | १९७६१९.५४ | २०९२३४ | ६०२ |
| २०६१/०६२ | ३१५७९०१८.१७ | २१४७००० | २८१००६८५ | २२४४३०१८ | २५३३८२.५४ | २२३०५१.९० | ८२४ |
| २०६२/०६३ | ५४६०४८९२.१७ | ३२९४९०० | ४६३५६७७३ | ३९७३०६६३ | १०५०५५२.७१ | ३९३२४२ | १००३ |
| २०६३/०६४ | ६३०८६३२७.४० | ४७९५९०० | ५५४१५०७६ | ४६८४५६१७ | १४११५३५.९६ | ७७४५३८.२३ | ११८५ |
| २०६४/०६५ | ९३२६९०३६.८३ | ६८६२८०० | ८२०३४७८५ | ६४३५५०६५ | २१८५१७४.८७ | ८२१०५४.२९ | १४०७ |
| २०६५/०६६ | १०७३९१८१४.५३ | ९२०२५०० | ९१५४१७२९ | ८९६२१५५५ | २५४५१२६.३९ | ८२१६४०.१४ | १६१८ |
| २०६६/०६७ | १३५५४५५५३.०२ | १२६१८२०० | १११८६५१४७.४६ | १०८७११४३८ | ३३४२४२०.०५ | ९३४०६५.८६ | २१९७ |
| २०६७/०६८ | १६२४९२७७३.७२ | १६०२४७०० | १३०४८६००१.५३ | १२१८४२८९८ | ४१६२४७०.०५ | १२६२१९३.४३ | २९८६ |
| २०६८/०६९ | २०४८६०८६३.८५ | १९५२०९०० | १६२७३५५२५.३१ | १२९६०४६९७ | ४९३१२३१.९० | २०२३४४९.३८ | ३३२८ |
| २०६९/०७० | २४००७५८३० | २२७८८७०० | १८९२०७४०९.०१ | १५४३२५३३९ | ६०९२४८९.४३ | ४२८०६८७.३६ | ३६३१ |
| २०७०/०७१ | २९६१५५५८४.९३ | २५८६९२०० | २३६०४४५८९.३९ | १८१६३५१२९ | ७७६२५००.७० | ६०३७३७२.०७ | ३९६९ |
| २०७१/०७२ | ३५३०२६७०२.६० | २८६३३००० | २८६९७११९५.३९ | २१२००११२४ | १४२८५१९३.८८ | ७५६२४३८.४५ | ४२२४ |
| २०७२/०७३ | ४२७८०७०७६.६६ | ३२५२७४०० | ३५०१८७६८१.६४ | २८८९५८५१३ | १९९८४९५९.०९ | १०५७१३६३.०३ | ४७०३ |
| २०७३/०७४ | ५१७०७८६७६.८३ | ३९७४२९०० | ४१८०५३७२१.६४ | ३९२८३७८८२ | २४५२२७८७.७३ | १६४४३२१२.८२ | ५१४४ |
| २०७४/०७५ | ६२६४६६७५४.७८ | ४६७३४४०० | ५०५१०६६४१.६४ | ४७३३५८८५७ | ३०६१७९२१.६२ | १५१६२५६९.२५ | ५६०७ |
| २०७५/०७६ | ६६६५१६०१८.६५ | ५३०६०३०० | ५२४०३०५७६.९६ | ४८८०६६४३८ | ३६१६०९१२.३० | १६००१६७९.३९ | ५८६६ |
| २०७६/०७७ | ७७७४८३२८२.५३ | ६०५४३८०० | ६०९९०२५९७.८३ | ५१०१७७४७७ | ४२४६२२७०.२५ | १७६३७९५४.८१ | ६१४५ |
| २०७७/०७८ | ८३८६२१३७८.७० | ६४९९११०० | ६५६०११३७८.९५ | ४६८२९४६५८.४० | ५०८३०८३५.०८ | १६२८१४२९.४७ | ६१५० |
| २०७८/०७९ | ८९६१३७२३७.६५ | ७३१७७७०० | ६५१७३७७२३.९८ | ५९९८९९५८० | ५७४००९७३.२३ | १८३५७०९०.८९ | ६२२६ |
| २०७९/०८० | ९४३३६१६१३.६९ | ७६७५८८०० | ६७९७७२६५८.३७ | ५७५९२२९४८ | ६५१३३६४३.७० | १९६९६२६९.१५ | ६३६७ |
| २०८०/०८१ | ९९०७२२९४५.२४ | ७७९७९९०० | ७७९९१८८१४.५४ | ५४७७१९०२२.०७ | ७२११३१८७.०५ | २०७८९५४०.२० | ६६१० |
| २०८१/०८२ | १०१५६८९९५३.०७ | ७८३०१८०० | ८२२७२६१२२.६८ | ४८३६०१७८२.०७ | ७६६८७६५५.०९ | १३८०६१६३.१४ | ६६८२ |

## स्थापनाकालदेखि हालसम्मको शेयर पूँजी




## स्थापनाकालदेखि हालसम्मको निक्षेप हिसाब



## स्थापनाकालदेखि हालसम्मको ऋण लगानी हिसाब




## स्थापनाकालदेखि हालसम्मको जेगडा कोष



## स्थापनाकालदेखि हालसम्मको कुल नाफा




## स्थापनाकालदेखि हालसम्मको सदस्यता विवरण बाल बचत समेत



## स्थापनाकालदेखि हालसम्मको वासलात




### श्री बाराही साकोसमा सदस्य बन्न आवश्यक न्यूनतम रकम तथा कागजपत्रहरू

- शेयर न्यूनतम रु. १००।-
- मासिक नियमित बचत न्यूनतम रु. १००।-
- प्रवेश शुल्क रु. १००।-
- विपत् व्यवस्थापन शुल्क रु. १००।-
- परिचय पत्र शुल्क रु. १०।-
- फोटो - ३ थान
- नागरिकताको प्रतिलिपी - १ थान
- भक्तपुर जिल्ला बाहेकको नागरिकको हकमा:
  (मतदाता परिचय पत्र/ बसाई सराई प्रमाण पत्र/ भक्तपुरमा घरजग्गा भएको प्रमाण पूर्जी/ सहकारीको ऐन अनुसार सदस्य हुन सकिने व्यक्ति/ अन्य भक्तपुरको प्रमाण)

### धितो राखी ऋण लिन आवश्यक कागजातहरू :-

- सकल जग्गा धनी प्रमाण पुर्जा
- तिरो तिरेको रसिद
- नागरिकताको फोटोकपी र सकल नारिकता
- नापी नक्सा सकल
- हालसालै खिचेको १ वटा फोटो(पासपोत साईज)
- घर भएकोमा नक्सा पास पुर्जी र जग्गाधनी पुर्जामा घर कायम भएको हुनु पर्ने ।
- चार किल्ला प्रमाणित गर्नु पर्ने
- व्यवसाय भएमा व्यवसायको प्रमाण पत्र
- शेयर प्रमाण पत्रको फोटोकपी
- आयश्रोत विवरण

# श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि.

भुलाँचा-४, भक्तपुर

## क. विनियम-२०५६ (दशौं संशोधन-२०८२)

सहकारी ऐन–२०७४, सहकारी नियमावली–२०७५ बमोजिम सहकारी संस्थाको विनियममा आवश्यक संशोधन गर्नुपर्ने भएकोले संस्थाको विनियम २०५६ को दफा ७० ले दिएको अधिकार प्रयोग गरी संचालक समितिले विभिन्न समयमा गरेका निर्णयहरु पारित तथा अनुमोदनको लागि यस वर्षको साधारण सभामा दशौं विनियम संशोधन २०८१ प्रस्ताव पेश गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यस विनियमको नाम श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि. दशौं संशोधन विनियम २०८२ हनेछ ।

| क्र.सं. | संशोधन गर्ने दफा | हाल कायम व्यवस्था | संशोधन हुनुपर्ने | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| क | परिच्छेद २ दफा ६ उद्देश्यहरु | ज) अन्य संघ/संस्थाहरुको एजेन्ट/ सबएजेन्ट भै सदस्यहरुलाई रेमिटेन्स (विप्रेशन) र वीमा अभिकर्ता भै वीमाको सुविधा दिने । | ज) अन्य संघ/संस्थाहरुको एजेन्ट/सवएजेन्ट भै सदस्यहरुलाई रेमिटेन्स (विप्रेशन), वीमा अभिकर्ता भै वीमाको सुविधा, लगायत संस्थासंग सम्बन्धित विभिन्न थप प्रविधि सम्बन्धी सेवाका साथै अन्य सेवा सुविधाहरु पनि सदस्यहरुलाई उपलब्ध गराउने । | सुविधा थप गर्न वान्छनिय भएकोले । |
| ख | परिच्छेद २ दफा ७ कार्य | १. सहकारी सिद्धान्त अनुरुप बचत तथा ऋण सहकारी संस्थाको एकल उद्देश्य प्राप्तिका कार्यहरु गर्ने र कार्य दक्षता एवं संस्था सक्षम भएपछि संस्थाले नेपाल राष्ट्र बैंकको स्विकृती लिई बैकिङ्ग कारोबार कार्य गर्ने ।<br>२. नियमित बचत निक्षेप संकलन गर्ने ।<br>३. नियमित रुपमा ऋण प्रवाह गर्ने ।<br>४. सदस्यहरुको आर्थिक सामाजिक विकासका कार्य गर्ने ।<br>५. विविध कार्य गर्ने । | परिच्छेद २ दफा ७ उपदफा ४ पछि देहाय बमोजिम थप गर्ने<br>५. सदस्यहरुलाई बचत तथा ऋण लगायत संस्थाको नियमानुसार अन्य संघ संस्थाको एजेन्ट/सवएजेन्ट भई थप सेवा उपलब्ध गराउने ।<br>६. संस्थाको उद्देश्य अनुरुप विविध कार्यहरु गर्न सकिनेछ । | सुविधा थप गर्न वान्छनिय भएकोले । |
| ग. | परिच्छेद १२ विविध, दफा ६५, निर्वाचन | संस्थाको विनियमको अधिनमा रही समिति, लेखा(सुपरिवेक्षण) समिति एवं अन्य उपसमितिहरुको निर्वाचन गर्ने एउटा निर्वाचन समिति गठन गर्नेछ । जसमा समितिले तोकेको व्यक्तिको संयोजकत्वमा साधारण सदस्यहरु मध्ये एकजना सदस्य र सम्वन्धित जिल्ला सहकारी कार्यालयको प्रतिनिधि वा प्रमुख जिल्ला अधिकारीको कार्यालयको प्रतिनिधि एक रहने गरी जम्मा तीन जनाका निर्वाचन मण्डल गठन हुनेछ । जसले संस्थाको नियमानुसार निर्वाचन प्रक्रिया अपनाइ निर्वाचन कार्य सम्पादन गर्नेछ । | संस्थाको विनियमको अधिनमा रही संचालक समिति र लेखा(सुपरिवेक्षण) समितिको निर्वाचन कार्यका लागि एक निर्वाचन समिति गठन गर्नेछ । जसमा संचालक समितिले तोकिएको कानुन व्यवसायी एक जनाको संयोजकत्वमा साधारण सदस्यहरु मध्ये एकजना सदस्य र भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लिको प्रतिनिधि एक जना सदस्य रहने गरी जम्मा तीन जनाको निर्वाचन मण्डल गठन हुनेछ । जसले संस्थाको नियमानुसार निर्वाचन प्रक्रिया अपनाइ निर्वाचन कार्य सम्पादन गर्नेछ । | नीति अनुसार समय सापेक्ष सुधार गर्न वान्छनिय भएकोले |

# श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि.

## भुलाँचा-४, भक्तपुर

### ख. ऋण व्यवस्थापन नीति-२०८१

**नीति संसोधन परिमार्जन संख्या-२/२०८२/०८३)**

**संस्थाको संचालक समितिबाट निर्णय भएको ऋण व्यवस्थापन नीति-२०७२ (पहिलो संशोधन-२०८२) २६औं साधारण सभाबाट पारित तथा अनुमोदनका लागि पेश गरेको छ ।**

| क्र.सं. | संशोधन गर्ने दफा | हाल कायम व्यवस्था | संशोधन हुनुपर्ने | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| क | दफा ४७ जोखिमको आधारमा ऋणको वर्गिकरण : | जोखिमको आधारमा ऋणलाई देहाय बमोजिम ३ भागमा विभाजन गरिनेछ ।<br>४७.१. असल ऋण :– भाखा ननाघेको ऋण ।<br>४७.२. शंकास्पद ऋण :– १ महिना देखि १२ महिना सम्म भाखा नाघेको ऋण ।<br>४७.३. खराब ऋण :– १२ महिना भन्दा बढी नाघेको ऋण । | जोखिमको आधारमा ऋणलाई देहाय बमोजिम ४ भागमा विभाजन गरिनेछ ।<br>४७.१. असल ऋण :– तीन महिनासम्म भाखा ननाघेको वा भाखा नांघी तीन महिना व्यतित नभएको र सदस्यहरुको बचतको सुरक्षणमा प्रवाह गरेको ऋण भाखा ननाघेको ऋण<br>४७.२. कमसल ऋण :– ३ महिना देखि ६ महिनासम्म भाखा नाघेका ऋण<br>४७.३. शंकास्पद ऋण :– ६ महिना देखि १२ महिनासम्म भाखा नाघेका ऋण<br>४७.४. खराब ऋण :– १२ महिना भन्दा बढी भाखा नाघेको ऋण | सहकारी विभागवाट एकीकृत निर्देशिका जारी भएको हुनाले संशोधन गर्न वान्छनिय भएकोले । |
| ख | दफा ४८ जोखिम ऋणको व्यवस्थापन : | संस्थाको जोखिम ऋणहरु लाई निम्न अनुसार व्यवस्थापन गरिनेछ ।<br>४८.१ ऋणमा हुन सक्ने सम्भावित जोखिमलाई न्यून गर्न ऋण लगानीको (असल ऋण) १ प्रतिशत रकम मासिक रुपमा खर्च लेखी ऋण सुरक्षण कोषमा दाखिला गरिनेछ ।<br>४८.२ मासिक रुपमा भाखा नाघेको ऋण गणना गरी देहाय बमोजिम ऋण सुरक्षण कोषको व्यवस्था गरिनेछ ।<br>४८.२.१ १२ महिना भन्दा बढी समय भाखा नाघेको ऋणका लागि १००५ बराबर रकम ।<br>४८.२.२ १ महिना देखि १२ महिनासम्म भाखा नाघेको ऋणका लागि ३५५ बराबर रकम ।<br>४८.३ ऋण सुरक्षण कोष व्यवस्था गर्ने क्रममा विनियम बमोजिमको डुबन्त ऋण कोष र ऋण सुरक्षण कोषको कुल रकमले अपुग भएमा खर्च लेखेर कोषको व्यवस्था गरिनेछ ।<br>४८.४ ऋण अपलेखन (चार्ज अफ) नीति तयार गरी भाखा नाघेको २ वर्ष भन्दा बढी भई उठ्नै नसक्ने अवस्थामा पुगेका ऋणलाई अपलेखन गरिनेछ ।<br>४८.५ परियोजनाको सुरक्षाको लागि ऋणीलाई अनिवार्य रुपमा संभाव्य बीमा गर्न सकिने परियोजनाको बीमा गर्न लगाउनु पर्दछ । | संस्थाको जोखिम ऋणहरु लाई निम्न अनुसार व्यवस्थापन गरिनेछ ।<br>४८.१ मासिक रुपमा भाखा नाघेको ऋण गणना गरी देहाय बमोजिम ऋण सुरक्षण कोषको व्यवस्था गरिनेछ ।<br>४८.१.१ असल ऋण :– तीन महिनासम्म भाखा ननाघेको वा भाखा नांघी तीन महिना व्यतित नभएको र सदस्यहरुको बचतको सुरक्षणमा प्रवाह गरेको ऋण भाखा ननाघेको असल ऋण लाई १ प्रतिशत बराबर रकम ।<br>४८.१.२ कमसल ऋण :– ३ महिना देखि ६ महिनासम्म भाखा नाघेका कमसल ऋण लाई २५ प्रतिशत बराबर रकम ।<br>४८.१.३ शंकास्पद ऋण :– ६ महिना देखि १२ महिनासम्म भाखा नाघेका शंकास्पद ऋण लाई ५० प्रतिशत बराबर रकम ।<br>४८.१.४ खराब ऋण :– १२ महिना भन्दा बढी भाखा नाघेको खराब ऋणलाई १०० प्रतिशत बराबर रकम ।<br>४८.२ ऋण सुरक्षण कोष व्यवस्था गर्ने क्रममा विनियम बमोजिमको डुबन्त ऋण कोष र ऋण सुरक्षण कोषको कुल रकमले अपुग भएमा खर्च लेखेर कोषको व्यवस्था गरिनेछ ।<br>४८.३ ऋण अपलेखन (चार्ज अफ) नीति तयार गरी भाखा नाघेको २ वर्ष भन्दा बढी भई उठ्नै नसक्ने अवस्थामा पुगेका ऋणलाई अपलेखन गरिनेछ ।<br>४८.४ परियोजनाको सुरक्षाको लागि ऋणीलाई अनिवार्य रुपमा संभाव्य बीमा गर्न सकिने परियोजनाको बीमा गर्न लगाउनु पर्दछ । | सहकारी विभागवाट जारी एकीकृत निर्देशिका बमोजिम नीतिगत सुधार गर्न वान्छनिय भएकोले । |

# श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि.

**भुलाँचा-४, भक्तपुर**

**आठौं व्यवसायिक रणनीतिक योजना :**

**आ.व. २०८२/०८३ देखि २०८५/८६ को बजेट तथा व्यवसायिक योजना**

तयारी मिति :-२०८२/०२/२९ संचालक समितिद्वारा स्वीकृत मिति :-२०८२/०३/०६

व्यवस्थापनको मस्यौदालाई व्यवस्थापन सहितको वित्तिय उपसमितिवाट तयार गरिएको संस्थाको आठौं व्यवसायिक रणनीतिक योजना (२०८२/०८३ देखि २०८५/८६) लाई मिति २०८२/०३/०६ गतेको संचालक समितिमा पेश भइ मिति २०८२ श्रावण ९ गतेको वार्षिक समिक्षा तथा ४ वर्षिय व्यवसायिक रणनीतिक बजेट तथा योजना कार्यक्रममा छलफल पस्चात आएको सल्लाह सुझाव सहित संलग्न गरि मिति २०८२ श्रावण २२ गतेवाट पारित तथा निर्णय भएकोले २६ औं वार्षिक साधारण सभा मिति २०८२/०५/२८ गते अनुमोदनको लागि पेश गरिनेछ।

उक्त ४ वर्षिय रणनीतिक योजना अनुसार आगामी चार वर्षमा संस्थाको कुल पूँजी (वासलात) १,५२,६७,३४,०००।– पुऱ्याउने लक्ष्य तय गरेको छ। जुन विगत वर्ष देखि तयार गरेको सेरोफेरोमा रहेर जेठ महिनाको आधारमा श्रोत तथा उपयोग तर्फ हरेक वर्ष १० प्रतिशतले बृद्धि हुने पक्षपन गरिएको छ। संस्थाको संचालक समितिवाट स्विकृत भै आएको आठौं व्यवसायिक योजना अनुसरको ४ वर्षको रणनीतिक योजना साधारण सभावाट पारित तथा अनुमोदन भएपछि लागु गरिने छ।

## १) संस्थाको परिकल्पना (Vision)

"समुदायको पहिलो छनौटको उत्कृष्ट वित्तीय सहकारी संस्था"

THE BEST FINANCIAL COOPERATIVE WITH COMMUNITY'S FIRST CHOICE.

## २) ध्येय (Mission)

"आधुनिक प्रविधियुक्त प्रतिस्पर्धात्मक गुणस्तरीय वित्तीय सेवा तथा क्षमता विकासका कार्यक्रम मार्फत सदस्यहरुको आर्थिक, सामाजिक, साँस्कृतिक विकास गर्ने"

DEVELOP THE MEMBER'S ECONOMIC, SOCIAL AND CULTURAL STATUS BY PROVIDING MODERN TECHNOLOGY,COMPETITIVE QUALITATIVE FINANCIAL SERVICES AND OTHER COMPETENCY DEVELOPED PROGRAMME.

## ३) उद्देश्यहरू (Objectives)

सदस्यहरुको सामाजिक र आर्थिक हितलाई ध्यानमा राखी देहायमा उल्लेख भए बमोजिमका काम कार्यबाही गर्नु संस्थाको उद्देश्य हुनेछ।

अ) सदस्यहरु र समुदाय बीच स्वावलम्बन पारस्परिक सहयोग एवम सहकार्यको विकास गर्ने।
आ) सदस्यहरुबाट निक्षेप प्राप्त गर्नुका साथै उनीहरुले गरेका निक्षेपमा प्रतिस्पर्धात्मक दरमा व्याज दिने।
इ) उत्पादनशील, आयमुलक, क्षेत्रमा लगानीको निम्ति सदस्यहरुलाई सुलभ व्याज दरमा ऋण प्रदान गर्ने।
ई) सदस्यहरुलाई आत्मनिर्भर तथा आत्मविश्वास बढाउन शिक्षा, तालिम तथा स्वास्थ्य सेवा पुऱ्याउने।
उ) समुदायमा/आधारित व्यवसायिक वित्तीय संस्थाको रुपमा स्थापित गर्न स्थानीय, क्षेत्रीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थाहरुसँग अन्तरसम्बन्ध र सहयोगात्मक भावना राख्ने।
ऊ) दातृ संघसंस्थाहरुबाट कुनै शर्त नराखी प्राप्त हुने अनुदान सहयोग स्वीकार गर्ने।
ए) सदस्यहरुको आपसी सहयोगबाट राहत कोषको व्यवस्था गरी आर्थिक सुविधा प्रदान गर्ने।
ऐ) अन्य संघसंस्थाहरुको एजेन्ट/सवएजेन्ट भई सदस्यहरुलाई रेमिटेन्स (विप्रेशण) को सुविधा दिने।

ओ) अन्य संघ संस्थाहरुसँग अन्तरलगानी सम्झौता बमोजिम निक्षेप तथा ऋण लिने दिने ।

औं) सदस्यहरुको अधिकतम हितलाई ध्यानमा राखी दैनिक कार्य सञ्चालन ।

अं) संस्थालाई आवश्यक चल अचल सम्पति खरिद/विक्री गर्ने ।

## ४. चार वर्षिय व्यवसायिक लक्ष्य तथा योजना :

आ.व. २०८१/०८२ जेठको यथार्थ प्रगतिको आधारमा चार वर्षको सम्पति तथा दायित्व देहाय बमोजिम रहेको छ। जुन असार महिनाको लेखा परीक्षण पश्चात प्रतिशत हेरफेर हुने तर अंक फिगर हेरफेर नहुने गरि पारित बजेट निम्नानुसार रहेको छ। माथि उल्लेखित संस्थाको परिकल्पना, ध्येय र उद्देश्य तथा वित्तिय लक्ष्य पुरा गर्नका लागि संस्थाको व्यवसायिक लक्ष्य देहाय बमोजिम रहेको छ ।

४.१ सदस्यता बृद्धि
४.२ शेयर पूँजी बृद्धि
४.३ बचत तथा निक्षेप संकलन
४.४ ऋण परिचालन/लगानी
४.५ अन्य लगानी
४.६ वासलात
४.७ संस्थागत कार्यक्रम
४.८ सामाजिक कार्यक्रम
४.९ संस्थागत नीति विधीहरु
४.१० क्षमता विकास कार्यक्रम
४.११ शिक्षा तथा स्वास्थ्य कार्यक्रम
४.१२ भत्ता तथा पारिश्रमिक खर्च
४.१३ कानुनी उपचारका खर्चहरु आदीमा केन्द्रीत भइ तयार भएको हो ।

### ४.१. लक्ष्य- १ : सदस्यता

आ.व. २०८१/८२ को यथार्थ प्रगातिको आधारमा आगामी चार वर्षमा घटी बढि भई अन्त्यको अनुमानित सदस्य बृद्धि लक्ष्य निर्धारण गरिएको छ। जुन देहायको तालिकामा उल्लेख गरिएको छ।

| विवरण | २०८१/०८२ को यथार्थ | अनुमानित | | | |
|---|---|---|---|---|---|
| | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
| सदस्य संख्या | ५८५४ | ५९५३ | ६२५१ | ६५६४ | ६८९३ |
| बृद्धि प्रतिशत | | १.९३ % | ५ % | ५ % | ५ % |
| बाल सदस्य | ८२८ | ८५० | ८५३ | ८५० | ८४२ |
| जम्मा | ६६८२ | ६८०३ | ७१०४ | ७४१४ | ७७३५ |
| जम्मा बृद्धि संख्या | | १२१ | ३०१ | ३१० | ३२१ |

#### ४.१.१ रणनीति

१. सदस्यलाई उत्प्रेरित हुने खालका कार्यक्रम एवं सुविधाहरु प्रदान गर्ने ।
२. सदस्यताका लागी सर्भसुलभ सेवा प्रदान गर्ने ।
३. सुचना संप्रेषण छिटो छरिटोको लागि नयाँ नयाँ प्रविधि प्रयोगमा ल्याउने ।
४. सदस्यबाट सदस्य बनाई सदस्यता बृद्धिमा प्रोत्साहन गर्ने ।
५. सदस्यता वृद्धिका लागि कार्यक्षेत्र भित्र महिला वर्ग एवं वाल बचत कर्तालाई विशेष कार्यक्रम ल्याउने । जस्तै सुत्केरी भेटघाट, नयाँ दुलही सदस्यता कार्यक्रम, नवजात शिशुलाई निःशुल्क सदस्यता, बाल बचतकर्ता उपहार, वार्षिक स्टेश्नरी, जन्म दिनको उपहार वितरण ।

६. लघुबीमा सेवालाई प्रवर्द्धन गर्ने ।
७. खुत्रुके र बाल बचतकर्ता मार्फत भावी सदस्य बनाउने ।
८. सहकारी शिक्षा र ऋण सम्बन्धी जानकारीमुलक कार्यक्रमलाई निरन्तरता दिने ।
९. सदस्य काउण्टर सेवा केन्द्र थप गर्ने ।
१०. सहकारी एकिकरण मार्फत सदस्यता बृद्धिको पहल गर्ने ।
११. सदस्यको आवश्यकता अनुसार समय सापेक्ष तालिम, शिक्षा, स्वास्थ्य र प्रविधि सम्बन्धी कार्यक्रम वा सुविधाहरु प्रदान गर्ने ।
१२. सामाजिक र साँस्कृतिक वातावरणको सृजना गर्ने ।

४.१.२. **कार्य योजना**

१. सदस्य बनाउने (सदस्य, पदाधिकारी, तथा कर्मचारी)हरु मध्ये बढी सदस्य बनाउनेलाई सम्मान गर्ने ।
२. संस्थाको महत्वपूर्ण कार्यक्रम (वार्षिक साधारण सभा तथा स्थापना दिवस)मा प्रवेश शुल्क तथा सदस्य शुल्क विपद व्यवस्थापन कोष र परिचय पत्र बापतको जम्मा रू.२१०।- छुट दिई सदस्यता प्रदान गर्ने ।
३. संस्थाका सदस्यहरुलाई रू.३००।- वार्षिक बीमा शुल्क लिई लघुबीमा सेवा मार्फत संलग्न सदस्यहरुको स्वर्गारोहण भएमा परिवारलाई राहत स्वरुप रू. ५०,०००।- दिने ।
४. एक घर पुर्ण सदस्य अभियान चाल्ने ।
५. संस्थाका संचालक तथा अन्य पदाधिकारीहरुबाट न्यूनतम संख्यामा भएपनि सदस्यता बृद्धि गर्न सहयोग गर्नुपर्ने ।
६. सदस्यता बृद्धि तथा प्रवर्द्धनमा वार्षिक बजेट बिनियोजन गरि सदस्यता बृद्धि कार्यक्रमहरु गर्ने ।
७. ऐन अनुसारको संघ संस्था आदिमा सदस्य बृद्धिको लागि विशेष जोड दिने ।
८. न्यनतम शेयरवाट सदस्यता बृद्धिमा टेवा पुऱ्याउने ।
९. मृतक सदस्य परिवार भेटघाट एवं घरमै राहत वितरण कार्यक्रम ।
१०. सदस्यता वडा पत्र सदस्यले देख्ने ठाउँमा अद्यावधिक गरि तास गर्ने । सूचना अधिकृतको सदस्यहरुले देख्ने ठाउँमा फोटो सहित फ्लेक्स राख्ने ।

## ४.२ लक्ष्य २ः शेयर पूजी

आ.व. २०८१/०८२ को यथार्थ प्रगातिको आधारमा आगामी चार वर्षको अनुमानित शेयर पूँजी बृद्धि लक्ष्य निर्धारण गरिएको छ । जुन देहायको तालिकाबाट प्रस्त हुन्छ ।

| विवरण | २०८१/०८२ को यथार्थ | अनुमानित | | | |
|---|---|---|---|---|---|
| | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
| शेयर पूँजी | ७,८३,०१,८०० | ८,०२,९४,००० | ८,८३,२३,००० | ९,७१,५५,००० | १०,६८,७१,००० |
| बृद्धि प्रतिशत | | २.५४% | १०% | १०% | १०% |

४.२.१ **रणनीति**

१. किस्ताबन्दीमा शेयर खरीद गर्न प्रोत्साहन गर्ने ।
२. शेयर लाभांश ब्याजदर भन्दा बढी प्रदान गर्ने ।
३. ऋण सुविधा दिंदा शेयर लगानी आधारलाई प्राथमिकता दिने ।
४. न्युनतम शेयर हुनेलाई थप गर्न प्रोत्साहन गर्ने ।
५. शेयर डिपोजित खाता संचालन गर्ने ।
६. संस्थाको चुक्ता शेयरपूँजी रु.२५,०००।- र रु. ५०,०००।- हुने सदस्यहरुलाई निशुल्क लघुबिमा सेवा प्रदान गर्ने ।
७. संरक्षित पूँजी फिर्ता रकमबाट शेयर पूँजी बृद्धि गर्न प्रोत्साहन गर्ने ।
८. ठुला बचत कर्ताहरुलाई शेयरमा परिणत गर्न प्रोत्साहन गर्ने ।
९. ठुला शेयर लगानी कर्तालाई सम्मान गर्ने ।
१०. परामर्श गरेर शेयर पूँजी थप गराउने कर्मचारीहरुलाई लक्ष्य दिने ।

### ४.२.२ कार्य योजना

१. न्यूनतम १ कित्ता (रू. १००।-) मा शेयर खरिद गर्न लगाउने । १ वर्षमा अनिवार्य १० कित्ता पुऱ्याउनु पर्ने ।
२. वार्षिक आयबाट दिईने लाभांश न्युनतम शेयर हुनेको शेयर पूँजीमा मिलान गर्ने ।
३. खुद बचतमा लाभांश दर बढाउने ।
४. रू.२००,०००।- नबढ्ने गरी शेयरको अनुपातमा दोब्बर बिना धितोमा ऋण दिने ।

## ४.३ लक्ष्य ३ः बचत निक्षेप

आ.व. २०८१।०८२ को यथार्थ प्रगातिको आधारमा आगामी चार वर्षको अनुमानित निक्षेप बृद्धि लक्ष्य निर्धारण गरिएको छ । जुन देहायको तालिकाबाट उल्लेख गरिएको छ ।

| विवरण | २०८१/०८२ को यथार्थ | अनुमानित | | | |
|---|---|---|---|---|---|
| | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
| बचत निक्षेप | ८२,२७,२६,१२२.६८ | ९१,७६,४६,०००.०० | १,००,९४,११,०००.०० | १,११,०३,५२,०००.०० | १,२२,१३,८७,०००.०० |
| बृद्धि प्रतिशत | | ११.५४% | १०% | १०% | १०% |

### ४.३.१ रणनीति

१. नियमित बचत रकम सीमा बृद्धि गरी क्षमता अनुसार जम्मा गराउन प्रोत्साहन गर्ने ।
२. बजार मूल्यमा नघट्ने गरी व्याजदर कायम गर्ने ।
३. सदस्यहरुलाई सुविधा हुने खालका बचतका प्रकार बनाई संकलन गर्ने ।
४. बचत गर्ने चाहना बढाउने खालका कार्यक्रम तथा प्रचार प्रसार गर्ने ।
५. हाल कायम बजार प्रतिनिधि मार्फत सदस्य संख्यामा बृद्धि गरी सदस्यहरुको घरदैलो गई बचत संकलन सुबिधालाई निरन्तरता दिने ।
६. बचत उपसमिति मार्फत नियमित निक्षेप बृद्धि कार्यक्रम सञ्चालन गर्ने गराउने ।
७. प्रत्येक बचत संकलक प्रतिनिधिहरुलाई वार्षिक लक्ष्य तोकी जिम्मा लगाउने ।

### ४.३.२ कार्य योजना

१. बजार मूल्यलाई दृष्टिगत गरी व्याजदर निर्धारण गर्ने ।
२. संस्थाको बचतका प्रकारहरुलाई क्रियाशील बनाई बचत बृद्धि गर्ने ।
३. बचतको बिस्तृत विवरण सहितको ब्रोसर तयार गर्ने ।
४. बचतका प्रकार थप गर्ने । नियमित बचतलाइ वढावा दिने ।
५. संस्थाको उत्पादन तथा सेवा बारे जानकारी दिने कर्मचारीहरुको क्षमता बृद्धि गर्ने ।
६. वार्षिक रुपमा बचत शिर्षकहरुवारे अध्ययण विश्लेषण गर्ने ।
७. नियमित तथा अनियमित सदस्यहरुलाई घरदैलो कार्यक्रम गर्ने ।
८. अनियमित सदस्यतालाई न्युनिकरण गर्ने ।

## ४.४ लक्ष्य ४ः ऋण लगानी

आ.व. २०८१।०८२ को यथार्थ प्रगातिको आधारमा आगामी चार वर्षको अनुमानित ऋण लगानी बृद्धि लक्ष्य निर्धारण गरिएको छ । जुन देहायको तालिका उल्लेख गरिएको छ ।

| विवरण | २०८१/०८२ को यथार्थ | अनुमानित लक्ष्य | | | |
|---|---|---|---|---|---|
| | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
| ऋण लगानी | ४८,३६,०१,७८२.०७ | ६९,९७,०५,५०० | ७६,९६,७६,००० | ८४,६६,४३,००० | ९३,१३,०७,००० |
| बृद्धि प्रतिशत | | ४४.६९% | १० % | १० % | १०% |

### ४.४.१ रणनीति

१. सदस्यलाई आवश्यक सीपमूलक तालिम दिई आयआर्जन गर्न आवश्यक सरसल्लाह दिने ।
२. व्यवसाय प्रवर्द्धनात्मक कार्यक्रम तयार गरी उत्पादन मूलक व्यवसाय गराउन उत्प्रेरित गरी ऋण लगानी गर्ने।
३. समयानुकुल व्याजदरमा संशोधन परिमार्जन गरी लागु गर्ने ।
४. खराब ऋण व्यवस्थापनको लागि जोखिम न्यूनीकरण गर्ने ।
५. धितो सुरक्षण राखी ऋण लिनेलाई भुक्तानीको तरीका सजिलो बनाउन ऋणको भाखा थप्ने ।
६. ऋण शिर्षक थप गरी पूँजी परिचालन गर्ने । न्युन व्याजदरका ऋण शिर्षक तयार गर्ने ।
७. किस्ताबन्दी साँवा, व्याज भुक्तानीलाई प्राथमिकता दिने ।
८. ऋण तथा व्याज असुलीमा सहजता ल्याउन नियमित व्याज बुझाउने सदस्यलाई प्रोत्साहन गर्ने ।
९. सामुहिक व्यवसायलाई प्रवर्द्धन गर्न सामुहिक ऋणलाई जोड दिने ।
१०. पुरानो ऋणी सदस्यहरुलाई सम्पर्क गरि संस्थावाट ऋण कारोबार गर्न अनुरोध गर्ने ।
११. सदस्यहरुलाई व्यवसायिक तालिम प्रदान गरि व्यवसायिक बनाउने ।
१२. खराव ऋण असुली तथा ऋण लगानी गर्न छुटै कर्मचारीको व्यवस्था गर्नु पर्ने ।
१३. ऋण परिचालनको लागि सानो ऋणीलाई प्राथमिकता राखि सदस्यको अनुकुलतामा मध्येनजर गर्ने ।

### ४.४.२ कार्य योजना

१. सदस्यताको विवरण अनुरुप तालिमको वर्गीकरण गरी तोकिएको वर्गको लागि तोकिए बमोजिका कार्यक्रम तयार गर्ने ।
२. सीप भएका तर व्यवसाय गर्ने सम्बन्धमा राम्रो जानकारी नभएका सदस्यहरुका लागि व्यवसाय प्रवर्द्धनात्मक कार्यक्रम तर्जुमा गरी लागु गर्ने ।
३. लगानीको क्षेत्र पहिचान गरी लगानी प्रवर्द्धन गर्ने ।
४. तरलताको अवस्थालाई सुधार गर्न अल्पकालिन निक्षेप जम्मा गरी बचत लागत परिपुर्तिका लागि व्यवस्था गर्ने ।
५. घर निर्माण बचतका सदस्यहरुलाई बचतको अनुपात १:३ गुणा घर बनाउन ऋण दिने ।
६. ऋण शिर्षकगत अनुसारको परामर्श कार्यक्रम वा त्रैमासिक सामुहिक ऋणी भेटघाट बैठक गर्ने ।
७. विशेष परामर्श कार्यकक्ष व्यवस्था गरि सदस्य परामर्श सेवाको व्यवस्था गर्ने ।

## ४.५. लक्ष्य ५ : अन्य लगानी

आ.व. २०८१/०८२ को यथार्थ प्रगतिको आधारमा आगामी चार वर्षको अनुमानित अन्य लगानी बृद्धि लक्ष्य निर्धारण गरिएको छ । जुन देहायको तालिकाबाट स्पष्ट हुन्छ ।

| विवरण | २०८१/०८२ को यथार्थ | अनुमानित लक्ष्य | | | |
|---|---|---|---|---|---|
| | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
| अन्य लगानी (आवधिक बचत) | ३५,५०,००,००० | २०,७०,००,००० | २२,७१,१७,००० | २४,९८,३०,००० | २७,४८,१२,००० |
| बृद्धि प्रतिशत | | (४१.६९) % | १० % | १० % | १० % |

### ४.५.१ रणनीति

१. संस्थाको तरलता व्यवस्थापन गर्न आवश्यकता अनुसार अन्य लगानी (आवधिक निक्षेप, बचत) गर्ने ।
२. लगानीका क्षेत्रहरु खोजी लगानी बढाउने ।

### ४.५.२ कार्य योजना

१. अन्य वितीय संस्था-बैक, विकास बैक, फाईनान्सको व्याजदर लाई अध्ययन मुल्याङ्कन गरी संस्थाको लागत धान्ने गरि लगानी विस्तार गर्ने ।

### ४. ६. लक्ष्य ६ : वासलात

आ.व. २०८१/०८२ को यथार्थ प्रगातिको आधारमा आगामी चार वर्षको अनुमानित अन्य लगानी बृद्धि लक्ष्य निर्धारण गरिएको छ। जुन देहायको तालिकाबाट स्पष्ट हुन्छ।

| विवरण | २०८१/०८२ को यथार्थ | अनुमानित लक्ष्य | | | |
|---|---|---|---|---|---|
| | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
| वासलात | १,०५,५०,३३,४३४.९६ | १,१४,७०,५८,००० | १,२६,१७,६४,००० | १,३८,७९,४०,००० | १,५२,६७,३४,००० |
| बृद्धि प्रतिशत | | ८.७२% | १० % | १० % | १० % |

**४.६.१ रणनीति**

१. संस्थाको वासलात व्यवस्थापन गर्न आवश्यकता अनुसार ऋण लगानी र बचत बृद्धि बढाउने।
२. लगानीका क्षेत्रहरु खोजी लगानी बढाउने।

**४.६.२ कार्य योजना**

१. वासलात बृद्धिका लागि बचत निक्षेप, ऋण, कोष, शेयर, लगानी अन्यको विस्तार गर्ने।

### ४.७. लक्ष्य ७: संस्थागत कार्यक्रम

सहकारी मुल्य मान्यताको आधारमा संस्थाका सदस्यहरुको आर्थिक सामाजिक विकास गर्न संस्थाले वार्षिक रुपमा नियमित रुपमा गर्नु पर्ने कार्य तथा संस्थागत कार्यक्रमहरु देहाय बमोजिम लक्ष्य निर्धारण गरिएको छ।

**४.७.१ रणनीति**

१. संस्थागत कार्यक्रमहरु कहिले कुन समयमा कसरी गर्ने भन्ने चालु वर्षको दोश्रो हप्ता सम्ममा उपसमितिले तयार गर्नु पर्ने।
२. हरेक कार्यक्रमहरु जिम्मेवारी दिई कार्य बिभाजन गर्नु पर्ने।
३. कार्यक्रमको उपलब्धी मापन गर्न सकिने हुनु पर्ने।
४. आवश्यकताको पहिचान गरि तालिम शिक्षा कार्यक्रम संचालन गर्नु पर्ने।
५. संस्थागत कार्यक्रमहरु समय सापेक्ष उपयुक्त धंगबाट सम्पादन गर्नु पर्ने।

**४.७.२ कार्य योजना**

१. चार वर्षिय ब्यवसायिक योजनाको आधारमा वार्षिक बजेटको व्यवस्था गर्ने।
२. वार्षिक संस्थागत कार्यक्रम तथा कार्य सम्पादनका लागि आवश्यक निश्चित व्यक्तिलाई जिम्मेवारी दिनु पर्दछ।
३. वार्षिक कार्यक्रमलाई मासिक रुपमा तालिका बनाई समयमै कार्य सम्पन्न गर्ने।

### ४.८. लक्ष्य ८: सामाजिक कार्यक्रम

सहकारीको सात वटा सिद्धान्त मध्ये समुदाय र सामाजिक विकास पनि एक भएकोले हरेक सहकारी संस्थाहरुले संस्थाको मुलभुत उद्देश्यका साथै सामाजिक क्रियाकलापहरु पनि गर्नु पर्दछ। सामाजिक कार्यक्रमले सदस्यहरुको सामाजिक विकास गर्न टेवा पुऱ्याउने भएबाट चेतना मुलक कार्यक्रम, स्वास्थ्य कार्यक्रमहरु सामाजिक कार्यक्रमको रुपमा लक्ष्य निर्धारण गरिएको छ।

**४.८.१. रणनीति**

१. सामाजिक कार्यक्रम सदस्य तथा समुदायलाई लक्षित गरि संचालन गर्नु पर्ने।
२. सामाजिक परीक्षण समेत वार्षिक रुपमा गर्नु पर्दछ।

**४.८.२ कार्ययोजना**

१. सामाजिक कार्यक्रम गर्दा समुदायलाई परिचालन गरि सहभागी गराउनु पर्ने।
२. अन्य सामाजिक संघ संस्थासंग सहकार्य गर्नु पर्ने।
३. सदस्यता बृद्धिका लागि जिम्मेवारी तोक्ने।
४. संस्थाको हरेक संस्थागत कार्यक्रम संस्थाको लक्ष्य अनुरुप बृद्धिमा कतिको योगदान पुऱ्याउने हो यकिन गर्ने।

### ४.९. लक्ष्य ९ः नीति तथा योजना संसोधन तथा परिमार्जन

सहकारीको सिद्धान्त मूल्यमान्यता ऐन नियमावली र संस्थाको नीति नियम अनुसार संस्था संचालन र सुचारु रुपमा कार्यान्वयन गर्नको लागि ऐन नियम अनुसार संस्थाको नीति, नियम, कार्यविधि र निर्देशिकाहरु अद्यावधिक गर्दै जानकोलागि यो लक्ष्य निधारण गरिएकोछ ।

**रणनीति**

१. संस्थाको नीति विधी सदस्य र समुदायलाई लक्षित गरि ऐन नियमसंग नवाझिने गरि तयार गर्ने एवं परिमाजित गर्ने ।

२. त्रैमासिक रुपमा न्यूनतम एकवटा नीति संसोधन परिमार्जन गर्ने ।

३. सरकारी एवं अन्य आवश्यक ऐन नियमहरुको संकलन गरि व्यवस्थित ठाउँमा सुरक्षण गर्ने ।

**कार्य योजना**

१. वार्षिक कार्य योजना तयार गरि उपसमितिमा मासिक रुपमा कार्य विभाजन गर्ने ।

२. कार्य योजना तयार गरि योजना बमोजिम नियमित रुपमा बैठक एवं प्रस्तुतिकरण गर्ने ।

### ४.१०. क्षमता विकास कार्यक्रम

संस्थामा आवद्ध विभागीय कर्मचारीहरुको पद बमोजिमको वार्षिक रुपमा क्षमता विकास तथा अभिबृद्ध गराउने तालिमको आयोजना एवं अन्य संघ संस्थाले आयोजना गरेको कार्यक्रममा सहभागिता गराउनु पर्ने । आवश्यकता अनुसार सहकारी शिक्षा प्राप्त गर्न सहकारी विषय अध्ययनको लागि समेत समय र खर्चको व्यवस्था गरि कर्मचारीको क्षमता विकास गर्ने योजना तय गरेको छ ।

### ४.११. शिक्षा तथा स्वास्थ्य कार्यक्रम

- संस्थामा आवद्ध सदस्यहरुलाई नियमित रुपमा निरन्तर सहकारी शिक्षा र सहकारी सम्बन्धी नीति नियमका वारेमा सभा बैठक गरि जानकारी गराउने । सदस्यहरुको स्वास्थ्य स्वस्थताको लागि समय समयमा स्वास्थ्य शिविरहरु संचालन गर्ने ।
- कर्मचारी र पदाधिकारीहरुकोलागि आवश्यक तालिम सभा सम्मेलनमा सहभागिता गराउने ।
- कर्मचारीहरुलाई श्रम ऐन अनुसारको बीमा तथा स्वास्थ्य उपचारको कार्यक्रममा सहभागिता गराउने ।

### ४.१२. भत्ता तथा पारिश्रमिक खर्च

- संस्थाका कर्मचारीहरुलाई नियमानुसारको सेवा सुविधा प्रदान गर्ने । यस वर्षको सेवा सुविधामा खाइपाई आएको सुविधामा १० प्रतिशतका दरले तलव बृद्धि गर्ने ।
- संस्थाका समिति उपसमितिका पदाधिकारीहरुको भत्ता सुविधामा संचालक समितिमा रु.२००।– र उपसमितिका बैठक भत्तामा रु.१००।– बृद्धि गर्ने ।

### ४.१३. कानुनी उपचारका खर्चहरू आदीमा केन्द्रीत भइ तयार भएको हो ।

संस्थाका ऋणी सदस्यहरुले ऋण सेवा उपभोग गरि संस्थाको नियमानुसार ऋणको तिर्न बुझाउनु पर्ने रकम नतिरेमा संस्थाको व्यवस्थापनवाट संस्थाको ऋण व्यवस्थापन नीति बमोजिम तौर ताकेता गर्दा पनि असुल उपर नभएमा कानुनी उपचार गरि असुल उपर गर्नको लागि कानुनी उपचार खर्चको व्यवस्था गरि असुल उपर गर्नु पर्दछ । जस अनुसार संस्थाको वित्तीय प्रशासन नीति बमोजिको खर्च व्यवस्था गरि ऋण असुली तथा निरिक्षण कार्यदल र कानुनी सल्लाहकार नियुक्त गरि असुल उपर यस आ.व मा गर्ने ।

# हार्दिक समवेदना

उल्लेखित संस्थाका सदस्यहरु यस आर्थिक वर्ष २०८१/०८२ मा असामयिक निधन भएकाहरु प्रति गहिरो दुःख प्रकट गर्दै शोकाकुल परिवारहरुमा यस श्री बाराही साकोस **हार्दिक समवेदना** व्यक्त गर्दछ ।

## आ.व. २०८१/०८२ मा राहत सुविधा प्राप्त गरेको सदस्यहरूको विवरण ।

| क्र.सं. | वितरण मिति | मृतकको नाम | सदस्य नं. | राहत वितरण रकम | क्रिया खर्च | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | २०८१-०४-१५ | गोपाल सुवाल | ९५५ | ५००००/- | ५०००/- | बिमाबाट |
| २ | २०८१-०५-२७ | पुर्ण भगत कसलवट | २४९४ | ५००००/- | ५०००/- | बिमाबाट |
| ३ | २०८१-०७-०४ | राजमति सुवाल | ९६ | ५००००/- | ५०००/- | बिमाबाट |
| ४ | २०८१-०७-२५ | मोहन माया खाताखो | २८५९ | ५००००/- | ५०००/- | संस्थाबाट |
| ५ | २०८१-०८-२० | पुर्ण माया दुमरु | ४७५१ | ५००००/- | ५०००/- | बिमाबाट |
| ६ | २०८१-०९-०४ | राज्यश्वरी फांजु | ३९५४ | ५००००/- | ५०००/- | बिमाबाट |
| ७ | २०८१-०९-२१ | कृष्ण प्रसाद सिल्पकार | ४१० | ५००००/- | ५०००/- | बिमाबाट |
| ८ | २०८१-०९-२३ | पदम लाल मानन्धर | ६४२ | ५००००/- | ५०००/- | संस्थाबाट |
| ९ | २०८१-१०-०६ | चन्द्र माया खिउाजु | ५३५४ | ५००००/- | ५०००/- | बिमाबाट |
| १० | २०८१-१२-०३ | विश्व राम ध्वजु | २०१६ | ५००००/- | ५०००/- | बिमाबाट |
| ११ | २०८१-१२-०३ | गोपाल बाबा वन | ४८४ | ५००००/- | ५०००/- | संस्थाबाट |
| १२ | २०८१-१२-०६ | कृष्ण प्रसाद कवां | ४००२ | ५००००/- | ५०००/- | बिमाबाट |
| १३ | २०८१-१२-१० | शैलजा जोशी | १५९४ | ५००००/- | ५०००/- | संस्थाबाट |
| १४ | २०८१-१२-२० | बुद्धि माया दुवालनी | २९४५ | ५००००/- | ५०००/- | बिमाबाट |
| १५ | २०८२-०१-०७ | केशव सांढ | २९५६ | ५००००/- | ५०००/- | बिमाबाट |
| १६ | २०८२-०१-१६ | रजनी महर्जन थुसा | ३८६९ | ५००००/- | ५०००/- | बिमाबाट |
| १७ | २०८२-०२-०३ | बुद्धि माया चौगुठी | ३२४१ | ५००००/- | ५०००/- | संस्थाबाट |
| १८ | २०८२-०२-०५ | राम कृष्ण बाईजु | ४०६६ | ५००००/- | ५०००/- | सस्थाबाट |
| १९ | २०८२-०२-२१ | आश राम लाखेभिद्यों | ३७१६ | ५००००/- | ५०००/- | बिमाबाट |
| २० | २०८२-०३-१२ | गोकुल बस्नेत | ४०२ | ५००००/- | ५०००/- | बिमाबाट |
| २१ | २०८२-०३-२६ | उमेश कबु | ५१०२ | ५००००/- | ५०००/- | बिमाबाट |

# श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि.

**भुलाँचा-४, भक्तपुर**

## मिति २०८२ भाद्र १६ गतेदेखि लागु भएको बचत तथा ऋणको व्याजदर

| क्र.सं. | आवधिक बचत शिर्षक | व्याजदर (%) | | | कैफियत |
|---|---|---|---|---|---|
| | | एकमुष्ट | त्रैमासिक | मासिक | |
| १ | ३ महिने | ३.५ | | | ६१ वर्ष देखिका जेष्ठ सदस्यहरुको आवधिक बचतमा कायम व्याजदरमा ०.२५ प्रतिशत थप हुनेछ । |
| २ | ६ महिने | ४ | ३.७५ | ३.५ | |
| ३ | १ वर्ष वा सोभन्दा माथि अवधिको | ५ | ४.७५ | ४.५ | |

| क्र.सं. | ऋण शिर्षक | व्याजदर (%) |
|---|---|---|
| १ | व्यापार/व्यवसाय ऋण | ९.७५ |
| २ | हायर पर्चेज ऋण | ९.७५ |
| ३ | सामाजिक ऋण | ११.०० |
| ४ | आवधिक बचत धितो ऋण | +२ |
| ५ | घडेरी/घर निर्माण ऋण | ९.७५ |
| ६ | शैक्षिक ऋण | ८.०० |
| ७ | कृषि ऋण | ७.०० |
| ८ | घरजग्गा व्यवसाय ऋण | ११.०० |
| ९ | पून निर्माण ऋण | ७.५० |
| १० | व्यवसायिक ऋण | ९.७५ |
| ११ | व्यवसाय ऋण | ९.७५ |
| १२ | उद्योग व्यवसाय ऋण | ७.५० |
| १३ | ३ महिने पुनरुथान ऋण | ७.०० |
| १४ | ६ महिने पुनरुथान ऋण | ८.०० |
| १५ | १ वर्ष पुनरुथान ऋण | ९.०० |
| १६ | व्यवसाय निरन्तरता ऋण | ९.०० |
| १७ | सामुहिक व्यवसाय ऋण | ७.५० |
| १८ | निक्षेप धितो ऋण | ७.५० |

| क्र.सं. | बचत शिर्षक | व्याजदर (%) |
|---|---|---|
| १ | नियमित बचत | ५.५ |
| २ | बाल बचत | ४.५ |
| ३ | खुत्रुके बचत | ४ |
| ४ | पेन्सन बचत | ६.५ |
| ५ | महशुल बचत | ४ |
| ६ | गहना बचत | ४ |
| ७ | सवारी साधन बचत | ४ |
| ८ | शैक्षिक बचत | ४ |
| ९ | ऐच्छिक बचत | ३ |
| १० | स्वास्थ्य बचत | ४ |
| ११ | बिमा बचत | ४ |
| १२ | दैनिक बचत | ३.५ |
| १३ | घर निर्माण बचत | ४ |






**जुनसुकै बैंक वित्तीय संस्थाको खातामा रहेको रकम Connect IPS मार्फत सिधै श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि. मा रहेको सदस्यको खातामा रकम ट्रान्सफर गर्न सकिने छ ।**




**Connect IPS बाट रकम Transfer गर्ने प्रक्रिया ।**

१. आफ्नो Connect IPS login गर्नुहोला ।
२. ड्यासबोर्डमा रहेको Financial Institution मा गई Co-operative transfer मा जानुहोस् ।
३. Sender details मा गई आफ्नो बैंक खाता छनौट गरी पठाउन चाहेको रकम भर्नुहोस ।
४. Benificiary Details मा गई service provider मा गई Shree Barahi Saving & Credit C0-operative LTD. Bhaktapur छनौट गरी श्री बाराही साकोसमा रहेका आ-आफ्नो खाता नं./मोइल नं./remark राखि payment गर्नुहोस ।
५. अन्तिममा verify transcation password मा गई आफ्नो connect IPS को transaction password राख्नुहोस ।







## सदस्य पहिचान (KYM) फारम भर्ने सम्बन्धी सूचना ।

नेपाल सरकार सहकारी विभागद्धारा जारी गरिएको सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी सहकारी संघ सस्थालाई जारी गरिएको निर्देशन २०७४ को नियम ३ अनुसार सस्थामा आवद्ध सम्पुर्ण शेयर सदस्यहरूले ३/३ वर्षमा वा सदस्यको व्यक्तिगत विवरण परिवर्तन (ठेगाना, सम्पर्क नं. र अन्य विवरण) भएमा पनि सदस्यता पहिचान फारम (KNOW YOUR MEMBER- KYM) भर्नुहुन यसै सूचना मार्फत सूचित गरिन्छ ।

**पुनश्च**:

नियमित मासिक बचत तथा सदस्यता पहिचान अद्यावधिक नहुने सदस्यहरूको खाता सुचारू नहुने समेत जानकारी गराइन्छ ।

## नियमित बचत गर्ने सम्बन्धी सूचना ।

उपरोक्त सम्बन्धमा यस संस्थामा आवद्ध सदस्यहरूले संस्थाको नियमानुसार नियमित मासिक बचत गर्नुपर्ने अवगतै होला ।

संस्थामा आवद्ध प्रत्येक शेयर सदस्यले संस्थाको नियमानुसार अनिवार्य गर्नुपर्ने नियमित मासिक बचत विगत केहि समयदेखि नियमित नगरेका सदस्यहरूले समयमै नियमित गरी दिनुहुन हार्दिक अनुरोध गर्दछ ।

नियमित बचत निरन्तरता नहुने सदस्य महानुभावहरूलाई सदस्य राहत सुविधा लगायत साधारण सभाको उपस्थिति तथा सभाबाट पाउने सेवा सुविधाबाट पनि बञ्चित हुने हुनाले नियमित मासिक बचत गर्नुहुन हार्दिक अनुरोध गर्दछ ।

साथै संस्थाको शेयर प्रवर्द्धन नीति अनुसार शेयर सदस्यहरूले पुऱ्याउनु पर्ने न्यूनतम शेयर पुँजी पुऱ्याउन समेत अनुरोध गर्दछ ।

# संस्थाको विविध गतिविधिहरूको फोटो




















# संस्थाको विविध गतिविधिहरूको फोटो






















# संस्थाको विविध गतिविधिहरूको फोटो























# संस्थाको विविध गतिविधिहरूको फोटो



















# श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि.

भुलाँचा-४, भक्तपुर

## २६ औं वार्षिक साधारण सभामा पेश भएको आ.व. २०८१/८२ को वार्षिक प्रगति प्रतिवेदनमा संस्थाका सदस्यहरुले पेश गर्ने जिज्ञासा तथा सुझाव फाराम

**१. सदस्यको विवरण :**

सदस्यको नाम: ..................................................

ठेगाना : ..................................................

सदस्यता नं. : ..................................................

**साधारण सभा समक्ष मेरो राय तपसिल बमोजिम रहेको छ।**

**२. सञ्चालक समितिको प्रतिवेदन सम्बन्धमा :**

..................................................

..................................................

..................................................

..................................................

..................................................

**३. लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा :**

..................................................

..................................................

..................................................

..................................................

..................................................

**४. लेखा परीक्षण प्रतिवेदन र सामाजिक परीक्षण प्रतिवेदन सम्बन्धमा :**

..................................................

..................................................

..................................................

..................................................

..................................................

**५. आ.व. २०८२/८३ को प्रस्तावित नीति तथा कार्यक्रमहरू र बजेट सम्बन्धमा :**

..................................................

..................................................

..................................................

..................................................

..................................................

**६. संस्थालाई थप सुझावहरू :**

..................................................

..................................................

..................................................

..................................................

..................................................

# टिपोट

## ऋण उप-समिति


पुर्ण प्रसाद दुवाल
संयोजक


श्यामकृष्ण गोजा
सदस्य


रवि ध्वजु
सदस्य

## शिक्षा उप-समिति


विश्वराम त्वायना
संयोजक


रवेन्द्र सुवाल
सदस्य


रोजिस त्वाती
सदस्य

## महिला उप-समिति


वञ्चल कर्मार्चाय
संयोजक


उर्मिला न्हुछे
सदस्य


हिरा देवी लोहला
सदस्य


गिता वाडे
सदस्य

## प्रकाशन उप-समिति


विष्णु प्रसाद सुवाल
संयोजक


रुमन श्रेष्ठ
सदस्य

## साँस्कृतिक तथा खेलकुद उप-समिति


सृजन ग्वाछा
संयोजक


न्हुछे लक्ष्मी सुजखु
सदस्य


सत्य लक्ष्मी गाईजु
सदस्य


अमित खोंजु
सदस्य

## सदस्य तथा बचत उप-समिति


सर्मिला मानन्धर
संयोजक


रचना खायमली
सदस्य


रितु वासुकला
सदस्य


जमुना त्वानावासु
सदस्य

## युवा तथा स्वास्थय उप-समिति


पुनेन्द्र प्रसाद कुसी
संयोजक


पुण्यकृष्ण भुजु
सदस्य


प्रविन दुवाल
सदस्य


रोसना सुवाल
सदस्य


सजिना प्रजापति
सदस्य

## व्यवसाय प्रवर्द्धन उप-समिति


कृष्ण प्रजापति
संयोजक


रामकृष्ण ग्वाछा
सदस्य


राम चन्द्र जोशी
सदस्य


विरेन्द प्रसाद गोसाई
सदस्य

## कृषि व्यवसाय ऋण
### (Agricultural Loan)





**७ %**

**सदस्यहरुले आधुनिक कृषि व्यवसाय तथा अन्य कृषि जन्य प्रांगारिक बिऊ बिजन उत्पादन, प्रशोधन तथा बजारीकरण गरी आयआर्जन गर्न ।**

उद्देश्य : कृषि उत्पादन बृद्धि गर्न
भाखा : बढीमा ७ वर्षसम्म ।
भुक्तानी : मासिक/त्रैमासिक/किस्ताबन्दी
सिमा : रू. २० लाखसम्म
शर्त : परिवर्तित ब्याजदर लागु हुनेछ ।

## उद्योग व्यवसाय ऋण
### (Industrial Loan)

**७.५ %**

**साना तथा ठूलो औद्योगिक व्यवसाय गरी रोजगारी सृजना तथा उत्पादन गरी आय क्षमता बढाउन सदस्यलाई दिइने ऋण ।**

उद्देश्य : उद्योग व्यवसायको क्षमता बढाउने ।
भाखा : बढीमा १० वर्षसम्म ।
भुक्तानी : किस्ताबन्दी ।
सिमा : प्राथमिक पूंजीको १०% सम्म ।
शर्त : परिवर्तित ब्याजदर लागु हुनेछ ।



## शैक्षिक ऋण
### (Educational Loan)

**८%**

**सदस्य तथा सदस्यका परिवारहरुलाई उच्च शिक्षा हासिल गर्न/गराउन आवश्यक ऋण सेवा ।**

उद्देश्य : उच्च शिक्षा हाँसिल गर्नको लागि ।
भाखा : बढीमा ७ वर्षसम्म ।
भुक्तानी : मासिक/त्रैमासिक ।
सिमा : अधिकतम रू.३० लाख सम्म ।
शर्त : परिवर्तित ब्याजदर लागु हुनेछ ।



## व्यापार/व्यवसाय ऋण
### (Business/Enterprenurs Loan)

**व्यापार व्यवसाय मार्फत सदस्यहरुको आय क्षमता बढाउने उद्देश्यले दिइने ऋण ।**

**९.७५ %**

उद्देश्य : सदस्यहरूको व्यवसायिक क्षमता बृद्धि गर्न ।
भाखा : बढीमा १० वर्षसम्म ।
भुक्तानी : किस्ताबन्दी ।
सिमा : प्राथमिक पूंजीको १०% सम्म ।
शर्त : परिवर्ति ब्याजदर लागु हुनेछ ।



## हायर पर्चेज ऋण
### (Hire Purchase Loan)




**संस्थाका सदस्यहरुलाई व्यवसाय गर्न वा व्यक्तिगत प्रयोगका लागि नीजि तथा भाडा सवारीसाधन खरिद गर्न दिइने ऋण सेवा ।**

**९.७५ %**

उद्देश्य : व्यवसायिक प्रयोजनका लागि सामान खरिद ।
भाखा : बढीमा ५ वर्षसम्म ।
भुक्तानी : अनिवार्य मासिक/किस्ताबन्दी
सिमा : सवारी साधानको मूल्यको ७०% वा च्यासीस बराबर
शर्त : परिवर्तित ब्याजदर लागु हुनेछ ।



## घर निर्माण ऋण
### (Home Loan)

**सदस्यहरुको आवास व्यवस्था गर्न घडेरी खरिद, घर निर्माण तथा घर मर्मत गर्न दिइने ऋण सेवा ।**

**९.७५ %**

उद्देश्य : सदस्यहरुको आवास निर्माणका लागि
भाखा : बढीमा १० वर्षसम्म ।
भुक्तानी : मासिक/त्रैमासिक/किस्ताबन्दी
सिमा : रू. ५० लाखसम्म
शर्त : परिवर्तित ब्याजदर लागु हुनेछ ।



## घरजग्गा व्यवसाय ऋण
### (Real State Loan)

**११%**

**घरजग्गामा लगानी गरी व्यवसाय मार्फत सदस्यहरुको आम्दानीको क्षमता बढाउन**

उद्देश्य : सदस्यहरूको व्यवसाय क्षमता बृद्धिका लागि ।
भाखा : बढीमा १० वर्षसम्म ।
भुक्तानी : मासिक/त्रैमासिक/किस्ताबन्दी
सिमा : प्राथमिक पुँजीको १०% सम्म
शर्त : परिवर्तित ब्याजदर लागु हुनेछ ।



## सामाजिक (अड्को पड्को) ऋण
### (Emergency Loan)

**११%**

**सदस्यहरुको दैनिक जीवनमा आइपर्ने समस्याहरु समाधान गर्न तोकिए बमोजिमको ऋण सामाजिक (अड्को पड्को) ऋण ।**

उद्देश्य : घर व्यवहारका लागि आवश्यकता पूर्ति गर्न ।
भाखा : बढीमा २ वर्षसम्म ।
भुक्तानी : मासिक किस्ताबन्दी ।
सिमा : अधिकतम रू. १० लाख सम्म ।
शर्त : परिवर्तित ब्याजदर लागु हुनेछ ।

